बाइबलका
शिक्षाहरुको श्रेणी ६



येशूको
जीवनको
बारेमा
स्व अध्ययन
पाठ्यपुस्तक

# यूहन्नाको सुसमाचार

# यूहन्नाको सुसमाचार

येशूको जीवनको बारेमा

स्व अध्ययन पाठ्यपुस्तक

Multi-Language Productions
Bringing the Word to the World

यो पुस्तकको मूल पाठ विस्कन्सिन इभान्जेलिकल लुथरन सिनोडको बहु-भाषिक प्रकाशनद्वारा लिखित उत्पादन गरिएको हो ।

मुद्रणाधिकार © २००९

२०११ म प्रकाशित

रंगिन तथा सादा दृष्यहरु ग्लेन मार्यसको कार्य हो । दृष्टान्तहरु नर्थ वेर्ष्टन पब्लिसिङ्ग हाउसले सुरक्षित राखेको छ ।

बाइबलका अंशहरु नेपाली पवित्र बाइबल न्यु रिभाइज्ड भर्सनबाट लिइएको हो ।

प्रतिलिपि अधिकार १९९७, २००९ नेपाल बाइबल सोसायटीको अनुमतिले प्रयोग गरिएको हो ।

पुस्तक १८

ꩠ

# विषय - सूची

प्रारम्भ ........................................................ १

अध्याय - १ :
यूहन्नाको सुसमाचारको लेखक को हुन ? .................... ३

अध्याय - २ :
येशू को हुनुहुन्छ ? ............................................ ११

अध्याय - ३ :
आफ्नो चिन्हद्वारा येशूले उहाँ परमेश्वर पुत्र हुनुहुन्छ भन्ने प्रमाणित गर्नुभयो ............................................ २९

अध्याय - ४ :
आफ्नो संकष्टको निम्ति येशूले आफ्ना चेलाहरु तयार पार्नुहुन्छ ........................................................ ५७

अध्याय - ५ :
येशू हाम्रो निम्ति मर्नुहुन्छ .................................... ७५

अध्याय - ६ :
मृतकबाट येशू पुनर्जीवित हुनुहुन्छ .......................... ९९

**निष्कर्ष :**
हाम्रो आशिष किनभने येशू परमेश्वर पुत्र हुनुहुन्छ भने यूहन्नाको सुसमाचारले हामीलाई सिकाउँदछ ............११३

शब्दावाली ....................................................११७

अध्याय परीक्षाका उत्तरहरु ...................................११९

नक्सा ..........................................................१२१

अन्तिम परीक्षा ...............................................१२२

# ❦ प्रारम्भमा

यो पुस्तकले तपाईको मुक्तिदाता येशू ख्रीष्टको बारेमा केही महत्वपूर्ण कुराहरु सिकाउनेछ । प्रत्येक अध्याय (*) यस्तो चिन्ह संकेत गरेको उद्देश्य सहित शुरु हुन्छ । यी उद्देश्यहरुले प्रत्येक अध्यायमा तपाईले के सिक्नुहुन्छ भन्ने बारे बताउनेछ । त्यसपछि, तपाईले केही हरफहरु पढ्नु हुनेछ अनि केही प्रश्नहरुको उत्तरहरु लेख्नुहुनेछ । प्रत्येक अध्यायको अन्तमा छोटो परीक्षा छ । यो परीक्षाका प्रश्नहरुले तपाईले त्यस अध्यायमा के पढ्नु भयो अनि के प्रश्नोत्तर गर्नुभयो भन्ने मात्र समेट्दछ ।

जब तपाई एउटा समूहको प्रश्नका उत्तरहरु सक्नुहुनेछ, तब तपाईलाई एउटा पृष्ठ संख्या दिइनेछ, जसमा तपाई आफ्ना उत्तरहरु हेर्न सक्नुहुनेछ । अगाडि पढ्नु भन्दा पहिला आफ्ना उत्तरहरु जाँच्नुहोस् ।

पुस्तकको अन्तमा अन्तिम जाँच रहेको छ । यो अन्तिम जाँचका प्रश्नहरुका उत्तरहरु दिनु भन्दा पहिले पछिल्ला अध्यायका जाँचहरु दोहऱ्याउनुहोस् । जब तपाई अन्तिम जाँच पुरा गर्नु हुनेछ, तब तपाई कि त जसले यो पुस्तक दिएको हो, उनैलाई यो जाँचको उत्तर पुस्तिका फिर्ता पठाई दिन सक्नु हुनेछ, यो पुस्तकको पछाडि दिइएको ठेगानामा इमेलद्वारा पठाउन सक्नुहुनेछ ।

हामी प्रार्थना गर्दछौं कि जब तपाई यूहन्नाको सुसमाचारमा व्यक्त गरिएका येशू ख्रीष्टको जीवन अनि उहाँले तपाईलाई गर्नुभएको उपकारको कारणले गर्दा तपाई सदा-सर्वदा उहाँसँगै स्वर्गमा बस्न सक्नुहुनेछ भन्ने पढ्नु हुन्छ, तब परमेश्वरले आशिष दिनुहुनेछ ।



येशू स्वर्गमा उक्लनु हुन्छ ।



## यूहन्नाको सुसमाचारका लेखक को हुन ?

उनी येशू ख्रीष्टका चेला थिए । येशूका बाह्र जना चेलाहरुमध्ये यूहन्ना येशूद्वारा विशेष गरी चुनिएका थिए । उनी मात्र एक यस्ता चेला थिए जसको स्वभाविक मृत्यु भयो र उनका शत्रुहरुद्वारा मारिएनन् । उनी १०० वर्षको बुढेसकालसम्म बाँचे । उनले बाइबलको नयाँ करारका पाँच वटा पुस्तकहरु लेखे । हामीले अहिले पढ्न चाहेको बाइबलको यो पुस्तकको लेखक उनी नै हुन् ।

यूहन्नाको सुसमाचार पढ्दा खेरि, यस अध्यायमा हामी जान्न चाहन्छौं :

* यो सुसमाचार लेख्ने यूहन्ना को हुन् ?

अनि

* यूहन्नाले यो सुसमाचार किन लेखे ?

मेरो नाम यूहन्ना हो । जब म जवान थिए, त्यति बेलै येशूले मलाई उहाँका प्रेरितहरु मध्ये एक हुनको निम्ति विशेष आव्हान गर्नुभयो । हामीहरु जम्मा बाह्र जना थियौं, जसलाई येशू

उहाँका प्रेरितहरु भनि सम्बोधन गर्नु हुन्थ्यो । तपाईले अरु केही मानिसहरुको नाम सम्झन सक्नु हुन्छ, जो प्रेरितहरु थिए । जस्तै : पत्रुस ।

त्यति बेला बप्तिस्मा - दिने यूहन्ना नाम गरेका अर्का पनि मानिस थिए, जसलाई बाइबल पढ्नेहरु चिन्दछन् । म चाहिँ बप्तिस्मा- दिने यूहन्ना होइन । बप्तिस्मा - दिने यूहन्ना ती मानिस थिए, जसले येशूको निम्ति मार्ग तयार गरे ।

बप्तिस्मा- दिने यूहन्नाको बारेमा पुरानो करारमा चर्चा गरिएको थियो । बप्तिस्मा दिने यूहन्नाले येशूलाई बप्तिस्मा दिए । बप्तिस्मा दिने यूहन्नाले उनका समयका मानिसहरुलाई पश्चात्ताप गर्न लगाए । तर म बप्तिस्मा-दिने यूहन्ना होइन ।

अब तपाईले यूहन्नाको सुसमाचारको अध्याय एकको पद १९ देखि २३ सम्म बप्तिस्मा- दिने यूहन्ना बारे पढ्नु पर्नेछ । बप्तिस्मा दिने यूहन्नाले यरुशलेम शहर देखि यर्दन नदीसम्म वरिपरि प्रचार गरे (पृष्ठः १२१ मा दिइएको मान चित्रमा हेर्नुहोस्) । मानिसहरु उनीबाट बप्तिस्मा लिन नदीमा पुग्दथे । उनीकहाँ ( बप्तिस्मा लिन) आउने मानिसहरु मध्ये केही यहूदी धर्मगुरु पनि थिए । ती धर्मगुरुहरुले उनलाई केही प्रश्नहरु गरे । उनी ख्रीष्ट हुन कि भन्ने जिज्ञासा तिनीहरुले प्रकट गरे । तर बप्तिस्मा दिने यूहन्नाले आफू ख्रीष्ट नभएको जवाफ दिए । उनी अगमवक्ता हुन कि भनी तिनीहरुले सोधेकोमा उनले "होइन" भन्ने जवाफ फर्काए । "तिमी को हौ त ?" उनलाई तिनीहरुले सोधे । उनले जवाफ दिए, " पुरानो करारमा यशैया अगमवक्ताले भने झैं, परमप्रभुको मार्ग तयार पार्ने एक व्यक्तिको आवाज म हूँ ।" बप्तिस्मा दिने यूहन्नाले येशू त्यस्तो व्यक्ति हुनुहुन्छ, जो संसारका सबै मानिसहरुको मुक्तिदाता हुनुहुन्छ भन्ने संकेत गरे ।

उनले आफू बप्तिस्मा दिने यूहन्ना भन्दा येशू कैयौं गुणा महान हुनुहुन्छ भन्ने अभिव्यक्ति दिए ।

१. त्यहाँ ________ जना मानिसहरु थिए, जसलाई येशूले विशेष रुपले आफ्ना ____________बन्न आव्हान गर्नुभयो ।
२. प्रेरित यूहन्ना ______ ______ ______भन्ने चाहिँ होइनन् ।
३. बप्तिस्मा - दिने यूहन्नाले आफू _____ होइन भनेर बताए ।
४. बप्तिस्मा - दिने यूहन्नाले _________________ नै त्यस्तो व्यक्ति हुनुहुन्छ, जो संसारका सबै मानिसहरुको ________________ हुनुहुन्छ भन्ने संकेत गरे ।

(आफ्नो उत्तरहरु पेज नं ९ मा हेर्नहोस् )

म बप्तिस्मा दिने यूहन्ना होइन । तर म "त्यो चेला हुँ- जसलाई येशूले प्रेम गर्नु हुन्थ्यो ।" यूहन्नाको अध्याय १९ को पद २५ देखि २७ सम्म पढ्नुहोस् । जब येशूलाई किला ठोकेर क्रूसमा टाँगियो, त्यसबेला उहाँका धेरै मित्रहरु क्रूसनिर उभिई रहेका थिए । तिनीहरु मध्ये येशूकी आमा र उहाँको चेला, म पनि थियौं । बाइबलले यस प्रेरितलाई "उहाँको प्यारो चेला" भनेर सम्बोधन गर्दछ । येशूले उहाँको आमा र मलाई क्रूसको नजीकै उभिएको देख्नुभयो अनि मलाई उहाँकी आमाको हेर बिचार गर्नु भनी अह्राउनु भयो । उहाँले आफ्नी आमालाई भन्नुभयो,

"नारी, हेर्नुहोस, तपाईको छोरो ।" अनि उहाँको प्यारो चेला, मलाई उहाँले भन्नुभयो, "हेर, तिम्री आमा ।" त्यसै दिनदेखि येशूकी आमा, मरियमलाई मैले रेखदेख गर्न थालें । उनको आमाको साथमा येशू नभए पनि उनको हेर विचार हुनेछ भनी येशू निश्चित

हुनुहुन्थ्यो । मरियमको रेखदेख गर्नको निम्ति म, यूहन्ना चुनिएको थिए ।

५.	बाइबलले प्रेरित यूहन्नालाई _______ गर्नु हुने चेला भनेर सम्बोधन गर्दछ ।
६.	_______ को रेखदेख गर्नको् निम्ति यूहन्ना चुनिएका थिए ।

(आफ्नो उत्तरहरु पेज नं ९ मा हेर्नुहोस्)

म, यूहन्नाले नै यूहन्नाको सुसमाचार लेखेको हुँ । सुसमाचारको अर्थ असल समाचार हो । मेरो सुसमाचारले तपाईलाई असल समाचार बारे बताउँदछ कि तपाईको स्थान लिएको कारणले, साँचो जीवन बिताएकोले अनि तपाईको पापको सजाय मार्फत क्रूसमा मर्नु भएकोले येशू तपाईको मुक्तिदाता हुनुभएको छ । त्यसपछि येशू परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने शक्ति प्रदर्शन गर्नको निम्ति मृत्युबाट पुनर्जीवित हुनु भयो । यो पुस्तक पढ्दै जाँदा, यो कुरो साँचो हो भन्ने कुरा तपाई थाहा पाउनु हुनेछ ।

मैले धेरै पुस्तकहरु लेखें जुनहरु नयाँ करारमा पाइन्छन् । मैले तीनवटा पत्रहरु पनि लेखें । यी तीन वटा पत्रहरु सबैले पढुन भनेर लेखिएका थिए । यी पत्रहरु मानिसहरुलाई झूटा शिक्षकहरुबारे सतर्क गराउनको निम्ति अनि परमेश्वको वचन अनुसार चल्नको निम्ति प्रोत्साहित गर्नलाई लेखिएका थिए ।

ब म बूढो भए, तब म पत्मोस भन्ने टापुमा पठाइए अनि त्यसबेला मैले पवित्र आत्मा परमेश्वरको बचन प्रकाशको रुपमा पाए, जुन मैले नयाँ करारको अन्तिम पुस्तक, प्रकाशमा उतारें । यो प्रकाशको पुस्तक, भविष्यवाणीको पुस्तक हो जसले नयाँ करार भरि नै के हुनेछ, त्यसको बारेमा बताउँदछ । यसले हामीलाई बताउँदछ

कि शैतानले हाम्रो निरन्तर रुपमा परीक्षा लिइ रहने छ अनि हाम्रो विश्वास भत्काउने कोशिस गर्नेछ । तर येशूले शैतानलाई हाम्रो जीवनमा पराजित गर्नु हुनेछ अनि हामीलाई हाम्रो सुन्दर जीवन, स्वर्गीय घरतर्फ डोऱ्याउनु हुनेछ । त्यहाँ हामी परमेश्वरको उपस्थितिमा येशूसँगै विश्वासीहरु अनि पवित्र स्वर्गदूतहरुसँग सदा-सर्वदा रहनेछन ।

परमेश्वरले बाइबलका सबै लेखकहरुलाई शब्दहरु र विचारहरु फुकि दिनुभयो ताकि तपाईलाई पढ्नको निम्ति अभिलेख हुन सकोस् । यसमा मेरो सुसमाचार समावेश छ, जुन म तपाईलाई बताउन चाहन्छु, साथै मेरा तीनवटा पत्रहरु तथा पत्रहरु, १ यूहन्ना, २ यूहन्ना, अनि ३ यूहन्ना र प्रकाशको पुस्तक समेत समावेश छन् ।

७. सुसमाचार शब्दको अर्थ ________ ____________ हो ।

८. प्रेरित यूहन्नाले तीनवटा ____________ तथा पत्रहरु लेखे ।

९. नयाँ करारको अन्तिम पुस्तक ________________को पुस्तक भनेर प्रचलित छ ।

१०. परमेश्वरले बाइबलका सबै लेखकहरुलाई उहाँको ________ र विचार ____________ भयो ताकि तपाईलाई पढ्नको निम्ति अभिलेख हुन सकोस् ।

(आफ्नो उत्तरहरु पेज नं ९ मा हेर्नुहोस्)

मैले यो सुसमाचार किन लेखें भन्ने सम्बन्धमा अब म तपाईलाई बताउन चाहन्छु । मैले यो सुसमाचार लेख्नु अगावै तीन वटा अन्य सुसमाचारहरु लेखि सकिएका थिए । ती मानिसहरु येशूका चेला थिए र मत्ती एक जना कर उठाउने मानिस, जसले येशूमाथि विश्वास गर्दथे, लगायतले यी तीनवटा पहिलेका सुसमाचारहरु लेखेका थिए । दोस्रो सुसमाचारका लेखक मर्कूस थिए

अनि लूका, औषधी गर्ने एक जना डाक्टरले तेस्रो सुसमाचार लेखेका थिए । मेरो यूहन्नाको सुसमाचारले येशूको जीवनमा घटेका धेरै घटनाहरु समावेश गरेको छ, जुन अरु सुसमाचारहरुमा उल्लेख गरिएको छैन । साथै, मैले येशूले व्यक्त गर्नु भएका धरै वचनहरु समावेश गरेको छु, जुन अन्य लेखकहरुले आफ्ना सुसमाचारमा समावेश गरेका छैनन् । यस संसारमा येशूका अन्तिम दिनहरुमा उहाँद्वारा अभिव्यक्त वचनहरु अनि क्रियाकलापहरु मेरो यूहन्नाको सुसमाचारको आधा भन्दा बढी भागमा समावेश छन् । मेरो सुसमाचार पढ्ने मानिसहरुलाई म येशू परमेश्वरका पुत्र हुनुहुन्छ, जसलाई परमपिता परमेश्वरले हाम्रा मुक्तिदाता हुनको निम्ति पठाउनुभयो भनेर जानुन अनि विश्वास गरुन भन्ने चाहन्छु । येशूका चिन्हहरु अनि उहाँका क्रियाकलाप, जस्तैः मृत्युबाट पुनर्जीवित हुनुले उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने प्रमाणित गर्दछ ।

११. यूहन्नाले आफ्नो सुसमाचार लेख्न अगावै ________ वटा सुसमाचारहरु लेखि सकिएका थिए ।

१२. हाम्रो बाइबलका ती तीनवटा अन्य सुसमाचार लेख्ने मानिसहरु _______, _________ अनि ________ थिए ।

१३. उनको सुसमाचार पढ्ने मानिसहरुलाई यूहन्ना चाहन्थे कि येशू ______________________ हुनुहुन्छ भनी तिनीहरुले जानुन अनि ________________ गरुन् ।

१४. येशूका चिन्हहरु अनि क्रियाकलापहरु, जस्तैः मृत्युबाट ________ हुनुले उहाँ ______________ ________ हुनुहुन्छ भन्ने प्रमाणित गर्दछ ।

(आफ्नो उत्तरहरु पेज नं ९ मा हेर्नुहोस्)

# अध्याय एकको पुनरावलोकन

उनी जवान मानिस हुँदा खेरि नै येशूले यूहन्नालाई प्रेरित हुनको लागि आव्हान गर्नुभएको थियो । उनी बप्तिस्मा-दिने यूहन्ना होइनन्, जो अर्कै मानिस हुन- जसले येशूको आगमनको लागि मानिसहरुलाई तयार पारेका थिए ।

जब येशू क्रूसमा मर्दै हुनुहुन्थ्यो, उहाँले आफ्नो प्यारो चेला, यूहन्नालाई येशूकी आमा, मरियमलाई रेखदेख गर्न अह्राउनुभयो ।

यूहन्नाले यूहन्नाको सुसमाचार, तीन वटा पत्र तथा पत्रहरु, १ यूहन्ना, २ यूहन्ना र ३ यूहन्नाको साथमा प्रकाशको पुस्तक लेखे ।

यी सबै पुस्तकहरु तपाईको बाइबलको नयाँ करारमा पाइन्छ । बाइबलका सबै वचनहरु जुन लेखकहरुले लेख्नै पर्ने थियो, ती पवित्र-आत्माले उनीहरुमा प्रश्वास गर्नु भएको थियो ।

अन्य- तीनवटा सुसमाचारहरुमा उल्लेख नगरिएका येशूका जीवनमा घटेका घटनाहरु र उहाँका वचनहरु यूहन्नाले लेखेका छन् । यूहन्नाले येशूका चिन्हहरु अनि अरु घटनाहरु उल्लेख गरेका छन् ताकि येशू परमेश्वरका पुत्र हुनुहुन्छ भनी हामीले विश्वास गर्न सकौं ।

**अध्याय एकको प्रश्नहरुको उत्तरहरु :-**

१. बाह्र, प्रेरितहरु, २. बप्तिस्मा-दिने यूहन्ना, ३. ख्रीष्ट, ४. येशू, मुक्तिदाता, ५. प्रेम, ६. मरियम, ७. असल समाचार, ८. पत्र, ९. प्रकाश, १०. वचन, फुकिदिनु, ११. तीन, १२. मत्ती, मर्कूस, लूका, १३. परमेश्वरको विश्वास, १४. पुनर्जीवित, परमेश्वरको पुत्र

## अध्याय एकको परीक्षा

१. प्रेरित त्यो व्यक्ति हो जसलाई येशूले विशेष गरेर ____________ गर्नु भएको थियो ।

२. बप्तिस्मा- दिने यूहन्नाले _____ को आगमनको तयारी गरे ।

३. बप्तिस्मा- दिने यूहन्नाले यर्दन नदीमा येशूलाई ______________ दिए ।

४. यूहन्ना, जसले यो सुसमाचार लेखे, र बप्तिस्मा-दिने यूहन्ना एउटै/एकैजना __________।

५. सुसमाचार लेखक यूहन्ना येशूद्वारा ____गरिएका चेला थिए ।

६. येशूले ______________ नाम गरेकी आफ्नी आमाको रेखदेख गर्न भनी यूहन्नालाई अऱ्हाउनु भयो ।

७. यूहन्नाले नँया करारमा भएका ________वटा पत्र-रचना तथा पत्रहरु लेखे ।

८. नयाँ करारमा भएको __________भन्ने पुस्तक पनि यूहन्नाले लेखेका हुन् ।

९. यूहन्नाले हामीलाई बताउँदछ्न कि येशू हाम्रा मुक्तिदाता हुनुहुन्छ, जसले हाम्रो स्थान लिनुभयो, अनि __________ जीवन बाचेर अनि हाम्रो पापको निम्ति ________ मा मृत्यु वरण गरेर हामीलाई पापबाट मुक्ति दिनुभयो ।

१०. _______________ ले बाइबल पुस्तकका लेखकहरुलाई तिनीहरुले लेख्नुपर्ने वचन तिनीहरुमा फुकि दिनुभयो ।

११. यूहना चाहन्थे कि उनको सुसमाचार पढ्ने मानिसहरुले येशू _________ हुनुहुन्छ भनी ___________ _____ गरुन् ।

(आफ्नो उत्तरहरु पेज नं ११९ मा हेर्नुहोस्)



# अध्याय - दुई

## येशू को हुनुहुन्छ ?

अब हामी यूहन्नाले लेखेको सुसमाचारलाई विस्तृत रुपमा हेरौं । जब यूहन्ना येशूका चेला थिए, त्यस अवधि तथा येशू सम्पूर्ण मानव जातिको मुक्तिदाता हुने काम सम्पन्न गर्न तीन वर्ष अगाडि उनी येशूसँगै रहेर काम गरे । ती तीन वर्षमा येशूले धेरै नै आश्चर्यकर्महरु गर्नुभयो । साथै, उहाँले आफ्ना चेलाहरुलाई शिक्षा दिँदा, उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने धेरै कुराहरु आफ्ना बारेमा बताउनुभयो । यस पाठमा हामी सिक्न चाहन्छौं :

* येशूले "म हूँ " भनेको अर्थ के हो : , र
* उहाँ को हुनुहन्छ अनि उहाँले हाम्रो लागि के गर्नु भएको छ भन्ने बारे उहाँले हामीलाई कसरी बताउनु हुन्छ ।

"म हूँ" भनेर येशूले धेरै पल्ट नै भन्नुभयो । उहाँले भन्नुभयो, "जीवनको रोटी म हुँ (यूहन्ना ६:३५) ।

यूहन्ना ८:१२ मा उहाँ हामीलाई भन्नुहुन्छ, "म संसारको ज्योति हुँ ।" उहाँले यो पनि भन्नुभयो, "म दाखको बोट हुँ ।

तिमीहरु चाहिँ हाँगाहरु हौ” (यूहन्ना १५: ५ ) । उहाँले “म हुँ” भन्ने वचन अन्य धेरै अवसरमा प्रयोग गर्नु भएको छ ।

“म हुँ” भन्ने वचनबाट हामीले के कुरा सिकून भन्ने येशू चाहनुहुन्छ ?

यी म हुँ, भन्ने वचनहरु पुरानो करारमा भेटिन्छ जब परमेश्वरले मोशालाई मिश्र देशमा रहेका इस्राएलीहरुलाई दासत्वबाट मुक्त गर्न अह्वाउनुभयो । परमेश्वर जलिरहेको पोथ्रामा मोशा सन्मुख प्रकट हुनु भयो (प्रस्थान ३:१-२२ पढ्नुहोस्) । “म हुँ” ले उनलाई पठाउनु भएको हो भनी मोशाले अरु मानिसहरुलाई बताउनु पर्दथ्यो । “म हुँ ” भन्ने वचनहरु हिब्रू भाषा, जसमा पुरानो करार लेखिएको थियो, याह(यहोवा) भन्ने शब्द उस्तै नै बुझिन्छ, जसको शाब्दिक अर्थ परमेश्वरको वचन हो । जब येशू “म हुँ भन्नुहुन्छ उहाँ संसारको मुक्तिदाता हुनको निम्ति पिता परमेश्वरबाट पठाइनु भएका साँचो परमेश्वर हुनुहुन्छ भनेर हामीलाई शिक्षा दिइरहनु भएको छ । अर्को शब्दमा, यूहन्नाको अध्याय १० मा जब येशू “म असल गोठालो हुँ” भन्नुहुन्छ, तब उहाँ हामीलाई सम्झाउँदै हुनुहुन्छ कि हाम्रो जीवनमा डोऱ्याउने साँचो परमेश्वर उहाँ नै हुनुहुन्छ र साथै गोठालोले झैं सामना गर्ने खतराबाट सुरक्षित राख्ने पनि उहाँ नै हुनुहुन्छ ।

१. उहाँ ________ हुनुहुन्छ भन्ने देखाउनको निम्ति येशूले धेरै कुराहरु बताउनुभयो ।

२. उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने हामीलाई बताउनको निम्ति येशूले धेरै पल्ट ________ भन्नुभयो ।

३. “म हुँ” वचनले ________ को दायित्वलाई संकेत गर्दछ, जब परमेश्वर जलिरहेको पोथ्रामा प्रकट हुनु भयो ।



जलिरहेको पोथ्रा सामू मोशा

४.	जब येशू "म हुँ" भन्नु हुन्छ, उहाँ ______ ______ हुनुहुन्छ भनेर हामीलाई शिक्षा दिइरहनु भएको छ ।

(आफ्नो उत्तरहरु पेज नं २६ मा हेर्नुहोस्)

अरु धेरै विभिन्न समयमा यस संसारमा रहँदा खेरि उहाँको जीवनमा घटेका घटनाहरुद्वारा येशू हाम्रो लागि परिचित हुनु भएको छ ।

येशू वचन हुनुहुन्छ -यूहन्ना १:१-१४ पढ्नुहोस् ।

यी माथिका वचनमा येशूले आफ्नो बारेमा अनेक महत्वपूर्ण कुराहरु भन्नु भएको छ । यूहन्नाको सुसमाचारको सवभन्दा पहिलो पदमा येशू संसारको प्रारम्भमा नै हुनुहुन्थ्यो भनिएको छ । उहाँ स्वयंले आफूलाई "वचन" भनी सम्बोधन गर्नुभएको छ । उहाँ परमेश्वरसँगै अनि खास गरेर उहाँ स्वयं परमेश्वर हुनुहुन्छ भनेर हामीलाई सम्झाउनु हुन्छ । हामी बस्ने संसारको सृष्टि गर्दा खेरि नै उहाँ पिता परमेश्वर अनि पवित्र आत्मासँगै हुनुहुन्थ्यो । यो वचन( परमेश्वर पुत्र येशू) जीवन हो, जसले हामीलाई जीवन दिनुहुन्छ अनि पाप र अविश्वासको अन्धकारबाट मुक्तिको उज्यालोमा ल्याउनु हुन्छ । यस संसारका धेरै मान्छेहरु उहाँको क्षमाको सन्देशप्रति ध्यान दिँदैनन् । तर येशूले हामीलाई भन्नुहुन्छ कि उहाँलाई विश्वास गर्नेहरु अनि उहाँको पछयाउनेहरु परमेश्वरका सन्तान हुनेछन् । समग्रमा यो पदको अन्तिम पाठ "अनि वचन देहधारी हुनुभयो" ले हामीलाई बताउँदछ कि येशू बेथलेहम भन्ने सानो गाउँमा जन्मनु भयो र उहाँ सत्यता र अनुग्रहले पूर्ण परमेश्वरबाट सित्तैमा प्राप्त प्रेम, अर्थात उहाँले हामीलाई दिनुभएको सबै नै शिक्षा सत्य हुन् ।

यी वचनहरुले गर्दा येशूको बारेमा अरु कुरा जान्नको लागि हाम्रो हृदय हर्षले भरिन्छ । हामीले परमेश्वरलाई धन्यवाद दिनु अनि

प्रशंसा गर्नु पर्दछ किनकी उहाँले हामीलाई भन्नुभएको छ कि येशूले साँचो परमेश्वरको हैसियतले यो हाम्रो संसार सृष्टि गर्नु भयो अनि हामीलाई येशूमाथि विश्वास गर्नाले अनन्तसम्म मुक्ति प्राप्त हुनेछ भनी देखाउनको निम्ति यस संसारमा जन्म लिनु भयो । येशू माथिको यस्तो विश्वास हामीले गरेको कुनै काम चाहिँ होइन । विश्वास पवित्र आत्मा परमेश्वरको उपहार हो जुन हाम्रो हृदयमा रहन्छ । येशूमाथिको विश्वासले हाम्रा पापहरु क्षमा गरिन्छन् अनि हामीलाई उहाँले स्वर्गतर्फ डोऱ्याउनु हुन्छ । परमेश्वरले तपाईलाई जे गर्नु भएको छ त्यसको लागि धन्यवाद दिनुहोस् ।

५. येशू, वचनको रुपमा, परमेश्वर ____________ अनि ______________________ नै हुनुहुन्छ ।

६. येशूले हामीलाई भन्नुहुन्छ कि उहाँलाई विश्वास गर्नेहरु अनि उहाँलाई पछयाउनेहरु परमेश्वरका ______________ हुनेछन् ।

७. विश्वास _____________ ले गरेको कुनै काम चाहिँ होइन तर ________ _________ परमेश्वरको उपहार हो ।

(आफ्नो उत्तरहरु पेज नं २६ मा हेर्नुहोस्)

<u>परमेश्वरका थुमा येशू</u> - यूहन्ना १:२९ - ३४ पढ्नुहोस् ।

येशूलाई बप्तिस्मा दिइसकेपछि, बप्तिस्मा दिने यूहन्ना, अर्को मानिसले येशूलाई आफूतिर आइरहनु भएको देखेर भने, “हेर संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा !” परमप्रभु येशूको मार्ग तयार पार्ने मानिस बप्तिस्मा -दिने यूहन्ना नै थिए । उनले मानिसहरुमाझ सुसमाचार प्रचार गरेर अनि तिनीहरुलाई बप्तिस्मा

दिएर नै सो कार्य सम्पन्न गरे । उनले येशूलाई पनि बप्तिस्मा दिए । अब उनी येशूलाई देख्दछन अनि “परमेश्वका थुमा” भनेर सम्बोधन गर्दछन् ।

यी वचनहरुले हामीलाई इस्राएलका मासिहरुका जीवनमा घटेका घटनाको स्मरण गराउँदछ । मोशा मिश्र देशमा रहेका इस्राएलका सन्तानहरुलाई दासताबाट छुटकारा दिने मानिस हुन पुगे । मिश्रका शासकले परमेश्वरका मानिसहरुलाई छोड्न चाहेको थिएन । तब, त्यो शासकबाट इस्राएलीहरुलाई छुटाउन निम्ति परमेश्वरले अनेक विपत्तिहरु पठाउनुभयो । ति मध्ये अन्तिम विपत्ति चाहिँ प्रत्येक परिवारका पहिले जन्मेकालाई मार्न मृत्युको दूत पठाउनुभयो, (प्रस्थान १२ः १ - १३ पढ्नुहोस्) इस्राएलका प्रत्येक मानिसहरुलाई खोटरहित पाठो मार्न अनि त्यसको रगत ढोकाको चौकोसका दुइपट्टिका खम्बाहरु र माथिल्लो भागमा पोत्न लगाएर परमेश्वरले तिनीहरुलाई बचाउनु भयो । जब मृत्युको दूतले त्यो रगत देख्दछन् तब त्यस घरलाई छोडि दिनेछन् अनि कोही मर्ने छैनन् । यसलाई निस्तार-चाड भन्ने गरियो अनि यो इस्राएलका सन्तानहरुले हरेक वर्ष चाडको रुपमा मनाउन थाले ।

अब, बप्तिस्मा- दिने यूहन्नाले येशूलाई “परमेश्वरको थुमा” भनेर नामाकरण गर्दछन् । उनको भनाइको तात्पर्य के हो भने येशूको रगतले हामीलाई बचाउँछ अनि हाम्रो यो सांसारिक जीवनको अन्त्यमा हुने मृत्युसँग डराउनु पर्दैन किनकि स्वर्गमा हाम्रो अनन्त जीवन हुनेछ । यो हाम्रो जीवनमा हुने नै छ किनकि संसारका सबै मानिसहरुको पाप येशूको रगतले लैजानेछ । येशूले



थुमाको रगत ढोकाको चौकोसको दुईपट्टिका खम्बाहरुमा पोत्न लगाइएको ।

उहाँको पीडा र मृत्युद्वारा अनि क्रूसमा उहाँको रगत बगाएर हाम्रो सम्पूर्ण पाप हरण गर्नु भयो ।

येशू परमेश्वरको थुमा जसले संसारको पाप लैजानु हुन्छ भन्ने परमेश्वरका वचनका प्रत्येक साँचो प्रचारक तथा शिक्षकरुको सन्देश हो ।

येशू नै एक हुनुहुन्छ, जसले—हामीलाई पापबाट र मृत्युको डरबाट बचाउनुहुन्छ र नरक भन्ने सन्देशले येशूमाथि विश्वास गर्ने (ईसाइ) प्रत्येकलाई जीवन अनि स्वर्गमा अनन्त मुक्ति दिँदछ । धन्य परमेश्वर !

८. मिश्र देशमा परमेश्वरले पठाउनु भएको अन्तिम विपत्ति चाहिँ प्रत्येक परिवारका पहिले जन्मेकालाई मार्न
____________ ________ पठाउनु भयो ।

९. थुमाको रगतले मृत्युदूतलाई इस्राएलका घरहरुलाई
________ __________ लगाउने छ ।

१०. क्रूसमा बगेको येशूको रगतले संसारका सबै मानिसहरुको
_________ हटाई दिन्छ ।

(आफ्नो उत्तरहरु पेज नं २६ मा हेर्नुहोस्)

<u>येशू संसारको मुक्तिदाता हुनुहुन्छ</u> - यूहन्ना ३:१६ पढनुहोस् ।

बाइबलमा पाइएको सबै भन्दा सुन्दर अनि सबै भन्दा प्रसिद्ध बचनहरु मध्येको एउटा वचन यूहन्नाको ३:१६ हो । यो वचन येशूले निकोदेमस भन्ने धर्मगुरुलाई शिक्षा दिँदा व्यक्त गर्नु भएको थियो । परमेश्वरले उनलाई अनि सबै मानिसहरुलाई अगाध प्रेम गर्नुहुन्छ

भनेर येशूले बताउनुभयो । येशूले पिता परमेश्वरको प्रेम, परमेश्वरको पुत्र, येशूको प्रेम, अनि परमेश्वरको प्रेम पवित्र आत्माको प्रेमबारे बताउनु हुन्छ ।

पिता परमेश्वरको सितैमा दिइने प्रेम “परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो” भन्ने वचनमा पाइन्छ । हाम्रो यस संसारका मानिसहरुसँग परमेश्वर रिसाएको हुनुपर्छ ।

उहाँले जब यो संसारको सृष्टि गर्नुभयो त्यस बखत उहाँले हाम्रा प्रथम पुर्खा, आदम र हव्वालाई स्थापित गर्नुभयो, जो परिपूर्ण संसारमा निर्दोष र पापरहित थिए । सर्पको रुपमा प्रकट भएर शैतानले आदम र हव्वालाई निषेध गरिएको असल र खराबको ज्ञान दिने रुखको फल खान उकास्यो । आदम र हव्वाको त्यो कार्यले सबै मानिसहरुलाई पापमा जन्मन लगायो किनकि हामी हाम्रा पुर्खाबाट पापपूर्ण संस्कार उत्तराधिकार स्वरुप प्राप्त गर्दछौं । तर परमेश्वरले हामीलाई प्रेम गर्नुभयो अनि आदम र हव्वालाई उत्पति ३:१५ मा प्रतिज्ञा दिनुभयो । शैतानको शक्तिलाई  कुल्चने येशू नै एक हुनुहुन्थ्यो, एकमात्र परमेश्वरको पुत्र । पिता परमेश्वरले हामीलाई उहाँको एकमात्र पुत्र दिनुभयो । हाम्रो मुक्ति येशूद्वारा हामीलाई दिइएको परमेश्वरको वरदान हो । हामी  आफैलाई बचाउन केही गर्न सक्दैनौ ।

सितैमा दिइएको परमेश्वर-पुत्र येशूको प्रेम पनि स्पष्ट देखिएको छ । प्रेमले गर्दा नै यो हाम्रो पापयुक्त संसारमा जन्मनुको लागि उहाँले आफ्नो सुन्दर स्वर्गीय घर त्याग गर्नुभयो । उहाँ धनी हुनुहुन्थ्यो तर हाम्रो खातिर गरीब हुनुभयो । उहाँ गाईको गोठमा

जन्मनु भएको थियो । उहाँलाई डुँडमा राखिएको थियो । उहाँले हाम्रो निम्ति पवित्र जीवन जिउनु भयो किनकि उहाँ परमेश्वरको पुत्रको हैसियतले पापरहित हुनुहुन्थ्यो । उहाँले परमेश्वरको व्यवस्था पूर्णरुपले पालन गर्नुभयो, जब कि हामीले पालन गर्न सकेनौ । र तब हामीले भोग्नु पर्ने सजाय उहाँले हाम्रो निम्ति भोगेर क्रूसमा मर्नुभयो । परिणाम स्वरुप येशू ख्रीष्टको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ (१ यूहन्ना १:७) । बाइबलले हामीलाई बताउँछ कि येशूले १५:१३ मा भन्नु भएको छ "आफ्ना मित्रहरुको लागि आफ्नो प्राण अर्पण गरिदिनु भन्दा ठूलो प्रेम अरु कसैको हुदैन । तिमीहरु मेरा मित्र हौ ।" तपाईहरुलाई येशूले गर्नुभएको यो नै महान प्रेम हो ।

पवित्र आत्मा परमेश्वरको सित्तैमा पाइने प्रेम निम्न वचनमा पाइन्छ "उहाँमाथि विश्वास गर्नेहरु मर्ने छैनन् तर अनन्त जीवन प्राप्त गर्नेछन् ।" येशूमाथि विश्वास गर्नाले हामी उद्धार गरिएको छौँ, जसो सम्पूर्ण बाइबल भरिनै बताइएको छ । यो विश्वास परमेश्वरको वरदान हो । हामीलाई हाम्रा मुक्तिदाता येशूका सुसमाचारद्वारा विश्वासमा बोलाउनु हुन्छ । तसर्थ विश्वासद्वारा हामी येशूमा विश्वास राख्दछौं, परमेश्वरको अनि हाम्रा मित्रहरुको परमेश्वरको इच्छा अनुसार सेवा गर्दछौ र अनन्त जीवनको उत्तराधिकारी छौं । हामी परमेश्वरको अनुग्रह, अर्थात्, परमेश्वरले सित्तैमा दिनुभएको प्रेमद्वारा उद्धार गरिएका छौं ।

यस सम्बन्धमा एफिसीको अध्याय २ को ८ र ९ पदहरुमा पावल यसो भनेर लेख्दछन्, "ख्रीष्टमा विश्वासद्वारा परमेश्वरको अनुग्रहबाट तिमीहरुले उद्वार पाएको छौ । तिम्रो उद्धार तिमीले गरेको अरु कुनै कुरा बाट आएको होइन ।"

हो, तपाईलाई उहाँले सित्तैमा दिनु भएको प्रेमको कारणले गर्दा नै परमेश्वर तपाईलाई प्रेम गर्नु हुन्छ । परमेश्वरलाई धन्यवाद किनकि उहाँले तपाईको उद्धार भएको छ ।

११. बाइबलमा पाइएको सबैभन्दा सुन्दर अनि सबैभन्दा प्रसिद्ध वचनहरु मध्येको एउटा वचन ____________मा पाइन्छ ।

१२. हाम्रो मुक्ति _____________ द्वारा परमेश्वरको वरदान हो ।

१३. हामी स्यंमले आफनो उद्धार आफ _______________।

१४. येशूले हाम्रो निम्ति _________ जीवन जिउनु भयो किनकि उहा _____________ हुनुहुन्थ्यो ।

१५. येशू-खीष्टको रगतले हामीलाई सबै पापबाट _______ ________ _________।

१६. विश्वास परमेश्वरको ____________ हो ।

(आफ्नो उत्तरहरु पेज नं २६ मा हेर्नुहोस्)

येशूबाटो, सत्य र जीवन हुनुहुन्छ - यूहन्ना १४: ६ पढनुहोस् ।

येशू बाटो हुनुहुन्छ

साथीलाई भेटन जाँदा कुनै बेला तपाई गलत बाटोमा पर्नुभएको छ ? स्वर्ग जाने सवालमा धैरै मानिसहरु यस्तै प्रकारले गलत बाटो पहिल्याउँदछन् ।

येशू हामीलाई स्र्वग जाने एउटै मात्र बाटो, एउटा मात्र उपाय छ भनेर यसरी बताउनु हुन्छ “मद्वारा बाहेक अरु कुनै

बाटोद्वारा कोही मानिस पिताकहाँ पुग्नेछैन ।" येशूमाथिको विश्वासद्धारा मात्र हामी उद्वार गरिन्छौं ।

केही मानिसहरु अर्कै बाटोबाट स्वर्ग जाने कोशिस गर्दछन् । तिनीहरु सोच्दछन् कि तिनीहरु असल मानिस हुन र तिनीहरुलाई परमेश्वरले स्वर्गमा स्वीकार गर्नुपर्दछ । अरु चाहिँ असल काम गरेको कारणले तिनीहरुलाई परमेश्वरले स्वीकार गर्नुपर्दछ भनी सोच्दछन् । केहीले बाइबलबाट सिक्नकै लागि दश आज्ञा पालन गर्ने कोशिस गर्दछन् । कि यदि जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ । (याकूब २ : १०) । अझ अर्का थरि मानिसहरु मूर्ति र अरु देवताको पूजा गर्दछन्, जब कि ती साँचो परमेश्वर होइनन् किनकि ती सोच्दछन् कि मूर्ति र अरु देवताको पूजा गर्नाले स्वर्ग पुगिन्छ । तर साँचो परमेश्वर भन्नुहुन्छ "होइन", स्वर्ग पुग्ने एक मात्र बाटो हो - येशू माथिको विश्वास ।

## येशू सत्य हुनुहुन्छ

सत्य के हो ? यो प्रश्न पन्तियस पिलातसको अघि येशूलाई इन्साफको निम्ति पिलातसद्वारा सोधिएको थियो (यूहन्ना १८:३८) । येशूको सत्यता बारे हामीलाई बाइबलमा सिकाएको छ । उहाँ- सत्य परमेश्वर हुनुहुन्छ अनि परमेश्वरको रुपमा उहाँ न्यायी साथै प्रेमी परमेश्वर हुनुहुन्छ । परमेश्वरको न्याय हामीलाई उहाँको व्यवस्थाद्वारा सिकाईन्छ । रोमीको अध्याय ६ पद २३ मा प्रेरित पावल मार्फत परमेश्वर भन्नुहुन्छ कि हाम्रो पापको कारणले गर्दा हामी मर्न लायक छौं, तर परमेश्वरको बरदान चाहिं येशूद्वारा अनन्त जीवन हो । येशू न्यायपूर्ण परमेश्वर हुनुहुन्छ जसले

भन्नुहुन्छ की हाम्रो पापले गर्दा हामी अनन्त कालसम्म मर्न लायक छौं । तर येशू हामीलाई प्रेम पनि गर्नुहुन्छ अनि हामीलाई अनन्त जीवन प्रदान गर्नु हुन्छ । उहाँले यो हाम्रो बदलामा क्रूसमा मर्नुभयो र अनि मृतकबाट बौरी उठनुभयो । उहाँले हामीलाई प्रेम पनि गर्नु हुन्छ अनि उहाँ पापबाट उद्धार गर्ने हाम्रो एकमात्र मुक्तिदाता हुनुहुन्छ भन्ने बुझाउनको निम्ति हामीलाई विश्वासमा ल्याउनु हुन्छ । यो नै येशूको बारेमा सत्यता हो र उहाँले हाम्रो बारेमा जे गर्नुभयो र अझ पनि जे गर्दै हुनुहुन्छ सो हामीलाई बताउनु हुन्छ ।

## येशू जीवन हुनुहुन्छ

येशू यस संसारमा हामीलाई आत्मिक जीवन प्रदान गर्न, बाइबलद्वारा हामीकहाँ आउनुभएको छ । उहाँ भन्नुहुन्छ, "म त तिनीहरुले जीवन पाऊन । र त्यो प्रशस्त मात्रामा पाऊन भन्ने हेतुले आए(यूहन्ना १०:१०) । येशू नै एक हुनुहुन्छ जसले हामीलाई आत्मिक जीवन प्रदान गर्नु हुन्छ, जब हामी पापमा मरेका हुन्छौ । तर उहाँले हामीलाई स्वर्गमा अनन्त जीवनसमेत प्रदान गर्नुहुन्छ ।

जब येशूका घनिष्ट मित्रहरु मध्ये एक जना, लाजरस नाम गरेकाको मृत्यु भयो, येशू लाजरसका दिदीहरु मार्था र मरियमलाई भेट्न जानु भयो । मार्थासँग बातचित् गर्दा येशूले अर्को पल्ट पनि "म हुँ" भन्ने वचन व्यक्त गर्नुभयो (यूहन्ना ११:१-४४) । येशूले भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ । मलाई विश्वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ, अनि जिउने र ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन । के तिमी यो विश्वास गर्छयौ ? "यी वचनहरुमा येशू आफ्नै बारेमा बोल्नुहुन्छ । येशू मृतकबाट पुनर्जीवित हुनुभयो । उहाँले हामीलाई जीवन दिनुहुन्छ, तर जब

हामी यस पृथ्वीमा रहन्छौ तब आत्मिक जीवन दिनुहुन्छ र जब स्वर्गमा हुनेछौ तब अनन्त जीवन दिनुहुन्छ । येशूले मार्थालाई तिनी मरेता पनि, येशूमा विश्वासद्वारा स्वर्गमा येशूसँगै अनन्त जीवन प्राप्त गर्नेछिन भनेर सम्झाउनुभयो । तब येशू मार्थासँग मात्र होइन तर हामी प्रत्येकसँग - "तिमी विश्वास गर्छयौ ?" भनेर सोध्नु हुन्छ । परमेश्वरको सन्तान हौं भनेर विश्वास गरेकाले हामीले उत्तर दिनुपर्छ, "हो प्रभु, म विश्वास गर्दछु, अनि म तपाईंसँग स्वर्गमा अनन्त कालसम्म रहने छु ।" हो, विश्वास गर्नुहोस्, स्वर्गको बाटो येशूमात्र एक हुनुहुन्छ । बाइबलमा उहाँ हामीलाई सत्यता बारे, हाम्रो पापमय स्थिति बारे अनि स्वर्ग जाने बाटो बारे बताउनु हुन्छ , र उहाँले हामीलाई जीवन दिनुहुन्छ-उहाँले हामीलाई दुवै जीवन दिनुहुन्छ अहिले आत्मिक जीवन र मृत्यु पश्चात स्वर्गमा अनन्त जीवन ।

१७. येशूमाथिको __________ द्वारा मात्र हामी उद्धार गरिएका छौं ।

१८. येशूमाथि ____________अनि उहाँले हाम्रो निम्ति जे गरिदिनु भएको छ, त्यो ________ वर्गको निम्ति बाटो हो ।

१९. येशूको __________ बारे _________ मा बताइएको छ ।

२०. येशू साँचो परमेश्वर हुनुहुन्छ अनि परमेश्वरको हैसियतले उहाँ _________ अनि ________ परमेश्वर हुनुहुन्छ ।

२१. हामी पापमा मरेका बेला येशूले नै हामीलाई ______________ जीवन दिनु हुन्छ ।

२२. येशूले हामीलाई स्वर्गमा __________ जीवनसमेत प्रदान गर्नुहुन्छ ।

(आफ्नो उत्तरहरु पेज नं २६ मा हेर्नुहोस्)

## अध्याय दुईको पुनरावलोकन

उहाँ को हुनुहुन्छ भन्ने कुरा हामीलाई भन्नको निम्ति येशूले बारम्बार "म हुँ" भन्ने अभिव्यक्ति प्रकट गर्नु भएको छ । "म हुँ" भन्ने वचनले हामीलाई जलिरहेको पोथ्राबाट परमेश्वर मोशासँग बोलिरहनु भएको स्मरण गराउँदछ । जब मानिसहरुले मोशासँग उनलाई कसले पठाएको हो भनेर सोधे, तब उनले जवाफमा "म हुँ" ले पठाउनु भएको हो भनेको हुनुपर्छ । "म हुँ" वचनहरुले हिब्रू भाषामा यहोवा प्रेमी मुक्तिदाता-परमेश्वर भन्ने जनाउँदछ । तब येशू साँचो प्रेमी मुक्तिदाता परमेश्वर हुनुहुन्छ ।

येशूले आफूलाई विभिन्न प्रकारले वर्णन गर्नुभएको छ । उहाँ नै वचन हुनुहुन्छ, जसले यो संसारको सृष्टि गर्नुभयो । उहाँ परमेश्वरको थुमाको रुपमा हाम्रो उद्धारकर्ता हुनुहुन्छ, जसको रगतले हामीलाई अनन्त मृत्युबाट मुक्ति दिनुहुन्छ । उहाँले हामीलाई परमेश्वरको प्रेम प्रसिद्ध अनि सुन्दर वचनहरु द्वारा यसरी देखाउनु हुन्छ, "परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो । ताकि उहाँमाथि विश्वास गर्ने केही पनि नाश नहोस, तर त्यसले अनन्त जीवन पाओस् ।" पिता परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ अनि त्यसैले हाम्रो उद्धार गर्न उहाँको पुत्र पठाउनुभयो । येशू साँचो परमेश्वर अनि मानिसको

हैसियतले हामीलाई प्रेम गर्नुभयो हामीलाई मुक्ति दिलाउनको निम्ति सिद्ध जीवन जिउनु भयो, हाम्रो निम्ति पीडा खप्नुभयो अनि हाम्रो बदलामा क्रूसमा मर्नुभयो । पवित्र आत्मा परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ अनि येशूमाथि विश्वास गर्नको लागि हामीमा विश्वास उत्पन्न गर्नुहुन्छ र उहाँद्वारा हामी अनन्त जीवन प्राप्त गर्दछौं ।

उहाँको "म हुँ" भन्ने अभिव्यक्ति मध्ये एउटामा येशू हामीलाई स्मरण गराउनु हुन्छ कि स्वर्गमा अनन्त जीवनको लागि उहाँ एकमात्र मार्ग तथा बाटो हुनुहुन्छ । स्वर्ग जाने अरु कुनै बाटो तथा मार्ग छैन तथापि आफूलाई उद्धार गर्ने हेतुले धेरै मानिसहरु गलत बाटो अवलम्वन गर्दछन् । हामी सबै पापी हौं, जो अनन्तकालसम्म मर्न लायक छौं अनि उहाँ माथिको विश्वासद्वारा हाम्रा सबै पापहरु क्षमा गरिन्छ र हामी जिउन सक्दछौं भन्ने व्यवस्थाको माध्यमबाट हामीलाई शिक्षा दिएर येशू आफ्नो र हाम्रो बारेमा सत्यता प्रकट गर्नुहुन्छ । हामी यस संसारमा छँदा येशूले हामीलाई आत्मिक जीवन दिनुहुन्छ अनि स्वर्गमा परमेवश्रसँग सदा-सर्वदा रहनको निम्ति अनन्त जीवन दिनुहुन्छ ।

अध्याय दुईका **प्रश्नहरुको उत्तरहरु :-**
१. पुत्र, २. "म हुँ", ३. मोशा, ४. साँचो परमेश्वर, ५. सँग, परमेश्वर ६. सन्तान,
७. हामीले, पवित्र आत्मा, ८. मृत्युको दूत, ९. छोडि दिन, १०. पाप, ११. यूहन्ना ३ : १६,
१२. विश्वास, १३. गर्दैनौ, १४. सिद्ध, पापरहित, १५. शुद्ध पार्नु हुन्छ १६. वरदान,
१७. विश्वास, १८. विश्वास, मात्र, १९. सत्यता, बाइबल, २०. न्यायी, प्रेमी
२१. आत्मिक, २२. अनन्त ।

# अध्याय दुइको जाँच

१. जब येशूले “म हुँ” भन्नुहुन्छ, उहाँ हामीलाई ___________ ___________ हुँ भनेर शिक्षा दिँदै हुनुहुन्छ ।

२. येशू हामीलाई बताउनु हुन्छ कि जसले उहाँमाथि विश्वास गर्दछ र उहाँलाई पछयाउँदछ, त्यो परमेश्वरको ___________ हुनेछ ।

३. येशूले क्रूसमा बगाउनु भएको रगतले संसारका मानिसहरुको ___________ हटाइदिन्छ ।

४. येशूले हाम्रो निम्ति ___________ जीवन जिउनु भयो किनकि उहाँ साँचो परमेश्वर हुनुहुन्छ ।


५. विश्वास परमेश्वरको ___________ हो ।

६. येशूमाथिको विश्वास अनि उहाँले हाम्रो लागि जे गर्नु भएको छ, त्यो नै स्वर्गका ___________ बाटो हो ।

७. हामी पापमा मरेका बेला हामीलाइ ___________ जीवन दिने येशू नै हुनुहुन्छ ।

८. येशूले हामीलाई स्वर्गमा ___________ जीवन पनि दिनुहुन्छ ।

(आफ्ना उत्तरहरु पेज नं ११९ मा हेर्नुहोस्)



काना नगरमा विवाह-भोज



# अध्याय तीन

## उहाँको आश्चर्यकर्मद्वारा येशूले उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने प्रमाणित गर्नु हुन्छ

बाइबलले हामीलाई येशू साँचो परमेश्वर हुनुहुन्छ भनेर बताउँदछ । यूहन्ना १ अध्यायको १ पदले हामीलाई सृष्टिको आदिमा येशू, वचन, हुनुहुन्थ्यो, अनि वचन पिता परमेश्वरसँग हुनुहुन्थ्यो भनेर बताउँदछ । यूहन्नाको सुसमाचारको पहिलो पदले पनि उहाँ परमेश्वर हुनुहुन्थ्यो भनेर हामीलाई बताउँदछ । पछि गए, बाइबलले पद १४ मा यी वचन, येशू, यस संसारमा जन्मनु भएको हो भनि हामीलाई बताउँदछ ।

यस संसारमा जन्मिसकेपछि येशूले विभिन्न आश्चर्यकर्महरु गरेर, उहाँले परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने तथ्य प्रमाणित गर्नुभयो ।

* प्रकृतिमाथि उहाँको आश्चर्यकर्मद्वारा येशूले उहाँ परमेश्वर हुनुहुन्छ भन्ने तथ्य प्रमाणित गर्नुहुन्छ ।

* निको पार्ने आश्चर्यकर्मद्वारा उहाँ परमेश्वर हुनुहुन्छ भनी उहाँले प्रमाणित गर्नुभयो ।

* मृत्युमाथि आश्चर्यकर्म गरेर उहाँ परमेश्वर हुनुहुन्छ भनी उहाँले प्रमाणित गर्नुभयो ।

यो सुसमाचारले हामीलाई धेरै आश्र्चकर्महरुको बारेमा बताउँदछ, जुन मर्कूस, मत्ती र लूकाको सुसमाचारमा उल्लेख गरिएको छैन ।

**प्रकृतिमाथि उहाँको आश्र्चकर्मद्वारा येशूले उहाँ परमेश्वर हुनुहुन्छ भन्ने तथ्य प्रमाणित गर्नुहुन्छ ।**

येशूले पानी दाखमद्यमा परिणत गर्नुहुन्छ - यूहन्ना २:१-११ पढ्नुहोस् ।

हामी बस्ने यो संसारको सृष्टि गर्नको निम्ति पिता परमेश्वर, पुत्र र पवित्र आत्मा सबै मिलेर काम गर्नुभयो । यस संसारका सबैथोक परमेश्वरले हामीलाई दिनुभएको वरदान हो, र यसलाई उहाँको महिमाको खातिर प्रयोग गर्नुपर्छ ।

एकदिन येशूकी आमा, मरियम, येशू अनि उहाँका चेलाहरु गालील क्षेत्रको काना भन्ने नगरमा विवाह भोजमा निम्त्याइएका थिए । येशूको समयमा विवाह-भोज धेरै दिनसम्म चल्दथ्यो । त्यो विवाह-भोज चल्दा-चल्दै बिचैमा दाखमद्य सिद्धियो । दाखमद्य सिद्धिएको खबर सुनाउन भनी येशूकी आमा येशूकहाँ आइन् । येशूले त्यस स्थितिमा जे गर्नुभयो त्यो सामान्य मान्छेले गर्न सम्भव थिएन । उहाँले पानीलाई दाखमद्यमा परिणत गर्नुभयो ।

प्रत्येक घरको छेउमा ठूला-ठूला घ्याम्पाहरु थुप्रै थिए । मानिसहरुले खराउ लगाउने गर्थे, त्यसैले धुलो बाटोमा हिँड्दाखेरि तिनीहरुको खुट्टा फोहोर हुन्थ्यो । तिनीहरु घरभित्र पस्न अघि, नोकरले घ्याम्पोको पानीले तिनीहरुको खुट्टा धोइ दिन्थ्यो । येशूले ती घ्याम्पाहरु मुखसम्मै पानीले भर्नको लागि नोकरहरुलाई अह्राउनुभयो । तिनीहरुले घ्याम्पाहरु भरेपछि अलिकति उघाएर भोजका मुखियाकहाँ लैजान येशूले तिनीहरुलाई अह्राउनुभयो ।

येशूले आदेश दिए अनुसार ती नोकरहरुले गरे । तर जब भोजका मुखियाले त्यो पानी चाखे, तब त्यो दाखमद्य मात्र नभएर, उच्च कोटीको दाखमद्य थियो । मुखियाले दुलहालाई बोलाएर भने, कि सधैं जसो असल दाखमद्य विवाह भोजको शुरुमा अनि कमसल चाहिँ अन्तातिर दिने टक्रयाउँछ । तर असल दाखमद्य अझसम्म राखिछाडेकोमा तिनले आश्‍चर्य प्रकट गरे ।

उहाँका आश्‍र्चकर्महरुमध्ये यो नै पहिलो आश्‍र्चकर्म थियो, जुन येशूले गर्नु भएको थियो । आश्‍र्चकर्म यस्तो विषय हो, जुन परमेश्‍वरले मात्र गर्न सक्नुहुन्छ । येशूले प्रशस्त मात्रामा उच्च कोटीको दाखमद्यको व्यवस्था गर्नुभएको थियो । हामीलाई भनिएको छ कि यो आश्‍र्चकर्मद्वारा "उहाँले आफ्नो महिमा प्रकट गर्नुभयो ।" यसको अर्थ, येशू, सर्वशक्तिमान परमेश्‍वरका पुत्र, काना नगरको विवाहमा उपस्थित मानिसहरुलाई प्रकृतिमाथिको उहाँको शक्ति प्रदर्शन गरेर उहाँ को हुनुहुन्छ भन्ने परिचय दिनुभयो । हाम्रो शरीर अनि जीवनको निम्ति हामीलाई आवश्यक परेको सबै थोकहरुको प्रबन्ध मिलाइ दिएर येशूले हामीलाई हिजो आज पनि उहाँ सर्वशक्तिमान हुनुहुन्छ भन्ने देखाउनु हुन्छ ।

यो आर्श्चकर्मले गर्दा उहाँका चेलाहरुले येशूमाथि विश्वास गरे । जब हामी यस प्रकारका आर्श्चकर्महरु बारे जान्दछौं, हामी पनि येशूमाथि विश्वास राख्न थाल्छौं, जसले हाम्रो हरेक आवश्यकतामा सहायता गर्नुहुन्छ ।

१. यस संसारका हरेक चिज हाम्रो लागि परमेश्वरको ______ हुन र उहाँका _____ को निम्ति प्रयोग गरिनुपर्दछ ।

२. येशू अनि उहाँका चेलाहरु गालीलको ___________ भन्ने नगरमा ___________ मा निम्त्याइएका थिए ।

३. येशूकी आमाले ___________ सिद्धिएको खबर सुनाइन् ।

४. जब भोजका मुखियाले पानी चाखे, तब त्यो _____ नभएर ___________ थियो ।


५. यो येशूले गर्नु भएको ___________ आर्श्चकर्म थियो ।

६. येशू, परमेश्वरको ___________ पुत्रले प्रकृतिमाथिको शक्ति प्रदर्शित गर्नुभयो ।

(आफ्नो उत्तरहरु पेज नं. ५३ मा हेर्नुहोस्)

<u>येशूले ५००० मानिसहरुलाई खुवाउनु भएको</u> - यूहन्ना ६:१ - १५ पढ्नुहोस् ।

तपाई कहिल्यै भोकै बस्नु परेको छ ? हामी मध्ये धेरै जना जीवनको कुनै काल खण्डमा भोकै बसेका छौं । यस्तै हुन गयो जब कुनै समयमा पाँच हजार मानिसहरु गाउँबाट धेरै टाढा खानेकुराको खोजीमा भौतारिन पुगे ।



पाँच हजारलाई खुवाएकोमा येशूले धन्यवाद दिनुहुन्छ ।

येशू र उहाँका चेलाहरुले केही समय एकान्तमा आराम गर्न चाहेका थिए । तर एउटा ठूलो भीड उहाँको पछि लाग्यो, किनभने उहाँले रोगीमाथि गर्नुभएका धेरै आश्‍चर्यकर्महरु तिनीहरुले देखेका थिए । तिनीहरु येशूका वरिपरि झुम्मिए । तर तिनीहरुले खानु पर्ने समय आइ सकेको थियो र खानेकुरा चाहिँ कहाँ पाउने भन्ने स्थिति देखा पर्‍यो ।

उहाँ सर्वशक्तिमान परमेश्‍वरका पुत्र हुनुहुन्छ भनेर तिनीहरुले विश्‍वास गर्छन कि गर्दैनन् भन्ने विषयमा येशूले आफ्ना चेलाहरुको परीक्षण गर्न चाहनुभयो । येशूले चेलाहरुबाट यस्तो प्रत्युत्तरको आशा राख्नुभएको थियो,"तपाई सर्वशक्तिमान परमेश्‍वरको पुत्र हुनुहुन्छ, यी सबै मानिसहरुका लागि खानेकुराको बन्दोवस्त गर्न सक्नुहुन्छ ।" तर एकजना चेला, फिलिपले, भने कि यत्तिका धेरै मानिसहरुका निम्ति रोटी जुटाउन प्रत्येकको आठ-आठ महिनाको तलब चाहिन्छ । अर्को चेला, अन्द्रियासले, भने त्यहाँ एउटा ठिटो छ, त्यससँग जौका पाँच रोटी र दुइ माछा छन् । तर अन्द्रियासले भने, "यति धेरैका निम्ति यति थोरैले के पुग्ला र ?" त्यो त केहीलाई मात्र खुवाउन पुग्ने थियो । चेलाहरु येशूको जाँचमा असफल भए । तिनीहरुले येशू, परमेश्‍वरका पुत्र हुनु भएकाले सबै शक्ति उहाँसँग छ, त्यसकारण त्यति धेरै मानिसहरुका निम्ति खानेकुरोको बन्दोबस्त गर्नसक्नु हुन्छ भनेनन् ।

तब येशूले मानिसहरुलाई बस्न लगाउनुभयो, र त्यो सानो ठिटोको रोटी र माछाको लागि परमेश्‍वरलाई धन्यवाद चढाउनु भएपछि, चेलाहरुलाई रोटी र माछा ती मानिसहरुलाई बाँडिदिन अह्राउनुभयो । त्यहाँ पाँच हजार भन्दा बढी मानिसहरु खानाको प्रतिक्षामा थिए । जब तिनीहरुले भरपेट खाइसके, चेलाहरुले उब्रेका

टुक्राहरु बाह्र डाला भरी जम्मा पारे । येशूले यसरी अर्को महान आर्श्चकर्म पूरा गर्नुभयो ।

त्यसपछि, मानिसहरुले येशू परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने पाठ सिकेनन् । तिनीहरुले उहाँलाई राजा बनाउन खोजे । येशूले तिनीहरुको पालन पोषण गर्न सक्नुहुनेछ भनेर मात्र सोचे, तर येशूले आश्चर्यकर्म गरेर उहाँ सर्वशक्तिमान परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने देखाउनु भएको चाहिँ तिनीहरुले सिक्न सकेनन् ।

तपाई येशूमाथि किन विश्वास गर्नुहुन्छ ? उहाँले तपाइँलाई सहायता गरेको कारणले अथवा तपाइँको शारीरिक आवश्यकता पूरा गर्न सहयोग गर्नुहुन्छ भन्ठानेर उहाँमाथि विश्वास गर्नुभएको हो ? उहाँ को हुनुहुन्छ भन्ने कुरा हामीले जान्न आवश्यक छ । उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ, तसर्थ हाम्रो शारीरिक आवश्यकता पूरा गर्न सक्नुहुन्छ । अझ महत्वपूर्ण कुरो त, उहाँले हाम्रो आत्मिक आवश्यकता पूरा गर्न मद्दत गर्नुहुन्छ । परमेश्वरको पुत्र भएकोले, येशूले हाम्रो उद्धारको बाटो तयार गरिदिनुहुन्छ ताकि येशूमाथि विश्वास गर्ने विश्वासीहरु भएको कारणले वर्तमानमा हाम्रो आत्मिक जीवन र स्वर्गमा अनन्त जीवन प्राप्त छ । तसर्थ, जसरी येशूले मानिसहरुलाई खानेकुराको बन्दोबस्त गर्नु भएकोमा परमेश्वरलाई प्रार्थना गर्नुभयो अनि धन्यवाद चढाउनुभयो, त्यसैगरी हामीले पनि येशूलाई हाम्रो मुक्तिदाताको रुपमा पठाइदिनु भएकोमा परमेश्वरलाई प्रार्थना गरौं अनि धन्यवाद दिऔं ।

७. येशूले आफ्ना चेलाहरुलाई उहाँ सर्वशक्तिमान ________________ _______ को हुनुहुन्छ भन्ने विश्वास गर्छन कि गर्दैनन् भन्ने ___________ गर्न चाहनुभयो ।

८.	फिलिपले भने कि पर्याप्त रोटीको बस्दोबस्त मिलाउन __________ महिनाको तलब चाहिन्छ ।

९.	अन्द्रियासले भने कि एउटा ठिटोसँग पाँच वटा _______ र दुई वटा साना __________ छन् ।

१०.	चेलाहरु येशूको जाँचमा __________ भए ।

११.	त्यहाँ ________ _________ भन्दा बढी मानिसहरु थिए, जसलाई खानेकुराको आवश्यकता थियो ।

१२.	जब तिनीहरुले खाइसके, तब तिनीहरुले उब्रेका टुक्राहरु __________ डाला भरी जम्मा पारे ।

१३.	येशू परमेश्वरको पुत्र हुनुहुन्छ, तसर्थ उहाँले हाम्रा __________ आवश्यकता पूरा गर्न सहायता गर्नुहुन्छ । त्यो भन्दा महत्वपूर्ण, उहाँले हामीलाई हाम्रो __________ आवश्यकता पूरा गर्न सहयोग गर्नुहुन्छ ।

१४.	येशूमाथि विश्वास राख्ने भएको कारणले वर्तमानमा हाम्रो __________ जीवन र स्वर्गमा _______ जीवन प्राप्त छ ।

(आफ्नो उत्तरहरु पेज नं. ५३ मा हेर्नुहोस्)

<u>येशू पानीमाथि हिड्नुभएको</u> - यूहन्ना ६:१६ - २१ ।

भयानक आँधी-बेहरी, पानी-झरी, चट्याङ्ग र मेघगर्जन तथा बज्रपातले हामीमा डर पैदा गर्न सक्छ । हामी सहायताको निम्ति को तर्फ फर्कन्छौ त ? येशूले हामीलाई यसको उत्तर दिनुहुन्छ ।

लगभग रात परिसकेको थियो । येशू र उहाँका चेलाहरु गालील समुद्रको उत्तर पट्टि अवस्थित कफर्नहुम भन्ने गाउँतर्फ आफ्नो बासस्थान (पेज १२१ को चित्रमा हेर्नुहोस्) फर्कने सुर

कसे । समुद्र पार गर्नको लागि चेलाहरु समुद्रतिर लागे र तिनीहरुले येशू घर तर्फ हिँडी सक्नुभयो भन्ने ठाने ।

यद्यपि, जब रात पर्‍यो, तब मेघ गर्जन सहित भयानक आँधी-बेहरी शुरुभयो, जुनबेला चेलाहरु समुद्रको बीचमा थिए । अकस्मात्, तिनीहरुले येशूलाई समुद्रमाथि हिँडिरहनु भएको देखे अनि तिनीहरु डराए । येशूले तिनीहरुलाई भन्नु भयो, “म हुँ, नडराओ ।” यति भनेर उहाँ डुङ्गामा चढ्नुभयो र उहाँ चेलाहरुसहित केही क्षणभित्र नै समुद्र किनारमा पुग्नुभयो ।

यो आश्चर्यकर्ममा के तपाई परमेश्वरको पुत्रको शक्ति देख्नुहुन्छ ? उहाँ पानी माथि हिँड्न सक्नुभयो । हामी त्यसो गर्न सक्दैनौं । डुङ्गा नचलाएर नै तिनीहरु तुरुन्तै समुद्रको किनारमा आइपुगे । तर सबभन्दा महत्वपूर्ण त येशूको वचन थियो, जब चेलाहरु त्यो घटनाले डराएका थिए, येशूले “म हुँ, नडराओ” भन्नु भयो ।

येशूले हामीसँग यस्तो प्रतिज्ञा पनि गर्नुहुन्छ । हाम्रो जीवनमा हामी डराएको अवस्था हुने गर्दछ । यो हावापानीको आँधी-बेरी हुनसक्छ । यो आफ्नो प्रियको मृत्यु पनि हुन सक्दछ । यो हाम्रो जीवनमा खडेरी लागेर बालीको कमी हुन सक्छ । यस्तो समयमा हामीले येशूको “म हुँ नडराओ” भन्ने वचन स्मरण गर्नु पर्दछ हामीलाई थाहा छ । येशू सर्वशक्तिमान परमेश्वरको पुत्र हुनुहुन्छ । उहाँले हामीलाई सहायता गर्न सक्नुहुन्छ । अर्को कुनै

समयमा येशूले भन्नु भएको छ “हेर म युगको अन्त्यसम्म सधैं तिमीहरुको साथमा छु” (मत्ती २८:२०) । जब हामीलाई जीवनमा समस्या आइपर्छ, तब हामीले येशूतर्फ फर्केर सहायताका लागि प्रार्थना गर्नु पर्दछ ।

येशूले गर्नुभएको आश्चर्यकर्महरु पानीलाई दाखमद्यमा परिणत गर्नुभयो । पाँच हजार मानिसहरुलाई खुवाउनु भएको र पानी माथि हिँड्नु भएको आधारमा हामीले जानेका छौं कि उहाँ सर्वशक्तिमान परमेश्वरको पुत्र हुनुहुन्छ र हामीलाई हाम्रा हरेक समस्या तथा आवश्यकतामा सहायता गर्न सक्नु हुन्छ । उहाँमाथिको विश्वासले गर्दा हामी जुनसुकै खतराबाट पनि संरक्षण गरिएका हुन्छौं । हाम्रो सहयोगी अनि उद्धारकर्ता हुनलाई परमेश्वरले येशूलाई पठाउनु भएकोमा हामी उहाँको प्रशंसा गरौं ।

१५. गालील समुद्र पार गर्नका लागि चेलाहरु __________ मा चढे ।

१६. तिनीहरुले येशूलाई पानीमाथि __________ भएको देखेर तिनीहरु __________ ।

१७. येशूले तिनीहरुलाई भन्नु भयो, “ _______ ________ , __________ ।”

१८. हामीले जान्यौं कि येशू सर्वशक्तिमान __________ को __________ हुनुहुन्छ ।

१९. जब हामीमाथि संष्कट आईलाग्छ, हामी ______ तर्फ फर्केर उहाँको __________ को लागि प्रार्थना गर्नुपर्दछ ।

(आफ्नो उत्तरहरु पेज नं. ५३ मा हेर्नुहोस् ।)

निको पार्ने आश्चर्यकर्मद्वारा येशूले उहा“ परमेश्वर हुनुहुन्छ भन्ने प्रमाणित गर्नु हुन्छ ।

उच्च अधिकारीको छोरो निको पारिएको – यूहन्ना ४:४३–५४ पढ्नुहोस् ।

प्रकृतिको शक्तिमाथि येशूले गर्नु भएको विजयको आश्चर्यकर्मबारे तपाईले जानी सक्नुभयो । येशूले यी आश्चर्यकर्महरुद्वारा तपाईलाई उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने देखाउनुभयो । तर येशूले गर्नु भएका अरु पनि धेरै आश्चर्यकर्महरु छन् । हामी उहाँका अरु केही आश्चर्यकर्महरु जसले विभिन्न खालका रोगहरुमाथि विजय पाएको बारेमा जान्न चाहन्छौं ।

यी मध्ये एउटा आश्चर्यकर्म उच्च अधिकारीको छोरो निको पारिएको हो । येशू बस्नुभएको प्यालेस्टाइनको देशमा रोमी सरकारले राज्य गर्दथ्यो । रोमी सरकारले यहूदी राज्यलाई प्यालेस्टाइन माथि शासन गर्ने अधिकार दिएको थियो । येशूले गर्नु भएको यो आश्चर्यकर्मसँग सम्बन्धित उच्च अधिकारी हेरोद राजाका महासभाका हुन सक्छन् ।

यी उच्च अधिकारीलाई जानकारी थियो कि येशू काना भन्ने नगरमा जाँदै हुनुहुन्छ जहाँ येशूले आफ्नो पहिलो आश्चर्यकर्म गर्नु भएको थियो । काना नगर कफर्नहुम शहरको छेउमा थियो जहाँ ती अधिकारी बस्दथे । उनी येशूलाई भेट्न गए अनि बिन्ती गरे, “हजुर मेरो छोरालाई निको पारी दिनुहोस ।” तिनले येशूले गर्नु भएको धेरै आश्चर्यकर्महरु देखेको वा सुनेको हुनुपर्दछ । येशूले भन्नु भयो, “तिमीहरु चिन्ह र अचम्मका कामहरु नदेखेसम्म कुनै रीतिले विश्वास गर्दैनौ ।” उहाँलाई सुनीरहेका सबैलाई सम्बोधन गरेर येशू बोलिरहनु भएको थियो । उच्च अधिकारीले फेरि पनि यसो भनेर

निवेदन गरे, “हजुर, मेरो छोरा मर्नु भन्दा अघि नै आइपुग्नु होस्” (यूहन्ना ४:४९) । तर येशू कफर्नहुम जानु भएन । त्यो अधिकारीको छोरो बाँच्नेछ भनेर येशूले तिनीहरुलाई घर पठाइदिनु भयो ।

ती अधिकारीले येशूमाथि विश्वास गरे अनि घर फर्के । घर पुगे पछि तिनले थाहा पाए कि येशूसँग बिन्ती गरेकै समयमा तिनको छोरो निको भई सकेको रहेछ । परिणाम स्वरुप ती मानिस तिनका सबै परिवार र चाकरहरु सबैले येशूमाथि विश्वास गरे ।

के तपाई येशूको सर्वशक्ति देख्नु हुन्छ ? उहाँ ती मानिसको छोरासँगै हुनु परेन । तिनको छोरालाई छुनसम्म पनि परेन । येशू कोसौं टाढा हुनुहुन्थ्यो तर उहाँले तिनको छोरो निको पार्न सर्व शक्तिशाली वचन प्रयोग गर्नुभयो । रोगहरु निको पार्ने शक्ति येशूसँग छ र उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने देखाउनु हुन्छ ।

२०. उच्च अधिकारी येशूलाई भेटन गए र बिन्ती गरे, हजुर, मेरो छोरोलाइ __________ पारिदिनुहोस् ।

२१. रोगहरु निको पार्ने __________ येशू सँग छ, र उहाँ _______________ _______ हुनुहुन्छ भन्ने देखाउनु हुन्छ ।

(आफ्ना उत्तरहरु पेज नं. ५३ मा हेर्नुहोस्)

येशूले बेथस्दा जल - कुण्डमा पक्षघाती निको पार्नु भएको - यूहन्ना ५:१-८ पढ्नुहोस् ।

त्यसपछि येशू यरुशेलममा फर्कनु भयो । शहरमा एउटा ठूलो ढोका थियो, जहाँ गोठालाहरुले भेडा ल्याउँथे । त्यो भेडा ढोकाको नजीक बेथस्दा नाम गरेका जल-कुण्ड थियो । बेथस्दाको

अर्थ दयाको घर हो । येशूले यस ठाउँमा एकपल्ट फेरि एउटा मान्छेलाई निको पारेर आफ्नो दया र उहाँ,येशू, सर्वशक्तिमान परमेश्वरको पुत्र हुनुहुन्छ भनेर देखाउनु भयो ।

आफुलाई शारीरिक रोगले ग्रस्त पारेका उपचार गर्नु पर्ने धेरै मानिसहरु यो जल-कुण्डका वरिपरी आश्रय लिन आउथे । जलकुण्डको रोग निको पार्ने अर्थात छचल्किएको पानीको तिनीहरुले पालो कुरेर प्रतिक्षा गर्दथे । त्यहाँ ३८ वर्षदेखि बिरामी भएको मानिस पनि थियो । तिनले जल-कुण्डमा तिनलाई हालिदिने कोही मानिसको सहायता खोजिरहेका थिए । येशूले भन्नुभयो, "के तिमी निको हुन चाहन्छौं ?" त्यो रोगीले भन्यो, "हो हजुर," तर म जाँदाजाँदै मभन्दा आगाडि अर्को मान्छे पानीमा ओर्लिहाल्छ ।" येशूले त्यसलाई आज्ञा गर्नुभयो, "खडा होऊ र आफ्नो ओछ्यान उठाऊ र हिडँ (यूहन्ना ५:८) । त्यो मानिस निको भएर तुरन्त उठ्यो र ऊ हिँडिहाल्यो । ३८ वर्षदेखि हिड्ँडुल गर्न नसकेको मानिसलाई येशूको सर्वशक्तिशाली वचनले निको पार्नुभयो ।

हाम्रो सबै प्रकारको रोगहरु निको पार्न येशूले मात्रै सक्नुहन्छ । जब तपाई बिरामी हुनुहुन्छ तब तपाईलाई सहायता गर्नको लागि सर्वशक्तिमान परमेश्वरको पुत्रसँग प्रार्थना गर्न सक्नुहन्छ । हामीलाई सहायता गर्न उहाँले सधै आश्चर्यकर्म प्रयोग गर्नुहुन्न । वर्तमान युगमा उहाँले औषधी र डाक्टरहरु र अरु मानिसहरुको माध्यमबाट हामीलाई सहायता गर्नुहुन्छ । तथापि, हाम्रो सबै प्रकारको रोगहरु हामीले येशूमाथि विश्वास राखेर आवश्यक परेको बेलामा उहाँको सहायताको निम्ति प्रार्थना गर्न सक्दछौं ।

२२. त्यहाँ एक जना मानिस थियो, जो ३८ वर्षसम्म ______ गर्न सक्दैन थियो ।

२३. येशूले त्यो मानिसलाई आज्ञा गर्नुभयो, “खडा होऊ ! र आफ्नो ओछ्यान उठाऊ, र ______ ।”

२४. येशूको _______ वचनले त्यो मानिसलाई निको पार्नुभयो ।

(आफ्नो उत्तरहरु पेज नं. ५३ मा हेर्नुहोस्)

<u>येशूले जन्मैको अन्धालाई दृष्टिदान दिनुहन्छ</u> - यूहन्ना ९:१-१२ पढनुहोस्

यो आश्चर्यकर्म ठयाक्कै कुन समयमा भएको थियो भन्ने हामी जान्दैनौं । जब चेलाहरुले जन्मैको अन्धालाई देखे त्यसबेला येशू यरुशेलम शहर छेउमा हुनुहुन्थ्यो कि हुन्थेन हामी थाहा पाउँदैनौं । तिनीहरुले सोधे “कसले पाप गऱ्यो, यसले कि यसका आमा - बाबुले, र यो अन्धो जन्म्यो ?” (यूहन्ना ९:२) । येशूले यो मानिसको जीवनमा, परमेश्वरको पुत्र येशूको शक्ति प्रदर्शित होस भनेर नै यो मान्छे जन्मैले अन्धो भएको हो भन्ने जवाफ दिनुभयो ।

अन्य कुनै बेला -राजाको उच्च अधिकारीको छोरा, जो धेरै टाढा थियो, उसलाई निको पारेको हामीले देख्यौं । अर्को पल्ट बेथास्दा जल-कुण्डनिर बसेको मान्छे पक्षघाती सँग आफ्नो निको पार्ने वचन बोल्नुभयो । तर यसपल्ट येशूले थुकमा माटो मुछेर लेप बनाई त्यसका आँखामा लगाइदिनुभयो अनि त्यसलाई नजीकको तलाउमा गएर पखाल्न लगाउनु भयो । त्यस मानिसले

येशूको वचन सुन्यो अनि आँखा पखाल्यो । पखाल्ने बितिकै आँखा देख्न थाल्यो तर जो कैयौं बर्षसम्म अन्धा रहेको थियो । हामीलाई थाहा छैन येशूले माटो नै किन प्रयोग गर्नु भयो भनेर । तर अन्धालाई निको पार्ने येशू नै हुनुहुन्छ भन्ने चाहिँ हामीलाई थाहा छ ।

त्यो अन्धा मानिसका छिमेकी र अरु मानिसहरुले यो घटनामाथि विश्वास गरेनन् किनकि त्यो मानिसले जीवनभरी नै आँखा देख्नसकेको थिएन । तर त्यही मानिसले अन्धाबाट उसलाई देख्न सक्ने बनाउनु हुने येशू हुनुहुन्छ भनेर थाहा पायो ।

एकपल्ट फेरि येशूले उहाँ सर्वशक्तिमान परमेश्वरको पुत्र हुनुहुन्छ भनेर संसारलाई देखाउनु हुन्छ । आजकल हामी येशूलाई सामुन्ने देख्न सक्दैनौं । तर हामी उहाँको निको पार्ने विभिन्न आश्चर्यकर्महरु बारे जान्दछौं तब हामी ती रोगबाट निको पारिएका रोगीहरुले गरेझैं येशू परमेश्वरको पुत्र हुनुहन्छ भनेर विश्वास गर्दछौं ।

२५. येशूले जवाफ दिनु भयो कि यो मानिसको जीवनमा, ______________ ________ येशूको ________ प्रदर्शित होस भनेर नै यो मानिस जन्मैले अन्धो भएको हो ।

२६. त्यही मानिसले अन्धाबाट उसलाई देख्न सक्नेबनाउनु हुने _______ हुनुहुन्छ भनेर थाहा पायो ।

(आफ्नो उत्तरहरु पेज नं. ५३ मा हेर्नुहोस)

**मृत्युमाथिको शक्तिद्वारा येशूले उहाँ परमेश्वर हुनुहुन्छ भन्ने देखाउनु हुन्छ**

प्रभु येशूले उहाँको जीवन कालमा यस संसारमा धेरै आश्चर्यकर्महरु गर्नुभयो । यी सबै आश्चर्यकर्म गर्नुको उदेश्य उहाँ सर्वशक्तिमान परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने देखाउनु थियो । येशूले प्रकृतिको शक्ति माथि र रोग माथि धेरै नै आश्चर्यकर्महरु गर्नुभयो । अब तपाई येशूको मृत्युमाथि विजय प्राप्त गर्न सक्ने शक्ति पनि छ भन्ने जान्नु हुनेछ ।

चिहानमा चार दिनसम्म रहेको मृत लाजरसलाई येशूले पुनर्जीवित गर्नुहुन्छ - यूहन्ना ११ : १-४४ पढ्नुहोस् ।

हाम्रो जीवनमा यस्तो कैयौं पटक घटना घटछ कि हामीले औधी नै माया गर्ने परिवार अनि साथी बिरामी पर्छन अनि मर्छन् । हाम्रो आँखा आँशुले भरिन्छन् अनि हृदय दु:खले भरिन्छ । येशू का केही घनिष्ट मित्रहरुको बारेमा पनि यस्तै घटना घट्यो । यी साथीहरु इस्राएल शहर नजिकको गाउँ बेथानियामा बस्दथे । यरुशलेम शहर जाँदाखेरि येशू प्रायः तिनीहरुको घरमा बस्नु हुन्थ्यो । यी साथीहरुको नाम दुई जना दिदीहरु मरियम र मार्था, अनि तिनीहरुको भाइ लाजरस थिए ।

एकदिन ती दिदीहरुले येशू कहाँ यसो भनि समाचार पठाए "प्रभु, जसलाई तपाई माया गर्नुहुन्छ तिनी बिरामी छन ।" तर येशूले बेथानिया गाउँ जानलाई तुरुन्त बसेको ठाउँ छोड्नु भएन । येशूले आफू नगएको उचित बयान यी वचनद्वारा दिनुभयो, "यो परमेश्वरको महिमाको निम्ति हो । ताकि यसद्वारा परमेश्वरका पुत्रको महिमा होस् ।" पछिबाट घट्ने घटनाले पनि येशू परमेश्वरको पुत्र हुनुहुन्छ र मृत्यु माथि विजय प्राप्त गर्ने शक्ति समेत उहाँसँग छ भन्ने देखाउँछ । मरियम र मार्थालाई भेट्न जानु अघि येशूले अरु दुई दिन पर्खनु भयो । उहाँका चेलाहरुले येशूलाई शत्रुहरुले मार्न खोजेका छन् भनि चेतावनी दिए । येशूले चेलाहरुलाई उहाँ "मानिसहरुका ज्योति" हुनुहुन्छ, अनि हामी सबैलाई हाम्रो जीवनमा डोऱ्याउनु हुनेछ भनेर सम्झाउनु भयो ।

२७. एकजना मानिस बिरामी भएका थिए, जसको नाम
_____________ थियो ।

(आफ्नो उत्तरहरु पेज नं. ५३ मा हेर्नुहोस) ।

तब येशूले चेलाहरुलाई लाजरस “निन्द्रामा परेका छन्” भनेर बताउनु भयो । पछिबाट हामी थाहा पाउँछौं कि लाजरसको मृत्यु भइसकेको थियो । तर यी वचनले हामीलाई बुझाउँदछ कि विश्वासीहरुको लागि मृत्यु जीवनको अन्त्य होइन्, तर निन्द्रामा परेको जस्तो हो र हाम्रो आत्मा जीउँदै हुन्छ। अन्त्यमा, हाम्रो शरीर मृत्युबाट पुनर्जीवित हुन्छ अनि हामी शरीर र आत्मा परमेश्वर सँगै स्वर्गमा अन्त्यसम्म बाँच्ने छौं । चेलाहरुले येशूका वचन बुझ्न सकेनन् । तिनीहरुले सोचे कि गहिरो निन्द्राले लाजरसको शरीरलाई निको पार्न सहयोग पुग्ने छ । त्यस पछि, येशूले तिनीहरुलाई स्पष्टसँग बताइदिनु भयो कि लाजरस मरेका छन् । जब येशू मरियम र मार्थाको घरमा पुग्नु भयो तब लाजरस चार दिनदेखि चिहानमा छन् भन्ने कुरा थाहा पाउनु भयो । उहाँ (येशू) चाँडै आइ पुग्नुभएको भए लाजरस मर्ने थिएन भनेर मार्थाले येशूलाई दु.ख पोखिन् । येशूले तिनलाई भन्नुभयो, “तिम्रो भाइ फेरि जीवित हुनेछ ।” अन्तिम दिनमा यो सत्य साबित हुने नै छ भनेर मार्थाले स्वीकार गरिन् । अन्त्यको दिनमा यस संसारमा मानव ऐतिहासिक कालदेखि अहिलेसम्म मरेका सबै मानिसहरु मृत्युबाट फेरि जीवित भई उठ्ने छन् र तिनीहरुको आत्मा शरीरमा फिर्ता हुनेछ । परमेश्वरले हामी माथि न्याय गर्नु हुनेछ र येशू माथि विश्वास गर्नेहरुको शरीर र आत्मा, दुवै स्वर्गको आनन्दमा प्रस्थान हुनेछन् । तर जसले येशूमाथि विश्वास गर्दैन, ती चाहिँ नर्कको आगोमा सदाको लागि रहन जानेछन् ।

२८. येशूले आफ्ना चेलाहरुलाई लाजरस ______________ छन् भन्नुभयो ।


(आफ्नो उत्तरहरु पेज नं. ५३ मा हेर्नुहोस् । )

येशूले त्यस पछि उहाँको सुप्रसिद्ध अभिव्यक्ति "म हुँ" यसरी प्रकट गर्नुहुन्छ, "पुनरुत्थान र जीवन म नै हुँ । मलाई विश्वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ । अनि जिउने र ममाथि विश्वास गर्ने कहिल्यै मर्नेछैन् ।" हामी यी वचन यो अध्यायको अर्को खण्डमा अध्ययन गर्ने छौँ ।

येशूलाई भेट्नको निम्ति मरियम धेरै साथीहरुसाथमा लिएर गइन् । ती सबै रोइरहेका थिए । येशूले लाजरसलाई तिनीहरुले कहाँ दफन गरेका थिए भन्ने बारे सोध्नुभयो ।

जब येशू चिहानमा पुग्नुभयो, तब उहाँ पनि रुनु भयो । मरियम, मार्था र तिनीहरुको साथीहरुप्रतिको प्रेम र दयाको भावनाले येशूको हृदय भरियो । येशूले चिहानको मुखमा राखेको ढुङ्गा हटाउनको लागि अह्राउनु भयो । मार्थाले भनिन् कि लाजरस मरेको आजसम्म चार दिन भई सक्यो । येशूले जवाफमा भन्नुभयो, "के मैले तिमीहरुलाई भनेको होइन, तिमीले विश्वास गऱ्यौ भने, परमेश्वरको महिमा देख्नेछौँ ?"

चिहानमाथि राखेको ढुङ्गो हटाएपछि येशूले स्वर्गमा परमेश्वरको प्रार्थना गर्नुभयो र उहाँले येशूको बिन्ती सुन्नु भएकोमा धन्यवाद दिनुभयो । अनि येशू उच्च स्वरले कराउनु भयो, लाजरस बाहिर ! निस्की आऊ । तब लाजरस चिहानबाट बाहिर निस्की आयो ।



येशू र मार्था लाजरसको चिहानमा ।

२९.　लाजरस ___ दिन देखि मरेका छन् भनेर मार्थाले बाताइन् ।

(आफ्नो उत्तरहरु पेज नं. ५३ मा हेर्नुहोस्)

यस भन्दा अघि येशूले मृत्युमाथिको उहाँको विजय शक्ति देखाइ सक्नु भएको थियो । उहाँले याइरसकी छोरीलाई पुनर्जीवित गर्नुभयो, जो केही क्षण अघिमात्र मरेकी थिइन् (मर्कूस ५.२१-२४र ३५-४३) । उहाँले नाइन भन्ने गाउँकी विधवाको केही घण्टा अघि मरेको छोरालाई जीवित पार्नुभयो (लूका ८:११-१७) । अहिले, फेरि चार दिन अघि मरेको लाजरसको मृत्युमाथि विजय प्राप्त गरेर येशूले आफ्नो शक्ति प्रर्दशन गर्नुभयो । तर येशू परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने त्यो सबभन्दा ठूलो आश्चर्यकर्मले त तीन दिनसम्म चिहानमा रहेपछि उहाँ आफै पुनर्जीवित हुनु भएकोले हामीलाई देखाउँदछ ।

येशू मृतकबाट पुनर्जीवित हुनुहुन्छ - यूहन्ना ११:२५,२६ पढ्नुहोस् ।

हामी येशूको मृत्यु र मृत्युबाट पुनर्जीवित हुनु भएको बारे अर्को अध्यायमा विस्तृत अध्ययन गर्नेछौँ । तथापि, हामी येशूले मार्थालाई व्यक्त गर्नु भएको सुन्दर वचनलाई नजीकबाट अध्ययन गर्न चाहन्छौ, जसले येशू परमेश्वर-पुत्र हुनुहुन्छ भन्ने देखाउँछ । येशूले मार्थालाई भन्नुभयो, “पुनरुत्थान र जीवन म नै हुँ । मलाई विश्वास गर्ने मर्‍यो भने पनि जीवित हुनेछ । अनि जिउने र ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन । के तिमी यो विश्वास गर्छयौं ?”

येशूले यी वचन आफ्नै बारेमा व्यक्त गर्नु भएको हो, “पुनरुत्थान र जीवन म नै हुँ ।” मृत्यु धेरै शक्तिशाली छ । यस

संसारमा, जीवनको अन्त्यमा कोही पनि मृत्युसँग भाग्न सक्दैन । हामी धनी वा गरिब हुनु, वृद्ध वा जावन हुनुले केही अर्थ राख्दैन् । जब परमेश्वरले यस संसारमा रहनको लागि हामीलाई तोक्नुभएको समय सिद्धिन्छ, तब मृत्यु हामीकहाँ आइपुग्छ । बाइबलले हामीलाई बताउँदछ, "मेरो सम्पूर्ण जीवन तपाईको (परमेश्वरको) हातमा छ" (भनजसंग्रह ३१:१५) । मृत्यु अदन बगैचामा आदम र हव्वाले गरेको पापको परिणाम हो, जब कि परमेश्वरले असल र खराबको ज्ञान दिने रुखको फल चाहिँ नखानु नत्रभने तिनीहरु निश्चय नै मर्नेछन् भनेर चेतावनी दिनुभएको थियो (उत्पति २:१७) । तिनीहरुले  त्यो रुखको फल खाएरै छोडे अनि त्यसै बेलादेखि सदाको निम्ति मृत्यु हाम्रो अभिन्न अंग भएर प्रस्तुत भएको छ । मृत्युले हाम्रो जीवनमा हृदयघात र एक्लोपन उत्पन्न गर्दछ ।

तर येशू मृत्यु भन्दा धेरै शक्तिशाली हुनु हुन्छ । उहाँलाई असल शुक्रबारको दिन, क्रूसमा चढाएर मृत्युदण्ड दिइयो ।

उहाँलाई चिहानमा राखियो । तर इस्टर आइतबारको दिन परमेश्वरको पुत्रको शक्ति प्रदर्शन गर्दै उहाँ सफलताका साथ मृत्युबाट जीवित हुनुभयो । बाइबलले हामीलाई बताउँदछ कि येशू हाम्रा अपराधहरुका निम्ति मारिनुभयो तर मृतकबाट बौरी उठनुभयो त्यसकारणले हाम्रा पापहरु क्षमा गरिएका छन (रोमी ४:२५) ।

जो मरेका छन्, तिनीहरुको बारेमा पनि येशू यसरी बोल्नुहुन्छ, "अनि जिउने र ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्ने छैन् ।" कहिल्यै मर्नेछैन ? लाजरस मऱ्यो । येशू मर्नुभयो । हाम्रा साथीहरुअनि आफन्तहरु मर्दछन् अनि हामी पनि एक दिन मर्नेछौं । निसन्देह हाम्रो शरीर मर्दछ, तर हाम्रो आत्मा निरन्तर बाँच्दछ ।

परमेश्वरले हामीलाई आत्मा दिनुभयो, जुन यस संसारका अरु कुनै प्राणीमा छैन । जब येशू क्रूसमा मर्नुभयो, तब परमेश्वरले येशू खीष्टको रगतद्वारा हाम्रो आत्माको उद्धार गर्नुभयो । जब हामी मर्दछौ, हाम्रो शरीर भुँईमा लडाइन्छ, तर अन्त्यको दिनमा पुनर्मिलन नहुञ्जेल विश्वासीको आत्मा स्वर्गमा जान्छ । तब हामी, शरीर र आत्मामा परमेश्वरसँग सदाको लागि रहने छौ । हामी कहिल्यै मर्ने छैनौं । यो अनन्त जीवनको वरदान सबैलाई दिइएको छ, जो विश्वास गर्दछन । बाइबलले हामीलााई बताउँदछ कि हामी कर्मद्वारा होइन तर परमेश्वरको अनुग्रहबाट विश्वासद्धारा उद्धार गरिएका छौं (एफिसी २:८,९) ।

“के तिमी यो विश्वास गर्दछौ ?” भन्ने प्रश्न गरेर तपाईसँग अब येशू बोल्दै हुनुहुन्छ । तपाई आफू पापी हुँ भनेर विश्वास गर्नुहुन्छ ? तपाई येशूद्वारा उद्धार गरिएको हुँ भनेर विश्वास गर्नुहुन्छ ? विश्वासद्वारा उद्धार गरिएको हुँ भनेर तपाई विश्वास गर्नु हुन्छ ? यदि मार्थाले जस्तै यसो भनेर तपाईले पनि अपराध स्वीकार गर्न सक्नु भयो भने, “हो प्रभु म विश्वास गर्दछु, तपाई संसारमा आउनु हुने खीष्ट, परमेश्वरको पुत्र हुनुहुन्छ ।” यो असल हो ।

३०. येशूले मार्थासँग कुरा गर्दा आफ्नो बारेमा के भन्नु भयो ?

____________________________________________

३१. मृत्यु शक्तिशाली छ, तर ____________ मृत्यु भन्दा पनि शक्तिशाली हुनुहुन्छ ।

३२. हाम्रो शरीर मर्दछ तर हाम्रो ____________ सदा सर्वदा बाँच्दछ ।

३३. येशूले हामीलाई के प्रश्न सोध्नुहुन्छ ?

______________________________________

(आफ्नो उत्तरहरु पेज नं. ५३ मा हेर्नुहोस्)

## अध्याय तीनको पुनरावलोकन

उनको सुसमाचारमा प्रेरित पावल हामीलाई शिक्षा दिन चाहन्छन् कि येशू सर्वशक्तिमान परमेश्वरको पुत्र हुनुहुन्छ, जोसँग हामीलाई उद्धार गर्ने ईश्वरीय शक्ति छ । येशू आफ्नो शक्ति विभिन्न तरिकाबाट प्रदर्शन गर्नु हुन्छ ।

सर्वप्रथम, हामीले जान्यौ कि प्रकृतिमाथि येशूको शक्ति छ । हामीलाई उहाँले आफ्नो शक्ति देखाउनको निम्ति धेरै आश्चर्यकर्महरु गर्नुभयो । सबभन्दा पहिले उहाँले गर्नु भएको आश्चर्यकर्म चाहिँ पानीलाई दाखमद्यमा परिवर्तन गर्नु थियो । उहाँले यो आश्चर्यकर्म काना भन्ने गाउँमा भएको विवाह-भोजमा गर्नु भएको थियो । उहाँले भोजमा आवश्यक दाखमद्यको बन्दोबस्त मात्र गर्नु भएन, तर त्यो उच्च कोटीको र अधिक मात्रामा थियो । अर्को आश्चर्यकर्म भनेको येशूकहाँ उपदेश लिन भनी आएका पाँच हजार भन्दा बढी मानिसहरु पुरुष, महिला र केटाकेटीहरुलाई खाना खुवाउनु थियो ।

पाँच वटा रोटी र दुई वटा स-साना माछाले मात्रै यी सब मानिसहरुलाई खुवाउन सक्ने शक्ति उहाँमा छ भन्ने चेलाहरुलाई थाहा छ कि छैन भन्ने बारे जाँच गर्न येशूले चाहनु भएको थियो । येशूले पिता परमेश्वरलाई धन्यवाद दिनुभयो अनि सबै

मानिसहरुलाई प्रशस्त पुग्ने गरी रोटी खुवाउनु भन्यो । कति प्रशस्त मात्रामा येशूले रोटी खुवाउनु भएको थियो भन्ने प्रदर्शन गर्न कै निम्ति बाह्र डाला त उब्रेका टुक्राहरु नै बटुलिए । अन्त्यमा, हामीले जान्यौं कि पानी माथि हिँड्दा येशूले कसरी गुरुत्वाकर्षण शक्तिमाथि विजय प्राप्त गर्नुभयो अनि गालील समुद्रमा डुब्नु भएन । येशू शक्तिशाली हुनुहुन्छ ।

अर्को, हामीले जान्यौं कि रोगीमाथि येशूले शक्ति छ । उहाँको सेवकाईको समयमा येशूले धेरैलाई निको पार्नु भयो । आँखा नदेख्ने, कान नसुन्ने र हिँडडुल गर्न नसक्ने मानिसहरुलाई उहाँले निको पार्नु भयो । जब येशूले उच्च अधिकारीको छोरालाई निको पार्नुभयो, त्यसबेला उहाँ ती अधिकारीको घरमा जानु भएन तर टाढैबाट तिनको छोरो निको भईसक्यो भनेर भन्नु भयो । जब ती मानिस आफ्नो घर गए, तब तिनको छोरा 'येशूले निको भइसक्यो' भन्नु भएकै बेला निको भएछ भन्ने कुरा तिनले थाहा पाए । त्यसपछि, ३८ वर्षसम्म हिँडडुल गर्न नसकेको मानिसलाई येशूले पूर्ण निको पार्नू भएको कुरा हामीले थाहा पायौं । येशूले त्यसलाई भन्नुभयो, "खडा होऊ, र आफ्नो ओछ्यान उठाऊ, र हिँड ।" अनि त्यो मानिस निको भएर हिँडिहाल्यो । जन्मैको अन्धालाई येशूले दृष्टिदान गर्नु भएको बारेमा पनि हामीले जान्यौं । येशूले तिनको आँखामा माटोको लेप लगाइ दिनुभयो अनि पखाल्न लगाउनु भयो । जब तिनले पखाले, तिनले देख्न सक्ने भए । यी सब र अरु आश्चर्यकर्महरुले परमेश्वरको पुत्र भएको कारणले रोगीमाथि येशूको शक्तिको प्रदर्शन गर्दछ ।

निष्कर्षमा हामीले जान्यौं कि मृत्युमाथि येशूको शक्ति छ अर्थात मृत्युलाई जित्ने शक्ति येशूमा छ । येशूका मित्रहरु मरियम र मार्था दु:खमा डुबेका थिए । तिनीहरुको भाइ बिरामी पऱ्यो र मऱ्यो पनि । तर लाजरस मरेर चार दिनसम्म चिहान मै रहँदा पनि त्यहाँ जानु पर्ने र सहायता गर्नु पर्ने भन्ने तिनीहरुको बिन्तीको येशूले जवाफ समेत दिनु भएन । येशूले आफ्नो दया र शक्ति लाजरसलाई चिहानबाट उठेर बाहिर निस्की आऊ भनेर देखाउनु भयो । येशूले तिनलाई मृतकबाट जीवित पार्नुभयो । तर येशूको सबै भन्दा महान आश्चर्यकर्म चाहिँ उहाँ मुर्दा भएर चिहानमा तीन दिनसम्म रहेपछि पुनर्जीवित भएर आफैं उठ्नु भएको हो । येशू मृतकबाट जीवित हुनु भएकोले हामीलाई उहाँले मार्थालाई व्यक्त गर्नुभएको वचनको स्मरण गराउँदछ, “पुनरुत्थान र जीवन म नै हुँ ।”

हामी विश्वास गर्दछौ कि येशू परमेश्वरको पुत्र हुनुहुन्छ, जसले आफ्नो शक्तिद्वारा, हाम्रो जीवनमा पनि सहायता गर्नु हुन्छ ।

अध्याय तीनका प्रश्नहरुका उत्तरहरु :-
१. वरदान, महिमा, २. काना, विवाह, ३. दाखमद्य, ४. पानी, दाखमद्य, ५. पहिलो, ६. सर्वशक्तिमान, ७. परमेश्वरको पुत्र, जाँच, ८. आठ, ९. रोटी, माछा, १०. असफल, ११. पाँच हजार, १२. बाह्र, १३. शारीरिक, आत्मिक, १४. आत्मिक, अनन्त, १५. डुङ्गा, १६. हिड्नु, डराए, १७. म हुँ, नडराओ, १८. परमेश्वरको पुत्र,१९. येशू, सहायता, २०. निको, २१. शक्ति, परमेश्वरको पुत्र, २२. हिँडडुल, २३. हिँड, २४, शक्तिशाली, २५. परमेश्वरको पुत्र, शक्ति, २६. येशू, २७. लाजरस, २८. मरेका, २९. चार, ३०. पुनरुत्थान र जीवन म नै हुँ, ३१. येशू, ३२. आत्मा, ३३. के तिमी यो विश्वास गर्छौ ?

# अध्याय तीनको परीक्षा

१. येशूले गर्नु भएको पानीलाई दाखमद्यमा बदल्ने आश्चर्यकर्म ____________ आश्चर्यकर्म थियो ।

२. जब ५००० मानिसहरु पुरुष, स्त्री, केटाकेटीहरुले खाई सके त्यहाँ ____________ डाला उब्रेका टुक्राहरु जम्मा गरिए ।

३. येशू परमेश्वरको पुत्र हुनुहुन्छ, र जब हामीलाई आवश्यक पर्दछ उहाँले ____________ गर्न सक्नुहुन्छ ।

४. जब चेलाहरुले येशूलाई पानीमाथि ________ भएको देखे, तिनीहरु ____________ ।

५. जब हाम्रो जीवनमा संकष्ट आई लाग्दछ, हामी ____________ तर्फ फर्कनु पर्दछ अनि उहाँको ____________ को लागि प्रार्थना गर्नुपर्दछ ।

६. एकजना उच्च अधिकारी येशूकहाँ भेट्न आए अनि उनको छोराकहाँ गएर _____ ______ गर्नको निम्ति बिन्ती गरे ।

७. रोगहरु निको पार्ने शक्ति येशूसँग छ किनभने उहाँ ________ _______ __________ हुनुहुन्छ ।

८. येशूको ________________ वचनले हिँडडुल गर्नै नसक्ने मानिसलाई निको पार्नु भयो ।

९. जन्मैदेखि अन्धा मानिसले उसलाई निको पार्ने व्यक्ति ____________ नै हुनुहुन्छ भनेर चिन्यो ।

१०. एउटा मानिस जो बिरामी थियो र मरेको थियो अनि चार दिनदेखि चिहानमा नै थियो, उसको नाम ____________ थियो ।

११. येशूले मार्थालाई भन्नुभयो, " ______________ र ______________ म नै हुँ ।"

(आफ्नो उत्तरहरु पेज नं. ११९ मा हेर्नुहोस्)



# अध्याय -चार

**आफ्नो संकष्टको निम्ति येशूले आफ्ना चेलाहरु तयार पार्नुहुन्छ ।**

येशूको यस संसारमा रहने अवधि अब समाप्त हुँदैछ । चाँडै नै, येशूले भन्नु भए झैं, सबै मानिसहरुका पापको निम्ति उहाँले संकष्ट झेल्नु पर्नेछ अनि मर्नु पर्नेछ । तर यो घटना घटने क्षणको निम्ति येशू आफ्ना चेलाहरुलाई तयार गर्न चाहनु हुन्छ । तसर्थ, हामी जान्न चाहन्छौं :

* कसरी येशूले आफ्ना चेलाहरु तयार गर्नु भयो, र
* मर्नु भन्दा अगाडि येशूले कसरी संकष्ट झेल्नु भयो ।

<u>येशूले स्वर्गमा ठाउँ तयार पार्नु भएको छ यूहन्ना</u> १४: १-६ पढ्नुहोस् ।

हाम्रो जीवनमा त्यस्ता समय पनि हुन्छन्, जसमा हाम्रो जीवनमा घटेको घटनाले हामीलाई कष्ट दिन्छ । मानिलिऊँ हामी बिरामी परेका छौं र बाँच्छौ कि मर्छौं, हामीलाई थाहा छैन । संयोगले, हाम्रो परिवारको कोही प्रियजनको मृत्यु हुँदा, परिवारलाई के पर्न जान्छ हामी जान्दैनौं । यस्तै भयो ती चेलाहरुको जीवनमा । येशूले चेलाहरुलाई उहाँले दुःख पाउनु हुनेछ अनि मर्नु हुनेछ भनि सकेपछि उहाँको कुरा सुनेर तिनीहरु दुःखीत भए । येशूले तिनीहरुको डर शान्त पार्न चाहनु हुन्थ्यो, र तिनीहरुलाई सान्त्वना दिने वचन बोल्नुभयो ।

येशूले चेलाहरुलाई र हामीलाई एउटा विशाल घरको चित्र प्रदान गर्नुहुन्छ । यो घर स्वर्ग हो । यसका धेरै कोठाहरु छन् । येशू आफ्ना पिताको घरमा सबै विश्वासीहरुको लागि ठाउँ तयार पार्नको लागि स्वर्ग फर्केर जाँदै हुनुहुन्छ । तब पछि, जब हामी मर्दछौं, उहाँ हामीकहाँ आउनुहुनेछ र उहाँले हाम्रो लागि तयार पार्नु भएको सुन्दर घरमा हामीलाई लैजानु हुन्छ ।

येशूले चेलाहरुलाई भन्नुभयो कि तिनीहरुले स्वर्ग जाने बाटो चिनेका छन् । तर थोमा भन्ने चेलाले सोधे, “हे प्रभु, तपाई कहाँ जाँदैहुनुहुन्छ, हामी जान्दैनौ, तब हामीले बाटो कसरी चिन्ने ?” थोमाले येशूको वचनको आत्मिक अर्थ बुझ्न सकेनन् । येशूले हामीलाई पनि सोध्नु हुन्छ, “तिमीले बाटो चिनेका छौ ?” येशू हामीलाई यसरी जवाफ दिनुहुन्छ, “बाटो, सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन् ।”

येशू हामीलाई स्मरण गराउनु हुन्छ कि स्वर्ग जाने बाटो उहाँद्वारा बाहेक अरु कोही छैन ।

र हामी स्वर्ग जाने त्यो बाटो चिन्दछौं । यो बाइबलमा पाईन्छ । बाइबलमा हामी हाम्रो मुक्तिको लागि परमेश्वरको योजना बारे ज्ञान प्राप्त गर्दछौं । हामी सिक्दछौं कि हामीलाई पापबाट, मृत्युबाट र शैतानको शक्तिबाट उद्धार गर्नको निम्ति परमेश्वरले प्रेमपूर्वक उहाँको एकमात्र पुत्र, येशूलाई पवित्र जीवन जिउन र क्रूसमा मर्नको लागि पठाउनुभयो । परमेश्वरले उहाँको पवित्र आत्मा प्रेमपूर्वक नै हामीकहाँ पठाउनु हुन्छ, जसले हामीलाई येशूमाथि विश्वासमा ल्याउनु हुन्छ । हाम्रो मुक्तिदाता, येशूमाथिको विश्वासद्वारा नै हामी उद्धार गरिएका छौं । स्वर्गमा जाने यो नै एकमात्र बाटो हो ।

र यो नै सत्य हो । येशू नै सत्य हुनुहुन्छ, जसले हामी कसरी उद्धार गरिएका छौं भनेर हामीलाई बताउनु हुन्छ । हाम्रो अध्ययनको प्रारम्भमा येशू वचन हुनुहुन्छ भनेर हामीले सिक्यौं । हामी पापी हौं भनेर वचनले हामीलाई बताउनु हुन्छ । त्यो नै सत्य हो । हामीलाई पापबाट मुक्त गर्नको निम्ति उहाँ आउनु भयो ताकि हामी स्वर्गमा परमेश्वर सन्मुख हुन सकुँ भनेर येशू हामीलाई बताउनु हुन्छ । त्यो नै सत्य हो । बाइबलमा मात्रै हामी सत्यको बारेमा सिक्दछौं ।

उहाँ नै जीवन हुनुहुन्छ भनेर येशू भन्नु हुन्छ । यस संसारमा हामी जन्मदाखेरि उहाँले शारीरिक जीवन प्रदान गर्नुहुन्छ । जब उहाँले हामीलाई उहाँमाथि विश्वास गर्न ल्याउनुहुन्छ तब उहाँले हामीलाई आत्मिक जीवन पनि दिनुहुन्छ । जब हामी यस

संसारमा मर्दछौं, तब आत्मिक जीवनले स्वर्गमा अनन्त जीवनतर्फ डोऱ्याउँदछ ।

तसर्थ, येशूले भन्न सक्नुहुन्छ कि उहाँ नै बाटो, सत्य र जीवन हुनुहुन्छ । साथै उहाँको अर्को अभिव्यक्ति पनि महत्वपूर्ण छ, "मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन् ।" धेरै मानिसहरु हामीलाई भन्ने कोशिस गर्दछन् कि हामी असल जीवन यापन गरेर स्वर्ग पुग्न सक्दछौं अनि परमेश्वरले हामीलाई स्वर्गमा पुग्न दिनुहुनेछ । तर परमेश्वर हामीलाई भन्नुहुन्छ, "व्यवस्थाका कामद्वारा कोही पनि मानिस धर्मी ठहरिँदैन(गलाती २:१६) । धेरै मानिसहरु प्रकृतिका चिजहरु र मूर्तिहरु पूजा गर्दछन्, तर परमेश्वरको वचनले हामीलाई सम्झाउनु हुन्छ कि, "म बाहेक अरु कुनै देवता-देवीहरु नमान"(प्रस्थान २०:२,३) । हामी कसैले आफ्नो उद्धार आफैंले गर्न सक्दैनौं । स्वर्गमा प्रवेश गर्ने एउटा मात्र बाटो भनेको येशू खीष्टमाथिको विश्वासद्वारा मात्र हो ।

१. येशू हामीलाई स्मरण गराउनु हुन्छ कि __________ जाने बाटो उहाँ ____________ एक हुनुहुन्छ ।

२. ____________ मा हामी हाम्रो मुक्तिको लागि परमेश्वरको योजना बारे ज्ञान प्राप्त गर्दछौं ।

३. हामी आफ्नो उद्धार आफैंले गर्न ____________ ।

(आफ्ना उत्तरहरु पेज नं. ७२ मा हेर्नुहोस्)

<u>येशू पवित्र आत्मा पठाउने प्रतिज्ञा गर्नुहुन्छ</u> - यूहन्ना १४:२५- २७, र यूहन्ना १५:२६ -२७ पढनुहोस् ।

येशूले प्रेरितहरुलाई भन्नु हुन्छ कि उहाँ चाँडै नै तिनीहरुबाट छुट्टिनु हुनेछ । येशू क्रूसमा मर्नु भन्दा एक दिन अघि उहाँले यो अभिव्यक्ति प्रकट गर्नु हुन्छ । तथापि तिनीहरु व्याकूल हुनु र भयभीत हुनु पर्ने छैन किनकि उहाँले तिनीहरुलाई मार्गदर्शन गर्नको लागि पवित्र आत्मा पठाउनु हुनेछ । चेलाहरुले कसरी येशूले गर्नु भएका र व्यक्त गर्नु भएका सबै कुरा सम्झन सक्ने होलान् ? येशूले तिनीहरुलाई बताउनु हुनछ कि येशूले गर्नु भएको र भन्नु भएको सबै कुरा तिनीहरुलाई स्मरण गराउनको निम्ति पिता परमेश्वरले पवित्र आत्मा पठाउनु हुनेछ । यो पहिले नै पेन्तिकोसको दिन-येशू पुनरुत्थान हुनु भएको पचास दिन पछि - भएको थियो, जब पवित्र आत्मा चेलाहरु माथि आउनु हुन्छ र येशूको बारेमा चेलाहरुले धेरैलाई बताउँदछन् ।

बाइबलमा वचनद्वारा हामीसँग पनि बोल्नु हुने पवित्र आत्मा नै हुनुहुन्छ । बाइबलमा भएको परमेश्वरको वचन नै हो, जसले हामीमा शान्ति उत्पन्न गर्दछ । पापको कारणले गर्दा संसारमा हामीलाई शान्ति छैन् । राष्ट्रहरु एक-अर्काको विरुद्धमा युद्ध गर्दछन् । पति-पत्नीहरु, केटाकेटी- बाबुआमाहरु, साथीहरु एक-अर्कासँग विवाद गर्दछन् । पापपूर्ण संसारमा हामी शान्ति पाउँदैनौं । तर हामी हाम्रो हृदयमा परमेश्वरको साथमा शान्ति पाउन सक्दछौं । उहाँले हाम्रो निम्ति मर्नको लागि येशूलाई पठाउनु भयो ताकि हामी धर्मी

ठहरिन सकूँ अनि यो शान्तिको बारेमा हामीलाई बताउने उही पवित्र आत्मा नै हुनुहुन्छ ।

अर्को अध्याय, अर्थात् अध्याय १५, पद २६ र २७ मा येशूले पवित्र आत्मा पठाउनेछु भनेर फेरि पनि हामीलाई भन्नु हुन्छ । उहाँले पवित्र आत्मालाई सत्यको आत्मा भन्नुहुन्छ । उहाँ परमेश्वर पिताबाट आएको हुनुहुन्छ भनेर हामीलाई बताउनु हुन्छ । येशूले यो पनि भन्नुहुन्छ कि पवित्र आत्माले उहाँको बारेमा गवाही दिनुहुन्छ अनि हाम्रो लागि उहाँले जे-जे गर्नुभयो त्यो सब बताइदिनु हुन्छ । र पवित्र आत्माले त्यस्तै गर्नु हुन्छ । हामीले बाइबलमा जे-जति पढ्दछौं, ती सबले येशूकै बारेमा बताउँदछ । पुरानो करारले भविष्यमा आउनु हुने येशूको अग्रिम संकेत दिँदछ भने नयाँ करारले येशूले हाम्रोलागि जे-जति गर्नु भयो त्यसको स्मरण गराउँदछ ।

यी वचनहरुमा एउटा महत्वपूर्ण विचार पनि उल्लेख गरिएको छ । येशू हामीलाई भन्नुहुन्छ कि उहाँ मार्फत परमेश्वरले हाम्रो लागि गर्नु भएको सबै थोक बारे जसरी पवित्र आत्माले हामीलाई बताउनु हुन्छ त्यसरी नै हामीले यी सब कुरा अरुमा प्रचार गर्नु पर्दछ । हामी हाम्रा साथीहरुलाई, परिवारजनलाई र अपरिचित व्यक्तिहरुलाई बताउन चाहन्छौं कि येशू बाटो, सत्य र जीवन हुनुहुन्छ र उहाँ स्वर्ग पुग्ने बाटो येशू मात्र एक हुनुहुन्छ । त्यही नै प्रार्थना हामी प्रभुको प्रार्थनामा यसरी गर्दछौं, “प्रभुको राज्य आओस ।” यी वचनमा हामी प्रार्थना गरिरहेका छौं कि परमेश्वरको राज्य हामीकहाँ आउने छ र जब हामी अरु समक्ष परमेश्वरको वचन प्रचार गर्दछौं, तिनीहरु पनि परमेश्वरको

परिवारको सदस्य र विश्वासीहरु हुनेछन् र साथै स्वर्गमा अनन्त जीवनमा उत्तराधिकारी हुनेछन् ।

४. येशूले चेलाहरुलाई अनि हामीलाई ____________ ____________ पठाउने प्रतिज्ञा गर्नु भयो ।

५. बाइबलमा भएको परमेश्वरको वचनले नै हामीलाई ____________ प्रदान गर्दछ ।

६. येशू हामीलाई भन्नुहुन्छ कि उहाँद्वारा परमेश्वरले हाम्रो लागि गर्नु भएको सबै थोक बारे जसरी पवित्र आत्माले हामीलाई बताउनु हुन्छ त्यसरी नै हामीले यी सब कुरा ____________ ____________ गर्नु पर्दछ ।

(आफ्ना उत्तरहरु पेज नं. ७२ मा हेर्नुहोस्)

<u>तिनीहरुलाई सताइने छ भनेर येशूले आना चेलाहरुलाई चेनावनी दिनुहुन्छ</u> - यूहन्ना १५: १८- २१ र यूहन्ना १६ : १-४ पढनुहोस् ।

हामी ईसाइ भएको कारणले गर्दा हाम्रो जीवनमा के आइ पर्नेछ भनेर येशू अब आफ्ना चेलाहरु र हामीलाई चेतावनी दिनुहुन्छ । संसारले विश्वासीहरुलाई घृणा गर्नेछ । येशूको, जीवनकालमा यस संसारका मानिसहरुले येशूलाई घृणा गरे अनि क्रूसमा टाँगेर मारे । आजकल यस्तै नै हुन्छ विश्वासीहरुको जीवनमा पनि । ईसाइहरुको खिल्ली उडाउने अनि तिनीहरुलाई विभिन्न समस्या खडा गर्ने एकथरी समूह पनि हुन्छन् । अझ अरु केही मानिसहरुले त ईसाइहरुलाई मार्ने पनि गर्दछन् । उहाँ हामीलाई सम्झाउनु हुन्छ कि

नोकर (हामी) घरको मालिक (येशू) भन्दा ठूलो हुँदैन् । यदि मानिसहरुले येशूलाई पीडा दिएको हुनाले, हामीलाई पनि मानिसहरुले सताउने छन् भनेर अपेक्षा गर्नु पर्दछ । विश्वास नगर्नेहरुले यस्तो काम गर्दछन् किनकि तिनीहरुले परमेश्वर तथा येशू र तिनीहरुका लागि उहाँले गरेको काम बारे तिनीहरु अनभिज्ञ छन् । तथापि हामीसँग उहाँले हामीलाई सहायता गर्नु हुनेछ भन्ने प्रतिज्ञा छ । उहाँ हामीसँग प्रतिज्ञा गर्नुहुन्छ, “हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु ।”(मत्ती २८:२०)

७. मानिसहरुले ____________ लाई घृणा गर्नेछन् ।

८. अझ अरु केही मानिसहरुले त ईसाइहरुलाई ____________ पनि छन्, किनकि हामी येशूमा ____________ गर्दछौं ।

९. येशू हामीसँग प्रतिज्ञा गर्नुहुन्छ, “हेर, म युगको अन्त्यसम्म ____________ तिमीहरुका साथमा छु ।”

(आफ्ना उत्तरहरु पेज नं. ७२ मा हेर्नुहोस्) ।

उहाँको मृत्युको निम्ति आफ्ना चेलाहरु तयार गरिसकेपछि, येशू मात्र अब चाहिँ सबैको पापको निम्ति दुःख झेल्न शुरु गर्नुहुन्छ ।

<u>आफ्नो मृत्युबारे येशूको भविष्यवाणी</u> - यूहन्ना १२:२०-३६ पढ्नुहोस् ।

जब ग्रीस देशबाट आएका केही मानिसहरुले येशूसँग भेटेर कुरा गर्न इच्छा व्यक्त गरे, तब उहाँले तिनीहरुलाई जवाफ दिनुभयो, "मानिसको पुत्रको महिमित हुने समय आइपुगेको छ । यसभन्दा अघि येशू प्राय:जसो भन्ने गर्नुहुन्थ्यो, "मेरो समय अझ आई पुगेको छैन ।" तर अब उहाँ हामीलाई भन्दै हुनुहुन्छ कि उहाँको समय आई सकेको छ । उहाँले चर्चा गरि रहनु भएको समय(क्षण) भनेको उहाँ मर्नु हुने, मृत्युबाट पुनर्जीवित हुनु हुने र त्यसपछि स्वर्गको महिमामा फर्कनु हुने हो । के हुनेछ भन्ने सम्बन्धमा व्याख्या गर्न येशूले दैनिक जीवनकै एउटा उदाहरण प्रस्तुत गर्नुहुन्छ । उहाँ जमीनमा बीउ छरेको कुरा गर्नु हुन्छ । बीउले उम्रिनको लागि र धेरै फल फलाउनको लागि आफू मर्नु पर्दछ । येशूले पनि मर्नु पर्दछ ताकि मृत्युबाट पुनर्जीवित भएर परमेश्वरको प्रशंसा हुनेछ र हामी उद्धार गरिनेछौं ।

हामीलाई थाहा छ कि येशू साँचो परमेश्वर मात्र हुनुहुन्न तर साँचो मानिस पनि हुनुहुन्छ । मानिसको पुत्र भएकोले उहाँ व्याकूल हुनुभएको छ र त्यसैले सोध्नुहुन्छ, "म के भनूँ ? हे पिता, मलाई यस घडीबाट बचाउनुहोस् ?" येशू उहाँको प्रश्नको उत्तर यसरी दिनुहुन्छ, "होइन !" येशूले स्वर्ग छोडेर यस संसारमा जन्मनु भएको कारण चाहिँ हाम्रो सबै पापहरुको सजाय भोग्नु थियो । मुक्तिको यो परमेश्वरको योजना हो । येशू हामीलाई उहाँको जीवन दिन आउनु भयो । अब यो गर्नको लागि समय, घडी आईपुगेको छ ।

तब स्वर्गबाट यस्तो ठूलो आवाज आयो, “मैले त्यो महिमा गरेको छु, र फेरि गर्नेछु ।” येशूको जीवनकालमा परमेश्वर पिताले स्वर्गबाट बोल्नु भएको यो तेस्रो पटक हो । पहिलो पटक येशूको बप्तिस्माको बेलामा थियो (मर्कूस १:११) । अर्को पटक रुप परिवर्तन भएको पहाडमा जब पत्रुस, याकूब र यूहन्नाले येशूलाई एलिया र मोशासँगै देखे, त्यसैबेला परमेश्वरको वाणी प्रकट भयो(मर्कूस ९:७) । यस प्रकारले परमेश्वर भन्नु हुन्छ कि येशूको जीवन, मृत्यु र पुनरुत्थानले परमेश्वरको महिमा, अर्थात् प्रशंसा गर्दछ । जो- जो मानिसहरुले परमेश्वर बोल्नु भएको सुने, तिनीहरुले मेघ-गर्जन भन्ठाने, तर येशूले भन्नुभयो कि परमेश्वरले आदम र हव्वासँग गर्नु भएको मुक्तिदाता पठाउने प्रतिज्ञा पूरा गर्दै हुनुहुन्थ्यो, जसले क्रूसमा टाँगिएर शैतानको शक्तिलाई कुल्चनु हुनेछ । क्रूसमा येशूले सबै मानव जातिको पापको ऋण तिर्न गर्नु भएको कार्य यो नै हो, जसले सबै मानिसलाई उहाँतर्फ आकर्षित गर्दछ । र येशूले त्यही नै गर्नु भयो । हामी र अरु धेरै आफ्नो मुक्ति पाउनको लागि येशूको क्रूसमा आइपुगेका छौं । येशूको नाम सारा संसारभरी फैलिएको छ ।

येशूको समयमा धेरैले उहाँमाथि विश्वास गर्दैन थिए । तिनीहरुले सोधे, “यी मानिसको पुत्र को हुन् ?” अचेल पनि धेरै मानिसहरु छन् जसले येशूमाथि विश्वास गर्दैनन् । उज्यालोमा हिँडनु पर्दछ भनेर येशू हामीलाई सम्झाउनु हुन्छ । यदि हामीले यसो गरेनौ भने, हामी अन्धकारमा हिडिरहेका हुन्छौं र स्वर्गमा जाने बाटो फेला पार्न सक्ने छैनौं । येशू हामीलाई भन्नु हुन्छ, “म संसारको ज्योति हुँ । मलाई पछयाउने अन्धकारमा हिँडडुल गर्ने

छैन्, । तर त्यसले जीवनको ज्योति पाउनेछ (यूहन्ना ८:१२) । अब हामीले हाम्रो ज्योति चम्कन दिनु पर्दछ (मत्ती ५:१४-१६) ।

१०. येश ___________ परमेश्वर मात्र हुनुहुन्न, तर उहाँ साँचो ____________ पनि हुनुहुन्छ ।

११. येशू हामीलाई उहाँको _________________ दिनको निम्ति आउनु भयो ।

१२. येशू हामीसँग भन्नुहुन्छ, "म संसारको ___________ हुँ ।"

१३. येशूलाई पछयाउनेहरु ____________ मा हिँडडुल गर्नेछैन् ।

(आफ्ना उत्तरहरु पेज नं. ७२ मा हेर्नुहोस्)

<u>येशू पत्रुसलाई चेतावनी दिनुहुन्छ</u> - यूहन्ना १३: ३६ - ३८ पढ्नुहोस् ।

जब प्रेरित आफ्नो जीवन येशूमा समर्पण गर्ने कुरा गर्दछन्, तब येशू तिनलाई चेतावनी दिनु हुन्छ । येशू तिनलाई भन्नुहुन्छ कि रात समाप्त नहुँदै तिनले येशूलाई तीन पल्ट इन्कार गर्नेछन् । पत्रुसले गरे पनि त्यस्तै । यो पुस्तकको अन्त्यमा उहाँको पुनरुत्थान पछि लगत्तै येशूले पत्रुसलाई के भन्नु हुन्छ, त्यो पाउनेछौं ।

<u>येशूको, प्रधान पूजाहारीको प्रार्थना-यूहन्ना अध्याय १७ पढ्नुहोस् ।</u>

येशूले उहाँ क्रूसमा मर्नु भन्दा अघिल्लो रात बिहिबार बेलुकी यो सुन्दर प्रार्थना गर्नु भएको थियो । यो प्रार्थना मत्ती, मर्कूस र लूकाका सुसमाचारहरुमा पाईदैन ।

यूहन्ना अध्याय १७ को शुरुमा पदहरुमा येशूले आफ्नो निम्ति प्रार्थना गर्नुहुन्छ । बेथलेहेममा उहाँ जन्मनु भन्दा पहिले स्वर्गमा छँदाको उहाँको महिमा र सम्मान उहाँका पिताले दिनु हुनेछ भनी येशू प्रार्थना गर्नु हुन्छ । येशूले मानिसहरुलाई उहाँमाथि विश्वास गर्न उपदेश दिनुहुन्छ ताकि तिनीहरुले अनन्त जीवन प्राप्त गर्न सकून । उहाँ भन्नु हुन्छ कि अनन्त जीवन भनेको परमेश्वर र येशूलाई चिन्नु हो, जसलाई परमेश्वरले हाम्रो मुक्तिदाता हुन पठाउनुभयो । येशू प्रार्थना गर्नु हुन्छ कि उहाँले भोलिपल्ट गर्ने संकष्टको अनुभवद्वारा परमेश्वरले उहाँलाई आफूमा र स्वर्गमा ल्याउनु हुनेछ । त्यसपछि, येशू आफ्ना चेलाहरुका लागि प्रार्थना गर्नुहुन्छ । येशूले परमेश्वरको बारेमा सबै सत्यता र चेलाहरुको मुक्तिको बारे ती चेलाहरुलाई बुझाइ दिनुभयो । चेलाहरुले पनि येशूले सिकाउनु भएको सबै कुरामाथि विश्वास गरे । “म तपाईबाट आएको हुँ भन्ने तिनीहरुले साँच्चै जानेका छन्, अनि तपाईले मलाई पठाउनु भएको हो भनी तिनीहरुले विश्वास गरेका छन् । येशूका वचनहरु शक्तिशाली थिए ।

येशू अब आफ्ना चेलाहरुसँग शारीरिक रुपले हुनु हुने छैन । त्यसकारण, उहाँ अरु मानिसहरु माझ प्रचार गर्न अनि शिक्षा दिन जाने आफ्ना चेलाहरुको संरक्षण गर्नु हुनको निम्ति स्वर्गका पितासँग प्रार्थना गर्नुहुन्छ । येशू यस संसारमा रहनु हुँदा, उहाँलाई धोखा दिने यहूदा इस्करियोत बाहेक सबै चेलाहरुको उहाँले रक्षा गर्नु भयो र तिनीहरुलाई आफ्नै साथमा राख्नु भयो । अझ यहून्नाद्वारा येशूलाई धोखा दिइएको पनि पुरानो करारको भविष्यवाणी पूरा गर्नलाई थियो (भजनसंग्रह ४१:९) ।

जसरी परमेश्वर पिताले येशूलाई यस संसारमा पठाउनुभयो, त्यसरी नै अब येशूले उहाँका वचनका सत्यता बारे प्रचार गर्न आफ्ना चेलाहरुलाई पठाउनु हुन्छ । येशू प्रार्थना गर्नु हुन्छ कि उनीहरुको महत्वपूर्ण काम सञ्चालन गर्न ती चेलाहरुलाई पवित्र बनाइयोस् ।

आफ्नो लागि र चेलाहरुको लागि प्रार्थना गरिसकेपछि, येशू सबै समयको सबै विश्वासीहरुको लागि प्रार्थना गर्नुहुन्छ । सर्वप्रथम, ती सबै एक हुन भनेर उहाँ प्रार्थना गर्नुहुन्छ । यहाँ एक मात्र पवित्र ईसाइ मण्डली छ र यो येशूमाथि विश्वास गर्नेहरुद्वारा निर्मित छ । यो येशूद्वारा र पवित्र आत्माको काम परमेश्वरले प्रदान गर्नु भएको आत्मिक एकता हो । यस संसारमा प्रत्यक्ष देखिने मण्डलीलाई विभाजित गरेर केहीले दिएको शिक्षा गलत छ । तर येशूमाथि विश्वास गर्नेहरु सबै परमेश्वरको पवित्र मण्डलीका अंग हुन् । यो अदृश्य मण्डलीकाहरुलाई परमेश्वरले मात्र चिन्नु हुन्छ (२ तिमोथी २:१९) । येशू हामीलाई उहाँसँगै स्वर्गमा भएको चाहनुहुन्छ अनि प्रार्थना गर्नुहुन्छ कि हामीले स्वर्गमा उहाँको महिमा देख्न सकूँ ।

१४. येशू प्रार्थना गर्नुहुन्छ कि उहाँ स्वर्गमा छँदाको ____________ र ____________ परमेश्वरले उहाँलाई दिनुहुनेछ ।

१५. उहाँका चेलाहरुको ____________ गर्नको निम्ति येशू उहाँका स्वर्गका पिताको प्रार्थना गर्नुहुन्छ ।

१६. येशू हामीलाई उहाँसँगै ____________ भएको चाहनु हुन्छ र हामीले स्वर्गमा उहाँको महिमा देख्न सकूँ भनेर प्रार्थना गनुहुन्छ ।

(आफ्ना उत्तरहरु पेज न ७२ मा हेर्नहोस्)

# अध्याय चारको पुनरावलोकन

येशूको निम्ति सबै मानिसहरुको पापको ऋण चुक्ता गर्ने समय आइ पुग्यो । उहाँका चेलाहरु र हामीलाई उहाँको मृत्युको निम्ति तयार पार्नु हुन्छ । उहाँ स्वर्गको बारेमा कुरा गरेर प्रारम्भ गर्नुहुन्छ । येशू हामीलाई नडराउनको लागि भन्नु हुन्छ किनभने परमेश्वरले हाम्रो लागि स्वर्गमा अचम्मको ठाउँ तयार गर्नु भएको छ । हामी त्यो बाटोबाट स्वर्ग जान्छौं जसले येशूलाई पछयाउँदछ । जो एक मात्र स्वर्गको बाटो हुनुहुन्छ । येशूले सत्यताको बारेमा हामीलाई बाइबलमा देखाइएको छ, जसमा हामी सबै पापी हौं भनिएको छ, तर हाम्रो पापबाट हामीलाई मुक्ति दिनु हुनेछ भनेर पनि देखाइएको छ । येशू नै एक हुनुहुन्छ, जसले हामीलाई कहिल्यै अन्त नहुने जीवन दिनुहुन्छ । यस संसारको जीवन पछि हामी स्वर्गमा जानेछौं, जुन उहाँले हाम्रो लागि तयार पार्नु भएको छ ।

येशू क्रूसमा मर्नु भन्दा पहिले उहाँले आफ्ना चेलाहरु र हामीसँग पवित्र आत्मा पठाइदिने प्रतिज्ञा गर्नुभयो । शारीरिक रुपले येशू यस पृथ्वीमा रहनु हुन्न, तर येशूले गर्नु र भन्नु भएको सबै थोक पवित्र आत्माले सर्वत्र फिँजाइ दिनु हुन्छ । पवित्र आत्माले त्यो पेन्तिकोसको दिनमा ठूलो शक्तिसँग येशूका चेलाहरुमाथि आउनु भयो र त्यही वचन हामी बाइबलमा पाउँदछौं । परमेश्वरको वचनले हामीमा शान्ति ल्याउँदछ अनि परमेश्वरको वचन अरुलाई प्रचार गर्नु भन्नुहुन्छ ।

येशू आफ्ना चेलाहरुलाई चेतावनी दिनुहुन्छ कि तिमीहरुले सतावटको सामना गर्नु पर्नेछ जसरी आज पनि येशूमाथि विश्वास नगर्नेहरुको सतावटको सामना ईसाइहरुले गर्नु परेको छ । येशू

हामीसँग प्रतिज्ञा गर्नु हुन्छ कि हामीलाई हाम्रो ईसाइ जीवन भरि नै डोऱ्याउन अनि संरक्षण गर्न उहाँ हामीसँगै रहनु हुन्छ ।

शैतानको शक्तिलाई कुल्चने येशूको समय आइपुग्छ । उहाँ भन्नु हुन्छ कि जसरी जमीनमा छरेको बीउ उम्रनु र अरु धेरै फल दिनको लागि मर्नु पर्ने हुन्छ, त्यसरी नै हामीलाई अनन्त मृत्युबाट उद्धार गर्नको लागि येशूले मर्नु पर्दछ । सम्पूर्ण मानव जातिको लागि त्यो त्याग गर्न येशू तयार हुनुहुन्छ । तब हामी जान्दछौं कि कसरी परमेश्वर पिता मानिसहरुलाई येशूले यस संसारको निम्ति जे गर्दैहुनुहुन्छ त्यसको निम्ति उहाँ येशूको नामको प्रशंसा र सम्मान गर्नु हुन्छ भन्ने सन्देश दिन स्वयम् स्वर्गबाट बोल्दै हुनुहुन्छ ।

येशू क्रूसमा मर्नुभन्दा अघिको रात उहाँले साह्रै सुन्दर प्रार्थना गर्नुहुन्छ, जसमा उहाँ आफ्नै लागि, चेलाहरुको लागि र सबै ईसाइहरुको लागि प्रार्थना गर्नुहुन्छ । उहाँको कष्ट भोगाइको समयमा  परमेश्वर पिता उहाँसँगै रहनु हुनेछ र स्वर्गमा लैजानु हुनेछ र यस संसारमा जन्मनु भन्दा पहिलेको उहाँको महिमा र सम्मान फिर्ता गर्नु हुनेछ भनेर येशू प्रार्थना गर्नुहुन्छ । त्यसपछि उहाँमाथि विश्वास गर्ने चेलाहरुका लागि उहाँ प्रार्थना गर्नुहुन्छ । तब उहाँ येशूको निम्ति प्रचार गर्न र शिक्षा दिन जाने चेलाहरुको रक्षा गर्न परमेश्वरसँग प्रार्थना गर्नुहुन्छ । त्यसपछि, येशू हामी, उहाँमाथि विश्वास गर्ने सबैले, पवित्र ईसाइ मण्डलीमा एक-आपसमा सहकार्य गरेर आनन्द लिन सकूँ भनेर प्रार्थना गर्नुहुन्छ । येशू हामी सबै नै स्वर्गमा जान सकूँ र उहाँसँग महिमामा हुन सकौं भन्ने चाहना राख्नु हुन्छ ।

**अध्याय चारका** प्रश्नहरुको **उत्तरहरु** :-
१. स्वर्ग, मात्र, २. बाइबल, ३. सक्दैनौ, ४. पवित्र आत्मा, ५. शान्ति, ६. अरुलाई प्रचार, ७. विश्वासीहरु, ८. मार्ने, विश्वास, ९. सदैव, १०. साँचो, मानिस, ११. जीवन, १२. ज्योति, १३. अन्धकार, १४. महिमा, सम्मान, १५. रक्षा, १६. स्वर्ग ।

# अध्याय चारको परीक्षा

१. येशूले हामीलाई स्मरण गराउनु हुन्छ कि उहाँ ____________ को एक ____________ बाटो हुनुहुन्छ ।

२. ____________ मा हामी परमेश्वरको मुक्तिको योजना बारे सिक्दछौं ।

३. हामी आफैंले आफूलाई उद्धार गर्न ____________ ।

४. येशूले आफ्ना चेलाहरु र हामीकहाँ ____________ पठाउने प्रतिज्ञा गर्नु भयो ।

५. येशूले हामीसँग प्रतिज्ञा गर्नुहुन्छ, “हेर म युगको अन्त्यसम्म ____________ तिमीहरुका साथमा छु ।”

६. येशू ____________ परमेश्वर मात्र हुनुहुन्न, तर उहाँ साँचो ____________ पनि हुनुहुन्छ ।

७. येशू हामीलाई उहाँको ____________ दिनको निम्ति आउनु भयो ।

८. येशू प्रार्थना गर्नुहुन्छ कि उहाँ स्वर्गमा छँदाको ________ र ____________ परमेश्वरले उहाँलाई दिनु हुनेछ ।

९. उहाँका चेलाहरुको ____________ गर्नको निम्ति येशू स्वर्गमा पितासँग प्रार्थना गर्नुहुन्छ ।

१०.  येशू हामी उहाँसँगै __________ मा भएको चाहनु हुन्छ र हामीले स्वर्गमा उहाँको महिमा देख्न सकूँ भनेर प्रार्थना गर्नु हुन्छ ।

(आफ्ना उत्तरहरु पेज नं. ११९ मा हेर्नुहोस्)



# अध्याय पाँच

## येशू हाम्रो निम्ति मर्नुहुन्छ

स्वर्गबाट येशू ओर्लिनु भएर यस संसारमा जन्मनुको कारण चाहिँ उहाँले हाम्रो ठाउँ लिएर सिद्ध जीवन जिउनु र हाम्रो निम्ति परमेश्वरको व्यवस्था पूर्णरुपले पालन गर्नु थियो । हामीसँग बस्न उहाँ आउनुभयो कि उहाँले हाम्रो बदलामा हाम्रो सजाय समेत भोग्न सक्नुहुनेछ । येशूले क्रूसमा हाम्रो निम्ति मरेर त्यो काम गर्नुभयो । तीन दिनसम्म चिहानमा रहेर, सफलतापूर्वक मृत्युबाट पुनर्जीवित हुनुभयो र उहाँ परमेश्वरको पुत्र हुनु भएकोले पाप, मृत्यु र शैतानमाथि विजय प्राप्त गर्ने शक्ति उहाँसँग छ भन्ने देखाउनुभयो । यस अध्यायमा हामी थाहा पाउनेछौं (कि) :

* येशूको बारेमा अदालती सुनुवाइ, र

* येशूको मृत्यु र येशूको दफन-कार्य ।



पन्तियस पिलातसले येशूलाई क्रूद्ध भीड समक्ष प्रस्तुत गर्छन् ।

यूहन्नाको सुसमाचारले येशूको मृत्युको सम्बन्धमा हामीलाई केही महत्वपूर्ण तथ्यहरु बताउँदछ । येशूका सन्देशमाथि विश्वास राख्ने धेरै मानिसहरु थिए । तर उहाँलाई मार्न चाहने शत्रुहरु पनि धेरै थिए ।

<u>येशूको गिरफ्तारी</u> - यूहन्ना १८: १ - ११ ।

येशूले आफ्नो प्रार्थना सिध्याउनुभयो, जुन हामीले पछिल्लो अध्यायमा पढ्यौं । अब येशू र उहाँका चेलाहरुले, त्यसपछि, यरुशलेम शहर छोडनु हुन्छ अनि जैतूनको भरि-भराऊ बगैंचामा पुग्नुहुन्छ । यसलाई गेतसमनी बगैंचा भनेर चिनिन्छ । उहाँले स्वर्गका पिताको प्रार्थना सक्ने बित्तिकै येशूका एक जना चेला यहूदा इस्करियोतको नेतृत्वमा यहूदी धर्म-गुरुहरुले पठाएका सिपाहीहरु र अरु मानिसहरु ठूलै भीड बगैंचामा प्रवेश गऱ्यो र येशूनिर आइपुग्यो । यहूदालाई यो बगैंचाको बारेमा राम्ररी थाहा थियो किनकि येशू र उहाँका अन्य चेलाहरुको साथमा ऊ यहाँ धेरै पल्ट आइसकेको थियो । यहूदाले येशूलाई धोखा दिएको र उहाँलाई शत्रुहरुको हातमा सुम्पिएको ठाउँ यही नै थियो ।

येशूले "तिमीहरु कसलाई खोज्दैछौ ?" भन्ने प्रश्न गरेर आफू कैदीको रुपमा प्रस्तुत हुन इच्छुक देखिनु भयो । तिनीहरुले जवाफ दिए, "नासरतका येशूलाई ।" तब येशूले उहाँको अर्को

प्रसिद्ध अभिव्यक्ति "म हुँ" यसो भनेर प्रयोग गर्नुहुन्छ, "म उही हुँ ।" येशूले त्यो वचन व्यक्त गर्नु भएपछि के हुन्छ त ? सुसमाचारले बताउँदछ कि येशूका शत्रुहरु सबै पछि हटे अनि भूइँमा लोटे । येशू भाग्न पनि सक्नुहुन्थ्यो, तर उहाँ भाग्नु भएन । उहाँ हाम्रो निम्ति मर्न चाहनु हुन्छ । तिनीहरुले कसलाई खोजेका हुन् भनेर दोस्रो पल्ट येशूले सोध्नु भयो । तिनीहरुले "नासरतका येशूलाई" भन्ने जवाफ दोहोऱ्याए । तब येशूले तिनीहरुले खोजेको उहाँ नै हुनुहुन्छ भन्ने बताउनुभयो । तर साथै उहाँले यसो पनि भन्नु भयो, "यदि तिमीहरु मलाई खोज्दैछौ भने यी मानिसहरुलाई चाहिँ जान देओ ।" तपाई देख्नु हुन्छ कि येशू आफ्ना चेलाहरुको संरक्षण गर्नु हुन्छ र तिनीहरुलाई चोट नपुगोस भन्ने चाहनु भयो । उहाँले यूहन्ना ६:३९ मा भन्नु भएअनुसार उहाँ आफ्नो प्रतिज्ञा पूरा गर्न चाहनु हुन्छ कि कसैलाई पनि उहाँले गुमाउनु नपरोस् ।

त्यो यस्तो समय थियो, जसमा येशूका एक जना आँटिला चेला सिमोन पत्रुसले आफूसँग भएको तरवार निकालेर मुख्य पूजाहारीको कमारालाई प्रहार गरे र त्यसको दाहिने कान च्वाट्टै काटिदिए । तब येशूले पत्रुसलाई तरवार म्यानमा हाल्न लगाउनुभयो । यसले पनि हामीलाई बताउँछ कि येशू आफ्ना शत्रुहरुबाट पकाउन इच्छुक हुनुहुन्थ्यो । तथापि, यसै बीचमा हामीलाई यसले येशूको सर्वशक्तिमान शक्ति पनि देखाउँदछ, किनकि हामी लूका २२:५१ मा

पढ्छौं कि येशूले त्यस नोकरको कान तुरुन्त दुरुस्त निको पार्नु भयो ।

१. येशूले आफ्ना चेलाहरुलाई लैजानु भएको बगैंचाको नाम ___________ ___________ हो, जसमा धेरै जैतुनका रुखहरु थिए ।

२. यहूदी धर्मगुरुहरुले पठाएका सिपाहीहरु र अरु मानिसहरुलाई नेतृत्व गर्ने येशूका चेलाको नाम ___________ ___________ थियो ।

३. जब येशूले उहाँका शत्रुहरुलाई तिनीहरु कसलाई खोजिरहेका थिए भनेर सोध्नुभयो, तब तिनीहरुले ___________ ___________ लाई भन्ने जवाफ दिए ।

४. जब येशूले "म उही हु" भन्नुभयो, तब तिनीहरु सब ___________ मा लोटे ।

५. येशू _______ पनि सक्नुहुन्थ्यो, तर भाग्नु ________ ।

६. मुख्य पूजाहारीको कमाराको कान काट्ने येशूका चेलाको नाम __________ थियो ।

(आफ्ना उत्तरहरु पेज नं. ९५ मा हेर्नुहोस्)



येशूलाई प्रधान पूजाहारीको अघिल्तिर थप्पड हानियो अनि बेइज्जती गरियो ।

पन्तियस पिलातसको सामुन्ने येशू - यूहन्ना १८:२८ देखि यूहन्ना १९:१६ पढ्नुहोस् ।

बाइबलले हामीलाई बताउँदछ कि येशूलाई दोषारोपित गरेर क्रूसमा मार्नु भन्दा पहिले उहाँलाई विभिन्न खाले अदालतमा इन्साफ गरिएको थियो । उहाँको पहिलो इन्साफ हन्नास नाम गरेका मानिसको अघि भएको थियो, जो त्यस सालका प्रधान पूजाहारी कैयाफाका ससुरा थिए (यूहन्ना १८:१२-१४) । जब पर्याप्त समय बितिसकेको थियो तब त्यस रात यहूदीहरुको महासभा डाक्न सकिन्थ्यो र त्यसैले येशूलाई अर्को सुनुवाइको निम्ति प्रधान पूजाहारी कैयाफाकहाँ लगियो (मर्कूस १४:५३ -६५) । यसै सुनुवाइको अवधिमा येशूलाई मृत्यु-दण्डको फैसला गरियो किनभने उहाँले आफु परमेश्वरको पुत्र हुँ भनेर दाबी गर्नुभयो । तर यहूदीहरुको महासभाले कसैलाई मृत्यु-दण्ड दिन सक्दैन थियो । यो रोमी सरकारले मात्र गर्न सक्दथ्यो, जसले यहूदीहरुमाथि शासन चलाउँथ्यो । तसर्थ, येशूलाई रोमी बडा हाकिम पिलातसकहाँ पठाइयो ।

पिलातसले जान्न खोजे कि के कारणले तिनीहरुले येशूलाई तिनी समक्ष ल्याए । तिनीहरुले स्वीकार गरे कि कसैलाई पनि मृत्यु-दण्ड दिने अधिकार तिनीहरुसँग छैन । पिलातसले धर्मकै कारणले

येशूलाई दोषारोपण गर्ने थिएनन्, त्यसैले येशूले आफूलाई राजा घोषित गर्नु भएको तथ्य यहूदीहरुको न्यायलयले प्रस्तुत गऱ्यो ।

त्यसपछि पिलातसले येशूलाई बोलाएर सोधे, “के तिमी यहूदीहरुका राजा हौ ?” येशूको जवाफ महत्वपूर्ण छ । उहाँ भन्नुहुन्छ, “मेरो राज्य यस संसारको होइन --------- मेरो राज्य अर्कै ठाउँको हो ।” यी वचनले हामीलाई बताउँदछ कि येशूको राज्य सांसारिक होइन तर स्वर्गीय हो । उहाँको राज्य विश्वासीहरुको राज्य हो, जो, उनीहरु, स्वर्गमा उहाँको राज्यको अंग हुनेछन् । जब हामी येशूमाथिको विश्वासमा आउँदछौ र ईसाइहरुको हैसियतले उहाँको सेवा गर्दछौं, तब हामी त्यो राज्यको अंग हुनेछौं । अनि, जब हामी मर्दछौं, तब हामी स्वर्गमा येशूसँग जिउनको निम्ति उहाँको स्वर्गीय राज्यमा सँधैको निम्ति जानेछौं ।

पिलातस यहूदीहरुलाई फेरि सोध्न बाहिर निस्किए । तिनले यहूदीहरुलाई एउटा विकल्प दिए । यहूदीहरुको प्रथा अनुसार निस्तार-चाडमा पिलातसले एकजना कैदीलाई तिनीहरुको निम्ति छोडिदिने गर्दथे । अब यस स्थितिमा तिनले मानिसहरु समक्ष दुई जना मध्ये एक जना, अर्थात, येशू, जसको दोष पिलातसले केही भेट्टाउन सकेनन् र अर्को चाहिँ बारब्बा भन्ने डाकू, जसले सरकारकै विरुद्धमा अपराध गरेको थियो, ती दुई मध्ये एकजनालाई रोज्नु पर्ने

प्रस्ताव राखे । मानिसहरुले येशूलाई नै रोज्नेछन् भन्ने विषयमा पिलातस ढुक्क थिए । तर तिनीहरुले, “यसलाई होइन, तर बारब्बालाई” भनेर डाकूलाई रोजे ।

तब पिलातसले येशूलाई लगेर कोर्रा हान्न लाए । अनि सिपाहीहरुले काँढाको मुकुट गुँथेर उहाँको शिरमा लगाइदिए । तिनीहरुले येशूको खिल्ली उडाए । त्यसपछि पिलातसले येशूलाई तिनीहरुकहाँ बाहिर ल्याए र भने, “हेर, यो मानिस !” मानिसहरुले येशूमाथि दया गर्नेछन् र छोडिदिने छन् भनेर पिलातसले सोचेका थिए । तर बदलामा ती मानिसहरु चिच्च्याउन थाले, “त्यसलाई क्रूसमा टाँग्नुहोस्, ! त्यसलाई क्रूसमा टाँग्नुहोस् !” पिलातसले तिनीहरुलाई भने, “तिमीहरुले नै यिनलाई लगेर क्रूसमा टाँग; किनभने म यिनमा केही दोष पाउँदिन ।” यहूदीहरुले उनलाई जवाफ दिए, “हाम्रो एउटा व्यवस्था छ, त्यस व्यवस्था अनुसार यो मर्नैपर्छ, किनकि यसले आफैलाई परमेश्वरको पुत्र तुल्याएको छ ।” यो कुरा सुनेर अर्थात, येशूले आफू परमेश्वरको पुत्र हुँ भनेर दाबी गर्नुभएको कुरो सुनेर पिलातस झन डराए । त्यसैले उहाँ कहाँबाट आउनु भएको हो भनि तिनले येशूलाई सोधे । येशूले केही जवाफ दिनुभएन । पिलातस येशूलाई छुटकारा दिन चाहन्थे, तर ती यहूदीहरु निरन्तर यसो भन्दै कराउन थाले, “लैजानुस्, लैजानुस्, । त्यसलाई क्रूसमा टाँग्नुहोस् !” पिलातसले येशू निर्दोष हुनुहुन्छ

भन्दा-भन्दै पनि, बाध्य भएर, उनले येशूलाई क्रूसमा टाँग्न यहूदीहरुका हातमा सुम्पिदिए । त्यसैले, हामी विश्वास गर्दछौं अनि प्रचार गर्दछौं कि येशू हाम्रो प्रतिस्थापक हुनुहुन्छ, जसले परमेश्वरको पुत्रको हैसियतले उहाँको सिद्ध जीवनद्वारा हामीलाई पाप, मृत्यु र शैतानको शक्तिबाट उद्धार गर्नु भएको छ ।

७. येशूले पहिलो सुनुवाइ __________ नाम गरेको मानिसको अघि भएको थियो ।

८. येशूलाई अर्को सुनुवाइको निम्ति ________ कहाँ लगियो ।

९. कैयाफाले लिएको यसै सुनुवाइको अवधिमा येशूलाई ______ _______ को फैसला गरियो किनभने उहाँले आफू ______________ ______ हुँ भनेर दावी गर्नुभयो ।

१०. यहूदीहरुले कसैलाई मृत्यु-दण्ड दिन सक्दैन थियो, त्यसकारण तिनीहरुले येशूलाई रोमी बडा हाकिम __________ __________ कहाँ पठाए ।

११. जब पन्तियस पिलातसले येशूलाई "के तिमी राजा नै हौ त ?" भनेर सोधे, तब येशूले जवाफ दिनुभयो, "मेरो राज्य यस __________ को होइन ।"

१२. येशूको राज्य __________ द्वारा निर्माण भएको हो ।

१३. पिलातसले येशूलाई कोर्रा हान्न लाए अनि काँढाको मुकुट गुँथेर उहाँको शिरमा लगाएपछि, तिनले मानिसहरुलाई भने, “हेर, यो मानिस ।” तिनीहरु जवाफमा यसरी कराए,

"___________ ___________ ___________ ।”

१४. येशू हाम्रो प्रतिस्थापक हुनुहुन्छ, जसले ___________ ___________ को हैसियतले उहाँको सिद्ध जीवनद्वारा अनि ___________ कष्ट भोगाइ र मृत्युद्वारा हामीलाई उद्धार गर्नुभयो ।

(आफ्ना उत्तरहरु पेज नं. ९५ मा हेर्नुहोस्)

<u>येशूलाई क्रूसमा टाँगिन्छ र दफन-कार्य गरिन्छ</u> - यूहन्ना १९:१६ - ४२ ।

यहूदीका धर्म-गुरुहरु र अन्य यहूदीहरु यसो भनेर चिच्याउन लागे, “लैजानुहोस, त्यसलाई क्रूसमा टाँग्नुहोस् ।” पन्तियस पिलातस मानिसहरुबीच हुलदङ्गा होस भन्ने चाहँदैन थिए, र तिनले क्रूसमा टाँग्नको निम्ति येशूलाई तिनीहरुका हातमा सुम्पिदिए । उहाँलाई क्रूसमा टाँग्ने ठाउँसम्म येशू आफैले आफ्नो क्रूस बोकेर लग्नु पऱ्यो । सिपाहीहरुले येशू र दुइ जना अरु मानिसहरुलाई क्रूसमा टाँग्नको निम्ति गलगथा भन्ने ठाँउ, अथवा खप्परे जस्तो देखिने डाँडामा लगे । यस बेला बिहानको ९ बजेको हुँदो हो ।

येशूलाई हात खुट्टामा काँटी ठोकेर क्रूसमा टाँगेपछि, त्यहाँबाट हिड्‌नेहरुले पढन सकून भनेर- पन्तियस पिलातसले येशूको शिरमाथि क्रूसमा तीन वटा भाषामा लेखेर दोष-पत्र टाँसिदिए । त्यसमा यस्तो देखिएको थियो, “नासरतको येशू, यहूदीहरुको राजा ।” यहूदीहरुको मुख्य पूजाहारीहरुले पिलातसले जे लेखे त्यो रुचाएनन्, तर तिनले त्यसलाई परिवर्तन गरेनन् ।

येशूलाई क्रूसमा टाँग्ने सिपाहीहरुले अब उहाँको वस्त्र-भाग गर्न थाले, तर एउटा बाहिरी वस्त्र चाहिँ सिउनी नभएको माथिदेखि तलसम्मै बुनेको सग्लो थियो, जसलाई तिनीहरु च्यात्न चाहँदैन थिए । तसर्थ, यसको लागि तिनीहरुले चिट्ठा हाल्ने भए । सिपाहीहरुको लागि यो एउटा महत्वपूर्ण कार्य थियो किनकि भजनसंग्रह २२:१८ मा मसीहको बारेमा गरिएको भविष्यवाणी पूरा गर्ने कार्य थियो यो, जसमा लेखिएको छ, “तिनीहरुले मेरो वस्त्र आफू-आफूमा बाँडे, र बाहिरी वस्त्रमा चाहिँ चिट्ठा हाले ।” येशू साँच्चै नै पुरानो करारमा अगमवक्ताहरुले भविष्यवाणी गरेका मसीह नै हुनुहुन्छ ।


येशूलाई क्रूसमा टाँगेर मर्दाखेरि घटेका धेरै घटनाहरुको बारेमा अरु सुसमाचार लेखकहरु, जस्तैः मत्ती, मर्कूस र लूकाले पनि लेखेको छन् । तर त्यस दिन घटेको केही घटना यूहन्नाको सुसमाचारले हामीलाई बताउँदछ, जुन अन्य तीनवटा सुसमाचारहरुमा पाइँदैन । येशूले क्रूसमा प्राण त्याग्ने बेलामा सात

पटक बोल्नु भएको थियो । उहाँ मर्दाखेरि प्रकट गर्नुभएको वचन यूहन्नाको सुसमाचारमा मात्र उल्लेख छ । क्रूसको नजीक येशूकी आमा मरियम, केही महिलाहरु र केही चेलाहरु उपस्थित थिए । येशूले आफ्नी आमा र उहाँको प्यारो चेला, यो सुसमाचार लेख्ने प्रेरित यूहन्नालाई देख्नु भयो, जसलाई हामी सम्झन्छौं । तब उहाँले आफ्नी आमालाई भन्नुभयो, “नारी, हेर्नुहोस तपाईको छोरो !” अनि यूहन्नालाई पनि भन्नुभयो, “हेर, तिम्री आमा !” येशूको मृत्यु पछि यूहन्नाले मरियमको हेरचाह गरे । येशूले बोल्नु भएको यी वचनले देखाउँदछ कि येशूले आफ्नी आमालाई माया गर्नु हुन्थ्यो । येशूले यहाँ गर्नुभएको कार्यले हाम्रा आमा-बुबालाई हामीले कसरी सम्मान र आदर गर्नु पर्दछ भन्ने स्मरण गराउँदछ, जुन उहाँले हामीलाई चौथो आज्ञामा सिकाउनु भएको छ । त्यो आज्ञाले भन्दछ, “आफ्ना बाबु र आमालाई आदर गर, कि जुन देश तिमीहरुलाई परमप्रभु आफ्ना परमेश्वरले दिनुहुन्छ, त्यहाँ तिमीहरुको आयु लामो होस्” ( प्रस्थान २०: १२) । हामी येशूबाट हाम्रा आमा-बाबु र अरु मानिसहरुलाई उनीहरुको जीवनमा कसरी सम्मान दिने र सेवा गर्ने भन्ने बारे सिक्दछौं ।

यसपछि फेरि येशू बोल्नु भयो र भन्नु हुन्छ, “मलाई तिर्खा लाग्यो ।” स्मरण रहोस येशू साँचो परमेश्वर र साँचो मानिस दुवै हुनुहुन्छ । अब चाहिँ उहाँको मानव स्वभाव जागृत हुन्छ र पिउनको

निम्ति कराएर केही माग्नुहुन्छ । तर साथ-साथै यी वचन राजा दाऊदले पुरानो करारमा व्यक्त गरेका भविष्यवाणी पूरा गर्नको लागि पनि थिए । राजा दाऊद भजनसंग्रह ६९:२ मा लेख्दछन्, " म तिर्खाएको बखत मलाई तिनीहरुले सिर्का पिउन दिए ।" येशूले फेरि पनि - उहाँले मसीह हुनुहुन्छ भन्ने देखाएर पुरानो करारको भविष्यवाणी पूरा गर्नुहुन्छ ।

त्यसपछि येशूको चित्कार प्रकट हुन्छ, "अब सिद्धियो" र उहाँले शिर निहुराएर आफ्नो आत्मा त्यागिदिनुभयो । परमेश्वर पिताले येशूलाई यस संसारमा गर्नको निम्ति पठाउनु भएको काम उहाँले पूरा गर्नुभयो । येशूले निकोदेमसलाई दिनुभएको वचन सम्झनुहुन्छ ? उहाँले भन्नुभएको छ, "परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो" (यूहन्ना ३:१६) । येशू परमेश्वरको पुत्र हुनुहुन्छ र यस संसारमा जन्मनुको लागि उहाँको स्वर्गीय घर समेत छोड्नु भयो । क्रूसमा मरेर पनि हाम्रो निम्ति व्यवस्था पालन गर्नुभयो अनि आफ्नी आमाको समते वास्ता राख्नु भयो । हाम्रो पापको निम्ति उहाँले सजाय भोगेर हाम्रो निम्ति क्रूसमा मर्नुभयो । यूहन्ना १५:१३ मा हामी येशूले यसो भनेको सुन्दछौं, "आफ्ना मित्रहरुको लागि आफ्नो प्राण अर्पण गरिदिनु भन्दा ठूलो प्रेम अरु कसैको हुँदैन । तिमीहरु मेरा मित्र हौ ।"



येशू क्रूसमा टाँगिनु भएको ।

येशूमाथि विश्वास राख्ने ईसाइ भएको कारणले उहाँले हाम्रो निम्ति जे गर्नुभयो, त्यसको निम्ति हामी उहाँलाई धन्यवाद दिदँछौं र प्रशंसा गर्दछौं ताकि हामी परमेश्वरका सन्तान हुन सकौं र परमेश्वरसँग सदैव रहन स्वर्ग जान सकौं । "अब सिद्धियो ।" परमेश्वरले पिताले येशूलाई यस संसारमा जुन कामका लागि पठाउनु भयो त्यो काम येशूले पूरा गर्नुभयो । हामीलाई प्रेम गर्नुभएकोले उहाँ अब क्रूसमा मर्नुहुन्छ ।

किनभने अर्को दिन शबाथ दिन, पवित्र दिन आराम गर्ने दिन थियो, तसर्थ तिनीहरुले येशू र अरु दुइ जनाका मृत शरीरहरु क्रूसमा नरहुन भन्ने चाहेका थिए । त्यसबेला अपरान्ह लगभग ३ बजेको थियो । सिपाहीहरुलाई क्रूसमा टाँगेकाहरुको चाँडै प्राण जाओस भन्ने खातिर खुट्टा भाँच्न लगाइयो । ती सिपाहीहरुले दुइ जनाको खुट्टा भाँचिसकेपछि येशूकहाँ पुग्दा तिनीहरुले उहाँ चाहिँ मरिसक्नु भएको पाए । त्यसैले तिनीहरुले येशूका खुट्टा भाँचेनन् । यो दाऊदको अर्को भविष्यवाणी पूरा हुनु थियो, "परमप्रभुले त्यसका सबै हाडहरुको रक्षा गर्नुहुन्छ । तिनमा एउटा पनि भाँचिदैन ( भजनसंग्रह ३४:२०) । तर सिपाहीहरुमध्ये एकजनाले उहाँको कोखामा भालाले घोच्यो । यो पनि जकरिया १२:१० मा गरिएको

भविष्यवाणी पूरा गर्नको लागि थियो, “तिनीहरुले मलाई हेर्नेछन्, जसलाई तिनीहरुले घोचेका छन् ।” येशू, यथार्थमा पुरानो कुराको सबै भविष्यवाणी पूरा गर्ने परमेश्वरको पुत्र हुनुहुन्छ र प्रतिज्ञा गरिएको मसीह हुनुहुन्छ ।

त्यसपछि अरिमथियाको योसेफ, जो यहूदीहरुको डरले गर्दा गुप्तमा मात्र येशूका चेला थिए, तिनले निकोदेमस सँगसँगै, येशूको मृत शरीर लैजान पाउँ भनी बिन्ती गरे । तिनीहरुले येशूको मृत शरीर लगेर उहाँ क्रूसमा टाँगिनु भएको ठाउँ नजीकको चिहानमा राखे, जुन चिहान योसेफले किनेका थिए । महिमित पुनरुत्थानको प्रतिक्षा गर्नको निम्ति येशूको मृत शरीर यस चिहानमा राखियो । परमेश्वरको पुत्र र मानिसको पुत्र, येशू सबै मानिसहरुको, तपाईको र मेरो पापको खातिर मर्नुभयो ।

१५. बडाहाकिम पिलातसले येशूको शिरमाथि क्रूसमा दोष-पत्र टाँसिदिए, जसमा यस्तो लेखिएको थियो,
“________ को ______ , ___________ को राजा ।”

१६. उहाँ क्रूसमा टाँगिएको समयमा नै येशूले आफ्नी आमालाई भन्नुभयो, “नारी, ___________ तपाईको ___________ ।”

१७. यूहन्नालाई उहाँ भन्नुहुन्छ, “हेर तिम्री ___________ ।”

१८. येशूले आफ्नी आमालाई गर्नुभएको व्यवहारले हामीले आफ्ना __________ र __________ लाई कसरी सम्मान र आदर गर्नु पर्दछ भन्ने सम्झाउँदछ।

१९. परमेश्वरले पिताले येशूलाई यस संसारमा जुन कमका लागि पठाउनु भयो त्यो काम उहाँले ___ ____ गर्नुभयो।

२०. सिपाहीहरु मध्ये एकजनाले उहाँको ________ मा भालाले घोच्यो।

२१. यो पनि जकरिया १२:१० मा गरिएको __________ पूरा गर्नको लागि थियो।

२२. अरिमाथियाको योसेफले __________ सँगै मिलेर येशूको मृत शरीर लैजान पाउँ भनी बिन्ती गरे।

२३. परमेश्वरको पुत्र र मानवको पुत्र, येशू सबै ________ को, ________ को र ________ पापको खातिर मर्नुभयो।

(आफ्ना उत्तरहरु पेज नं. ९५ मा हेर्नुहोस्)

# अध्याय पाँचको पुनरावलोकन

येशूले आफ्ना चेलाहरुसँग काम गर्नुभएको तीन वर्षको अवधि भरिमा धेरै आश्चर्यकर्महरु गर्नु भयो र धेरै मानिसहरुलाई शिक्षा दिनुभयो । तर अब, उहाँले भने झैं, उहाँको समय आइसकेको छ । सबै मानिसहरुको पापको खातिर संकष्ट झेल्ने र मर्ने बेला उहाँको लागि यही नै थियो ।

आफ्ना चेलाहरु सहित येशू गेतसमनी बगैंचामा पुग्नुभयो । उहाँका चेलाहरु मध्ये एकजना यहूदा इस्करियोतले त्यो ठाउँ चिनेको थियो । उनी धेरै सिपाहीहरु र प्रधान पूजाहारीहरुको नेतृत्व गरेर त्यहाँ पुगे र येशूलाई धोखा दिए । येशूको गिरफ्तारीको समयमा उहाँले आफ्नो सर्वशक्तिमानको शक्ति देखाउनुभयो । जब येशूले ती सिपाहीहरुले खोजी गरेका उहाँ नै हुनुहुन्छ भनेर भन्नुभयो, तब तिनीहरु पछि हटे अनि भूइँमा लोटे । तर येशू त्यहाँबाट भाग्नु भएन । समय आइपुगेको छ भन्ने उहाँलाई थाहा थियो । जब पत्रुसले मुख्य पूजाहारीको कमाराको दाहिने कान च्वाट्टै काटिदिए, तब येशूले तुरुन्तै त्यो कान दुरुस्त निको पार्नुभयो ।

येशूको सुनुवाई गर्न भनेर उहाँलाई विभिन्न धार्मिक-अगुवाहरु र सरकारी उच्च अधिकारी समक्ष लागि सकेको थियो । उहाँलाई, यसै क्रममा, हन्नाले प्रश्नहरु सोधे । त्यसपछि, जब यहूदीहरुको न्याय परिषदको बैठक बस्यो, तब येशूलाई सुनुवाइ गर्न भनी कैयाफाको न्यायलयमा ल्याइयो । प्रधान पूजाहारी र अन्य यहूदी पदाधिकारीहरुले येशूलाई प्राण-दण्ड दिने फैसला दिए किनकि येशूले परमेश्वरको पुत्र भनी आफूलाई घोषित गर्नुभएको थियो । तर यहूदीहरुले कसैलाई पनि मृत्यु दण्ड दिन सक्दैन थिए ।

यहूदीहरुमाथि शासन चलाउने रोमी सरकारले मात्र मृत्यु दण्ड दिन सक्दथ्यो ।

त्यसपछि येशूलाई पन्तियस पिलातस कहाँ लगियो, जो रोमी शासक थिए । येशूलाई अब चाहिँ राजा भएको दोषारोपण लगाइयो । येशूले प्रत्युत्तरमा भन्नुभयो कि उहाँको राज्य सांसारिक होइन । पिलातसले येशूलाई छुटकारा दिने कोशिस गर्छन । तिनले येशूलाई कि डाँकू बारब्बालाई छोड्नु उचित हुनेछ भनी ती मानिसहरु समक्ष विकल्प राखे । तर त्यो भीडले येशूलाई चुनेन । पिलातसले येशूलाई कोर्रा हान्न लगाए अनि काँढाको मुकुट उहाँको शिरमा लगाउन सिपाहीहरुलाई अह्राए । र पनि त्यो भीड यसो भन्दै कराउन थाल्यो, "त्यसलाई क्रूसमा टाँग्नुहोस्, त्यसलाई क्रूसमा टाँग्नुहोस् ।" अन्त्यमा हाकिम पिलातसले येशूलाई क्रूसमा टाँग्न नै लगाउँछन्, यद्यपि पिलातसले येशूलाई निर्दोष ठानेका थिए ।

बिहान ९ बजे यरुशलेम शहर बाहिर डाँडामा लगेर दुइ जना अरु दुष्ट मानिसहरुको बीचमा येशूलाई क्रूसमा टाँगियो । येशूले क्रूसमा प्राण त्याग गर्दाको बखतमा सात पल्ट बोल्नु भयो । क्रूसबाट व्यक्त ती मध्ये एउटा वचनमा "येशूले प्रेम गर्नु हुने चेला" प्रेरित यूहन्ना यो सुसमाचारका लेखकलाई आफ्नी आमाको हेरचाह गरिदिन जिम्मा लगाएर उहाँले आमाप्रतिको जिम्मेवारी देखाउनुभयो । अर्को समयमा उहाँले तिर्खा लाग्यो भन्नुभयो । यो पुरानो करारको भविष्यवाणी पूरा भएको हो । उहाँले संसारमा आएर गर्ने कामहरु सबै सिध्याउनु भयो । उहाँ हाम्रो प्रतिस्थापक हुनुहुन्थ्यो र हाम्रो निम्ति हाम्रा सबै पापहरु बोक्नु भयो र त्यसकै लागि उहाँलाई सजाय दिइयो ।

जब येशू मर्नुभयो, येशूमाथि विश्वास गर्नेहरु दुइ जना उहाँको शरीरलाई चिहानमा राख्न आए । ती मध्ये एकजना अरिमाथियाका योसेफ थिए । अर्का मानिस निकोदेमस थिए, जो राति येशूकहाँ उहाँलाई हाम्रा उद्धारकर्ता हुनको निम्ति यस संसारमा पठाउने परमेश्वरको प्रेम सम्बन्धमा सिक्न आएका थिए । यी मानिसहरुले अरिमाथियाको योसेफले किनेको चिहानमा येशूलाई राखे जुन येशूलाई क्रूसमा टाँगिएको र उहाँ मर्नुभएको ठाउँको नजीकै थियो ।

**अध्याय पाँचका प्रश्नहरुका उत्तरहरु :-**
१. गेतसमनी बगैंचा, २, यहूदा इस्करियोत, ३. नासरतको येशू, ४. भूइँ, ५. भाग्न, भएन, ६. पत्रुस,७. पत्रुस, ८. कैयाफा, ९. मृत्यु दण्ड, परमेश्वरको पुत्र, १०.पन्तियस पिलातस, ११. संसार, १२.विश्वासीहरु, १३. त्यसलाई क्रूसमा टाँग्नुहोस, १४.परमेश्वरको पुत्र, निर्दोष, १५.नासरत येशू, यहूदीहरु, १६. हेर्नुहोस छोरा, १७. आमा, १८. आमा, बाबु, १९. पूरा गर्नु, २०. कोखा, २१. भविष्यवाणी, २२. निकोदेमस, २३. मानिसहरु, तपाई, मेरो ।

# अध्याय पाँचको जाँच

१. येशूलाई पक्रनको लागि आएका यहूदीका मुख्य पूजाहारीहरुले पठाएका सिपाहीहरु र अन्य मानिसहरुको नेतृत्व __________ __________ ले गरेको थियो ।

२. येशू _____ _______ सक्नुहुन्थ्यो, तर त्यसो गर्नुभएन ।

३. कैयाफाको न्यायलयमा नै येशूलाई __________ दिने निर्णय भएको थियो किनकि उहाँले आफू ____________ ______ हुँ भन्नुभयो ।

४. यहूदीहरुले कसैलाई पनि मृत्युदण्ड दिन सक्दैन थिए, त्यसैले तिनीहरुले येशूलाई रोमी शासक, __________ __________ को न्यायालयमा पठाए ।

५. जब पन्तियस पिलातसले येशूलाई "के तिमी राजा नै हौ त ?" भनेर सोधें, तब येशूले जवाफ दिनुभयो, "मेरो राज्य यो __________ को होइन ।"

६. येशूको राज्य __________ ले बनेको हुन्छ ।


७. येशू हाम्रो प्रतिस्थापक हुनुहुन्छ, जसले ____________ ______ को हैसियतले सिद्ध जीवनद्वारा र __________ संकष्ट भोगाइ र मृत्युद्वारा हामीलाई उद्धार गर्नुभयो ।

८. क्रूसमा मर्ने बेलामा येशूले आफ्नी आमालाई गर्नुभएको व्यवहारले हामीलाई आफ्ना ______ र ______ लाई कसरी सम्मान र आदर गर्नु पर्दछ भन्ने बुझाउँदछ ।

९. परमेश्वर पिताले येशूलाई यस संसारमा जुन कामका लागि पठाउनु भयो त्यो काम उहाँले ______________ गर्नुभयो ।

१०. अरिमाथियाको योसेफले ________ सँग मिलेर येशूको मृत शरीर लैजान पाउँ भनी बिन्ती चढाए ।

(आफ्ना उत्तरहरु पेज नं. ११९ मा हेर्नुहोस्)



चिहानबाट फर्किंदै गरेका दुइजना मरियमहरुलाई येशू अभिवादन गर्नुहुन्छ ।



## अध्याय -छ

# येशू मृत्युबाट पुनर्जीवित हुनुहुन्छ

हाम्रो मुक्ति तब निश्चित हुन गयो, जब येशू अरिमाथियाको योसेफको चिहानमा राखे पछि पुनरुत्थान हुनुभयो । परमेश्वर सन्तुष्ट हुनुभयो कि येशूले हाम्रो निम्ति सिद्ध जीवन जिउनु भयो र हाम्रो पापको सजाय आफ्नो जिम्मामा लिनको निम्ति मर्नुभयो । पावल नाम गरेका अर्का प्रेरितले रोमी ईसाइहरुलाई लेखेको रोमीको अध्याय ४, पद २५ मा भन्दछन्, "उहाँ हाम्रा अपराधहरुका निम्ति मारिनुभयो । हामीलाई परमेश्वरमा धर्मी तुल्याउनलाई जीवित पारिनुभयो ।" मृत्यु पछि येशूको पुनरुत्थानमा हाम्रो निम्ति यो आश्वासन हो कि हामी पनि अन्त्यको दिनमा मृत्युबाट पुनर्जीवित हुनेछौं ।

यस पाठमा हामी सिक्ने छौ कि

* येशूको चिहान रित्तो थियो, र

* उहाँ जीवित हुनुहुन्छ भनेर येशूले धेरै मानिसहरुलाई देखाउनु भयो ।

यस संसारमा धेरै धार्मिक अगुवाहरु छन्, जसले विभिन्न प्रकारका धेरै धर्महरुसमेत आरम्भ गरेका छन् । तर अहिले ती सबै मृतक भइसकेका छन् । कुनै पनि मृतकबाट जीवित भएनन् । तर येशू मृतकबाट नै पनुरुत्थान हुनुभयो । पापप्रतिको परमेश्वरको क्रोधलाई येशूले सन्तुष्ट पार्नु भयो । हाम्रो विश्वास मृतमा होइन, तर जीवित मुक्तिदाता, येशू ख्रीष्ट परमेश्वरको पुत्रमा आधारित छ ।

येशूको चिहान रित्तो छ - यूहन्ना २० : १- ९ पढ्नुहोस् ।

येशूलाई शुक्रबार क्रूसमा टाँगिसकेपछि, आइतबार बिहानी पख येशूका साथीहरु उहाँका चिहानमा गए । यी मानिसहरु मध्ये एकजना मरियम मग्दलिनी थिइन, अरु महिलाहरुसँग बिहान अँध्यारो छँदै चिहानमा पुगिन् । ती महिलाले येशूलाई जहाँ राखिएको थियो, त्यस चिहानको मुख ढाकिएको ढुङ्गा त्यहाँबाट हटाइएको देखिन । अन्य महिलाहरु पनि चिहानमा गए र त्यहाँ एकजना स्वर्गदूत देखा परे । तिनले भने, "उहाँ यहाँ हुनुहुन्न, उहाँ पुनर्जीवित हुनुभयो ।" तर मरियम चिहानमा गइनन् । ढुङ्गा त्यहाँबाट हटाइएको देखेर तिनी पत्रुस र यूहन्ना निर गएर भनिन्, "तिनीहरुले प्रभुलाई चिहानबाट बाहिर लगेछन्, र उहाँलाई कहाँ राखेका छन्, यो हामी जान्दैनौं ।" त्यसपछि पत्रुस र यूहन्ना चिहानतिर दौडेर गए । प्रेरित यूहन्ना, जसलाई येशू प्रेम गर्नु हुन्थ्यो र जसले यो यूहन्नाको सुसमाचार लेखेका छन्, तिनी चिहानमा पहिले पुगे । तिनले अघि येशूको शरीर बेह्रेको सूती कपडाहरु मात्र चिहानमा पडिरहेको देखे । येशू त्यहाँ हुनुहुन्नथ्यो तब पत्रूस आएर चिहान भित्र पसे ।

तिनले पनि येशूलाई बेह्रेको कपडा मात्र देखे, जुन चिहानमा पडिरहेको थियो । येशू त्यहाँ हुनुहुन्नन्थ्यो । केही मानिसहरुले भने

कि येशूको शरीर कसैले चोऱ्यो । तर यदि तिनीहरुले शरीर चोरेकै भए, येशूलाई यहाँ दफन गर्दाखेरि उहाँको शरीरमा बेह्रिएको वस्त्रहरु खोल्न खासै समय लाग्दैन थियो । येशूका चेलाहरु र अन्य मित्रहरु असमञ्जसमा परे । येशू कहाँ हुनुहुन्थ्यो त ? चिहान त खाली थियो ! येशूले भन्नुभएको थियो कि मृत्यु भएको तेस्रो दिनमा उहाँ पुनर्जीवित हुनु हुनेछ, जुन ती मित्रहरुले बुझ्न सकेनन् । हामी प्रेरितहरुको स्वीकार्र अनुसार स्वीकार गर्दछौं कि येशू मृत्युबाट पुनर्जीवित हुनुभयो, यस बारे हामी यो भन्दछौं, "म विश्वास गर्दछु कि -------- तेस्रो दिनमा उहाँ पुनर्जीवित हुनुभयो ।" येशू पुनर्जीवित नै हुनु भयो अनि सबैलाई उहाँ जीवित हुनुहुन्छ भन्ने देखाउनु पनि भयो ।

१. येशूको चिहानमा पहिले पुग्ने महिलाले त्यस चिहानको मुख ढाकिएको ढुङ्गा त्यहाँबाट __________ देखिन् ।

२. एकजना स्वर्गदूतले ती महिलालाई भने, "उहाँ यहाँ हुनुहुन्न । उहाँ __________ हुनुभयो ।"

३. पत्रुस र __________ चिहान तिर दौडिए ।

४. पत्रुस र यहून्नाले येशूलाई चिहानमा राख्दा खेरि कात्रोले बेह्रेको देखेका थिए, तर यसबेला येशू चिहानमा __________ ।

५. येशू कहाँ हुनुहुन्थ्यो त ? चिहान त __________ थियो ।

(आफ्ना उत्तरहरु पेज नं. ११० मा हेर्नुहोस्)

<u>येशू मरियम मग्दलिनीकहाँ देखा पर्नुभएको</u> - यूहन्ना २०:१० -१८ पढ्नुहोस् ।

स्मरण रहोस मरियम मग्दलिनी येशूको रित्तो चिहान हेर्न अरु महिलाहरुसँग गइनन् । तिनले स्वर्गदूतले "उहाँ पुनर्जीवित हुनुभयो ।" भनेको पनि सुनेको थिइनन् । जब तिनले चिहानको मुख ढाकेको ढुङ्गा हटाइएको देखिन तब तिनी पत्रुसलाई खबर गर्न दगुरेर गईन् । अनि केही समय पछि तिनी एक्लै चिहान तर्फ फर्किइन् । उनी रुँदै चिहान बाहिर उभिइन् । उनले दुइजना स्वर्गदूतहरु देखिन, जसले तिनलाई प्रश्न गरे, "नारी, तिमी किन रुन्छ्यौ ?" तिनले उनीहरुलाई भनिन्, "तिनीहरुले मेरा प्रभुलाई लगेछन्, र उहाँलाई कहाँ राखेछन्, म जान्दिन ।"

यी कुरा भनेर तिनी पछिल्तिर फर्किन, र तिनले येशूलाई उभिरहनुभएको देखिन् । मरियमको भिजेको आँखाले येशूलाई चिन्न सकेन । किन तिनी रुँदै थिइन भनेर येशूले पनि मरियमलाई सोध्नु भयो । तिनले उहाँलाई माली भन्ठानेर येशूको लास कहाँ पुऱ्याएको छ भनेर सोधिन ।

त्यसकारण, येशूले तिनलाई सरल एउटै शब्दमा बोलाउनु भयो "मरियम ।" तब मरियमले उहाँ येशू नै हुनुहुन्छ भनेर ठम्याइन, साथै जिउँदो हुनुहुन्छ भन्ने जानिन । उहाँ चाँडै नै स्वर्ग फर्कदै हुनुहुन्छ भन्ने कुरा येशूले तिनलाई सम्झाउनुभयो । येशू जीवित हुनुहुन्छ भन्ने खबर सुनाउन मरियम चेलाहरुतर्फ दगुरिन् । तिनले भनिन्, "मैले प्रभुलाई देखें ।" उहाँलाई क्रूसमा टाँगिसकेपछिको समयमा पहिलो पल्ट येशूलाई देख्ने मानिस मरियम थिइन् । क्रूसमा मारिनु भएको प्रभु, जीवित हुनुहुन्छ भन्ने सुखद

समाचार अरु मानिसहरुसम्म पु¥याउने पनि मरियम नै पहिलो थिइन् । त्यसरी नै हामीले रित्तो चिहानमा गएर विश्वासपूर्वक अरु मानिसहरुलाई भन्नु पर्दछ कि हाम्रो मुक्तिदाता, येशू जीवित हुनुहुन्छ ।

६. जब येशूले मरियमलाई नाम काढेर बोलाउनुभयो, तब तिनले येशू __________ हुनुहुन्छ भन्ने थाहा पाइन् ।

७. उहाँ चाँडै नै __________ जाँदै हुनुहुन्छ भनेर येशूले मरियमलाई सम्झाउनुभयो ।

८. मरियमले चेलाहरुलाई भनिन्, “मैले प्रभुलाई ________ ।”

९. उहाँ, क्रूसमा टाँगिए पछिको समयमा येशूलाई जीवित देख्ने __________ व्यक्ति मरियम थिइन् ।

१०. हामीले अरु मानिसहरुलाइ __________ पर्दछ कि हाम्रो __________ ,येशू जीवित हुनुहुन्छ ।

(आफ्ना उत्तरहरु पेज नं. ११० मा हेर्नुहोस्)

<u>येशू चेलाहरुकहाँ देखा पर्नुहुन्छ</u> - यूहन्ना २० : १९- २३ पढ्नुहोस् ।

येशू मरियम मग्दलिनीकहाँ आइतबार बिहान देखापर्नु भयो । त्यसै दिन बेलुका उहाँ चेलाहरुकहाँ देखापर्नु भयो । ताल्चा लगाएको घरभित्र बसेर तिनीहरु भेट गर्दै थिए किनकि येशूलाई पक्रेर क्रूसमा चढाए झैं यहूदीका मुख्य पूजाहारीहरुले तिनीहरुलाई पक्रेलान भनेर तिनीहरु डराएका थिए । घरको ढोकामा ताल्चा

लागेकै स्थितिमा, येशू तिनीहरु कहाँ देखापार्नु भयो । यो कसरी सम्भव भयो त ? हामीलाई थाहा छ कि येशू साँचो परमेश्वर र साँचो मानिस दुवै हुनुहुन्छ । मानिसको स्वरुपमा हो भने ढोका नखोलिकन र घरभित्र नपसिकन येशूको निम्ति देखा पर्नु असम्भव नै हुनेथियो । तर अब मृतकबाट पुनरुत्थान भएपछि येशू फेरि देखाउनु हुन्छ कि उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ । परमेश्वरको यही शक्तिले गर्दा उहाँ आफ्ना चेलाहरुसँग ताल्चा लागेको घरमा पनि भेट्न सक्नु हुन्छ । तथापि उहाँ क्रूसमा मर्ने येशूं उहाँ नै हुनुहुन्छ भन्ने देखाउनु हुन्छ । उहाँ आफ्ना हातमा कीलाहरुको डोब र कोखामा भालाको निसाना समेत तिनीहरुलाई देखाउनु हुन्छ । येशू साँचो परमेश्वर र साँचो मानिस दुवै हुनुहुन्छ ।

येशूले आफ्ना चेलाहरुसँग बोल्नु भएका दुइवटा विशेष प्रकारका वचनहरु छन् । पहिलो हो, “तिमीहरुलाई शान्ति !” यसमा चेलाहरु डराए । तर तिनीहरुसँग शान्ति छ भनेर येशू भन्नु हुन्छ । यो शान्ति, तथापि, सांसारिक दुःखबाट प्राप्त शान्ति भन्दा महान छ । हामीसँग पनि यो कुरा सत्य हुन आउँछ । त्यस्तो समय पनि हुन्छ, जसमा हामी डराउँछौ किनकि हामी अपराधी हौं । आज राती नै हामी मर्‍यौं भने के हुन्छ ? हामी स्वर्ग जान्छौं कि नर्क ? येशू हामीलाई उत्तर दिनुहुन्छ । हामीलाई हाम्रो सम्पूर्ण अपराधबाट मुक्ति दिन येशू क्रूसमा मारिनु भयो । हामीलाई धर्मी तुल्याउनको निम्ति येशू फेरि मृतकबाट बौरिनु भयो । येशूमाथि विश्वास राख्ने विश्वासी भएको कारणले परमेश्वरले हाम्रो अपराध देख्नु हुन्न । येशूले हाम्रो सम्पूर्ण पापको सजाय बोक्नु भएको मात्र परमेश्वरले देख्नु हुन्छ । त्यसकारण हामी परमेश्वरसँग शान्तिमा छौं ।

चेलाहरुलाई येशूले व्यक्त गर्नुभएको दोस्रो वचन पनि महत्वपूर्ण छ । उहाँले तिनीहरुलाई भन्नुभयो, “पवित्र आत्मा लेओ । जसका पापहरु तिमीहरु क्षमा गर्छौ, तिनीहरुलाई क्षमा हुन्छ, र जसका पाप तिमीहरु क्षमा गर्दैनौ, क्षमा हुनेछैन ।” विश्वासी भएकाले हामी अरुलाई क्षमा गर्न तयार र इच्छुक हुनु पर्दछ, जसले हाम्रो विरुद्ध अपराध गरेका छन् । जस्तो एउटा मण्डलीमा, हामी प्रार्थना सेवा गर्छौं, जसलाई पाप स्वीकार भनिन्छ । जब हामी परमेश्वर समक्ष हाम्रो पाप स्वीकार गर्दछौं, हाम्रो पाप क्षमा गरियो भनेर अगुवाले घोषणा गर्दछन् । त्यसकारण हामी परमेश्वरसँग शान्तिमा हुन्छौं ।

११. ताल्चा मारेको घरभित्र बसेर तिनीहरु भेट गर्दैथिए, किनकि मुख्य पूजाहारीहरुले तिनीहरुलाई पक्रेलान भनेर तिनीहरु __________ थिए ।

१२. येशू साँचो ________ र साँचा ________ दुवै हुनुहुन्छ ।

१३. येशू भन्नु हुन्छ, “ तिमीहरुलाई __________ !”

१४. येशूमाथि विश्वास राख्ने विश्वासी भएको कारणले परमेश्वरले हाम्रो पाप देख्नु __________ ।

१५. जब हामी परमेश्वर समक्ष पाप स्वीकार गर्दछौं, तब अगुवाले हाम्रो पाप __________ गरियो भनेर घोषणा गर्दछन् ।

(आफ्ना उत्तरहरु पेज नं. ११० मा हेर्नुहोस् )

<u>येशू थोमाकहाँ देखापर्नु हुन्छ</u> - यूहन्ना २०: २४ - २९ पढ्नुहोस् ।



पुनरुत्थान पछि येशू र थोमा ।

त्यो पहिलो आइतबारका दिन, जब येशू मृतकबाट जीवित भई उठ्नु भयो अनि सबै चेलाहरु सामुन्ने देखापर्नु भयो, त्यस बखत ती मध्येका एकजना चेला, दिदुमस भन्ने थोमा चाहिँ तिनीहरुसँग थिएनन् । येशू पुनर्जीवित हुनुभयो र तिनीहरु समक्ष देखापर्नु भयो भन्ने कुरामा थोमाले विश्वास गरेनन् । तिनले प्रमाण खोजे । तिनले येशूको हातमा र कोखामा घाउको निसाना हेर्न खोजे ।

एक हप्तापछि उहाँका चेलाहरु फेरि घरभित्रै भेला भएका थिए । यसपल्ट थोमा पनि तिनीहरुसँगै थिए । सबै चेलाहरु माझ येशू देखापर्नु भयो जब कि ढोका बन्द थियो अनि थोमातिर फर्केर क्रूसमा उहाँलाई टाँग्दाखेरि उहाँका हातमा ठोकिएका कीलाहरुको डोब र कोखामा सिपाहीको भालाले घोचेको निसाना देखाउनु भयो । अब चाहिँ थोमाले उहाँ नै वास्तविक येशू हुनुहुन्छ भन्ने विश्वास गरे । तब थोमाले उहाँलाई यसो भनेर आफ्नो दोष स्वीकार गरे, “मेरा प्रभु, र मेरा परमेश्वर !”

त्यसपछि येशूले तिनलाई भन्नुभयो, “तिमीले मलाई देखेको कारणले ममाथि विश्वास गरेका हौं ? धन्य हुन तिनीहरु, जसले मलाई देखेका छैनन्, र पनि विश्वास गर्छन् ।” यी वचन हामी प्रत्येकको लागि बोलिएको हो । तपाईले येशूलाई देख्नु भएको छ ? उत्तरमा तपाई भन्नुहुन्छ, “अहँ, मैले कहिल्यै येशूलाई देखेको छैन ।” हामीले उहाँलाई आमने-सामने देखेका छैनौ र उहाँका अनुहार, हात गोडा अथवा शरीर छोएका छैनौ भन्ने अर्थमा लिने हो भने यो कुरो साँचो हो । तर हामीले उहाँलाई विश्वासद्वारा देखेका छौं । हामीले उहाँलाई बेथलेहेम शहरमा जन्मनु भएको बालकको रुपमा देखेका छौं । उहाँलाई हामीले धेरै आश्चर्यकर्महरु गर्नु हुने व्यक्तिको रुपमा

देखेका छौं । स्वर्गको राज्य सम्बन्धी शिक्षा धेरै मानिसहरुलाई दिनुभएकोले हामी उहाँलाई देख्दछौं । हाम्रो पापको निम्ति उहाँ क्रूसमा मारिनु भएको हामीले देखेका छौं । हामीले येशूलाई हाम्रो जीवित मुक्तिदाताको रुपमा देखेका छौं । पवित्र बाइबलको माध्यमबाट पवित्र आत्माको शक्तिले हाम्रो हृदयमा पारेको प्रभावले गर्दा हामी येशूमाथि विश्वास गर्दछौं । हो, हामीले येशूलाई देखेका छौं र उहाँ हाम्रो मुक्तिदाता, परमेश्वरको पुत्र र मानिसको पुत्र हुनुहुन्छ भनी विश्वास गर्दछौं ।

मृत्युबाट पुनर्जीवित भएपछि येशू धेरै मानिस समक्ष देखा पर्नुभयो । उहाँले आफू जीवित उद्धारकर्ता हुनुहुन्छ भन्ने देखाउनु भयो । प्रेरित पावल १ कोरिन्थी अध्याय १५, पद ३ देखि ८ सम्म उनको प्रसिद्ध ख्रीष्टको पुनरुत्थानमा धेरै मानिसहरु बारे चर्चा गर्दछन् जसले येशू मृत्युबाट जीवित हुनु भएको देखेका थिए । प्रेरित पावल लेख्दछन्, “मैले जे पाए त्यसैलाई सबैभन्दा मुख्य विषयको रुपमा तिमीहरुलाई सुम्पिदिए, अर्थात् पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो । उहाँ गाडिनुभयो, र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो । उहाँ पत्रुसकहाँ, अनि बाह्र जनाकहाँ(प्रेरितहरु) देखा पर्नुभयो । त्यसपछि उहाँ एकै समयमा पाँच सयभन्दा बढी विश्वासीहरु कहाँ एकसाथ देखा पर्नुभयो, जसमध्ये धेरैजसो अहिलेसम्म छँदैछन्,(जब पावल जीवितै थिए) तर कोही-कोही सुतिसकेका छन् । त्यसपछि याकूब र सबै प्रेरितहरुकहाँ उहाँ देखा पर्नुभयो । सबै भन्दा अन्त्यमा असमयमा जन्मेको मानिसकहाँ जस्तो मकहाँ पनि उहाँ देखा पर्नुभयो ।” येशू गाडिनु भयो र मृत्युबाट पुनर्जीवित हुनु भएपछि उहाँलाई जीवित देख्नेहरु धेरै थिए ।

१६. येशू सबै चेलाहरु समक्ष एकपल्ट फेरि देखा पर्नु भयो अनि __________ तर्फ फर्कनुभयो ।

१७. येशूका हातहरु र कोखा देखेपछि थोमाले भने, "मेरा प्रभु र मेरा __________ ।"

१८. हामीले येशूलाई हाम्रा __________ मुक्तिदाताको रुपमा देखेका छौं ।

१९. हामीले येशूलाई देखेका छौं र उहाँ हाम्रो मुक्तिदाता, __________ पुत्र र __________ पुत्र हुनुहुन्छ भनी विश्वास गर्दछौं ।

२०. येशू मृत्युबाट फेरि जीवित हुनुभएपछि __________ मानिसहरु समक्ष देखापर्नु भयो ।

(आफ्ना उत्तरहरु पेज नं. ११० मा हेर्नुहोस्)

## अध्याय ६ को पुनरावलोकन

येशू पुनर्जीवित हुनुभयो । पापको विरुद्धमा जागृत भएको परमेश्वरको क्रोधलाई येशूको जीवन र मृत्युले सन्तुष्ट पाऱ्यो । येशू क्रूसमा मारिनु भएको र गाडिनु भएको शुक्रबार पछिको लगत्तै आइतबारका दिन एका बिहानै केही स्त्रीहरु चिहान गए, तर तिनीहरुले चिहान रित्तो भेटे । एक स्वर्गदूतले तिनीहरुलाई येशू चिहानमा हुनुहुन्छ तर जीवितै हुनुहुन्छ भन्ने खबर सुनाए । पछिबाट, चेलाद्वय, पत्रुस र यूहन्ना चिहानतर्फ दौडेर गए अनि

चिहानभित्र तिनले अघि येशूलाई बेह्रेका सूती कपडाहरु मात्र थिए ती बाहेक केही फेला पारेनन् । चिहान रित्तो थियो ।

त्यसकारण, मरियम मग्दलिनी चिहानमा फर्किन् । उनी येशूको शरीर कहाँ फेला पर्ला भनेर रुन थालिन । तिनले येशूलाई चिन्न सकिनन्, तर उहाँले “मरियम” भनेर बोलाउनु भएपछि येशू जीवित हुनु हुँदो रहेछ भनेर थाहा पाइन अनि चेलाहरुलाई खबर गर्न तिनी दगुरिन् ।

मृतकबाट जीवित भएपछि येशू धेरै मानिस समक्ष देखापर्नु भयो । उहाँ पुनर्जीवित हुनु भएको साँझ पख थोमा बाहेक अन्य चेलाहरु माझ देखापर्नु भयो । चेलाहरु डराए ।

तर तिनीहरुको डर शान्त पार्नु येशूले भन्नुभयो, “तिमीहरुलाई शान्ति !” एक हप्तापछि, यसपल्ट, येशू फेरि आफ्ना चेलाहरुमाझ प्रकट हुनुभयो, जुन बेला थोमा तिनीहरुसँगै थिए । थोमाले येशूको हातमा र कोखामा भएको घाउ हेर्न खोजे । जब तिनले घाउको निसाना देखे, तब उनले आफ्नो दोष येशू समक्ष स्वीकार गरे र भने, “मेरा प्रभु, र मेरा परमेश्वर !” येशूले हामीसँग “धन्य हुन् तिनीहरु जसले मलाई देखेका छैनन्, र पनि विश्वास गर्छन्” भनेर हामी सबैलाई सम्झाउनु हुन्छ । हामी बाइबलको वचनद्वारा येशूलाई देख्दछौं ।

**अध्याय ६ का प्रश्नहरुका उत्तरहरु :-**
१. हटाइएको, २. पुनर्जीवित, ३. यूहन्ना, ४. हुनुहुन्थेन, ५. रित्तो, ६. जीवित, ७. स्वर्ग, ८.देखें, ९. पहिलो, १०. बताउनु, मुक्तिदाता, ११. डराएका, १२. परमेश्वर, मानिस, १३. शान्ति, १४. हुन्न, १५. क्षमा, १६. थोमा, १७. परमेश्वर, १८. जीवित, १९. परमेश्वर, मानिस २०. धेरै ।

# अध्याय ६ को जाँच

१. एक स्वर्गदूतले स्त्रीलाई भने, “उहाँ यहाँ हुनुहुन्न । उहाँ ________ ____________ हुनुभयो ।”

२. येशू कहाँ हुनुहुन्थ्यो ? चिहान ___________ थियो ।

३. जब येशूले मरियमलाई नाम काढेर बोलाउनुभयो, तब तिनले थाहा पाइन कि येशू ___________ हुनुहुन्थ्यो ।

४. उहाँ चाँडै नै ___________ मा फर्कनु हुनेछ भनेर येशूले मरियमलाई सम्झाउनु भयो ।

५. हामीले अरु मानिसहरुलाई ___________ पर्छ कि हाम्रो ___________ , येशू जीवित हुनुहुन्छ ।

६. चेलाहरु ताल्चा मारेको घरभित्र भेला हुने गर्दथे किनभने तिनीहरु यहूदीका मूख्य पूजाहारीले पक्रने छन् भनेर ___________ थिए ।

७. येशू साँचो ___________ र साँचो ___________ दुवै हुनुहुन्छ ।

८. येशूका हातहरु र कोखा हेरिसकेपछि थोमाले भने, “मेरा प्रभु, र मेरा ___________ ।”

९. हामीले येशूलाई हाम्रो ___________ उद्धारकर्ताको रुपमा देखेका छौं ।

१०. येशू पुनर्जीवित हुनु भएपछि उहाँ
___________ मानिसहरु सामुन्ने प्रकट हुनु भयो ।

(आफ्ना उत्तरहरु पेज नं. ११९ मा हेर्नुहोस्)



# निस्कर्ष

**हाम्रो आशिषः किनभने यूहन्नाको सुसमाचारले हामीलाई येशू** परमेश्वरको पुत्र हुनुहुन्छ भनेर सिकाउँछ ।

हामी यूहनाको सुसमाचार अध्ययनको अन्त्यतिर पुगेका छौ, हाम्रो अध्ययनको समयमा हामीले धेरै पटक सिक्यौ कि येशू परमेश्वरको पुत्र हुनुहुन्छ । हामी यसलाई उहाँको "म हुँ" भन्ने शब्दबाट थाहा पाउछौ । हामीले उहाँले सिकाउनु भएका बचनहरु र उहाँले गर्नुभएका आश्चर्यकर्महरु द्वारा येशू परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने थाहा पायौ । बिषेश गरि उहाँको जन्म र मृत्युबाटको बौरीउठाईमा हामी उहाँको सर्वशक्तिशाली सामर्थ हामीलाई देखाइएको छ । र जुन येशूले पाी मानिसहरुको लागि गर्नुभयो त्यससित परमेश्वर पनि सन्तुष्ट हुनुहुन्छ ।

येशू परमेश्वरको पुत्र हुनुहुन्छ भन्नुको अर्थ हामी हरेकको लागि के हो ? भन्ने हामी थाहा पाउन चाहान्छौ ।

हामी क्षमा दिइएका छौः यूहन्ना को २१ अध्याय पढनुहोस । यूहन्नाको यो अन्तिम अध्यायमा येशूले प्रेरित पत्रुसलाई कसरी क्षमा दिनुभयो भन्ने हामीलाई बताइएको छ । पत्रुसले जब येशूलाई

चिन्न तीनपटक अस्वीकार गरे, उनले पाप गरे । (यूहन्ना १८:१५-१८ र यूहन्ना १८:२५-२६) ।

येशूले पत्रुसलाई सोध्नुभयो कि तिनी उहाँलाई प्रेम गर्छन ? येशूले पत्रुसका पापहरु क्षमा गर्नुभयो । र उनलाई भेडाहरुलाई खुवाउन भन्नुभयो । यसको अर्थ उहाँका मानिसहरलाई सिमाउनु हो । जसरी येशूले पत्रुसका पापहरुलाई क्षमा दिनुभयो त्यसैगरि उहाँले हाम्रा सबै पापहरुलाई क्षमा गर्नुहुन्छ । कूसमा बगाइएको येशूको रगतले हामीलाई हाम्रा सबै पापहरुबाट शुद्ध गर्दछ ।

हामीले स्वर्गको बाटो थाहा पाउँदछौं: (यूहन्ना १४:१-६ पढनुहोस) । हामीले यि बचनहरु इो पुस्तकमा पढयौ, येशूमात्र स्वर्गको बाटो हुनुहुन्छ भनेर उहाँले हामलाई भन्नुभयो । हामी आशिषित भएका छौं किनभने जब हामी यस संसारलाई छोड्छौ, उहाँले हामीलाई स्वर्ग कसरी जाने सो देखाउनुहुन्छ । हाम्रो उद्धारकर्ता जो परमेश्वरको पुत्र हनहन्छ हामी बाच्नसकौ भनेर मर्नुभयो, उहाँमा बिश्वासद्वारा स्वर्गको बाटो प्राप्त गर्दछौं ।

हामीसंग परमेश्वरको आनन्द छ: यूहन्ना १४:२३-२८ पढनुहोस । येशू पत्रुसलाई जस्तै हामीलई पनि सोध्नुहुन्छ कि के हामी उहाँलाई प्रेम गदर्छौ ? परमेश्वरको सन्तानको रुपमा हामी येशूलाई प्रेम गर्दछौ र उहाँलाई सेवा गर्न चाहान्छौं ।

येशुले हामीलाई सिकाउनु भएको सबैकुरा बुझ्नको लागि हामीलाई सहायता गर्न पवित्रआत्मा पठाउनुहुन्छ । पद २७ मा सिकाइएको शिक्षा हामी अहिले परमेश्वर संग शान्तिमा छौ भन्ने आशिष हो । परमेश्वर अब हामीलाई दण्ड दिन चाहानुहुन्न् । किनभने हाम्रा सबै पापहरुको लागि येशूलाई कूशमा दण्ड भोग्न

लगाउनुभयो । हामीसंग संसारमा पाईने कुनैपनि शान्ति भन्दा धेरै महान शान्ति छ ।

हामी परमेश्वरलाई र अरु मानिसहरुलाई माया गर्छौः ( यूहन्ना १५१-१७ पढनुहोस) यि पदहरुमा येशू दाखको बोट हुनुहुन्छ र हामी हाँगाहरु हौं भन्ने सिकाउनु हुन्छ । यदि हामी येशूमा रहिरहयौ भने उहाँले परमेश्वरलाई प्रेम गर्न र अरु मानिसलाई सेवा गरेर हाम्रो प्रेम देखाउन हामीलाई सहायता गर्नुहुन्छ । जसरी हाँगाले फल फलाउँछ, येशूमा भएको हाम्रो सम्बन्धले जो हाम्रो जीवनका अशहरु हुन तिनीहरुलाई तिनीहरुलाई प्रेम गरेर तथा सेवा गरेर हामीलाई सेवाको इसाईजीवन जीउन लगाउछ ।

हामीसित अनन्त जीवनको आशिष छः अब हामी यूहन्नाको सुसमाचारमा पाईने सबैभन्दा सुन्दर बचनहरुमा आईपुगेका छौ । येशूले गर्नुभएका अरु धेरै आश्चर्यकर्महरुको बारेमा यूहन्नाले लेख्न सक्थे । तर हामीले यो पुस्तकमा अध्ययन गरेका बचनहरु लेख्ने महत्वपुर्ण उद्धेश्य यूहन्ना सित थियो । "**येशूख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने** तिमीहरुले बिश्वास गर्नसक भन्ने उद्धेश्यले यि **लेखिएका हुन** ।" धन्यबाद परमेश्वर, उनले तपाईहरुलाई येशूमा बिश्वास गर्न बोलाउनुभयो । उहाँले तपाईको जीवनको अन्त्यसम्म त्यही बिश्वासमा राख्नुभएको होस भनि प्रार्थना गर्दछौ । तब परमेश्वरको अन्तिम आशिष तपाईलाई स्वर्गमा दिईने छ । यूहन्नाले हामीलाई भन्दछन, यदि तिमीईहरु यसमा बिश्वास गर्छौ भने, तिमीहरुसित जीवन हुने छ किनकी तिमीहरुले उहाँमा बिश्वास गरयौ । जब पवित्रआत्माले तपाईलाई येशूमा बिश्वासमा ल्याउनुभयो, उहाँले तपाईको आत्मालाई जीवन दिनुभयो जो पापमा मरेका थियो । जब तपाई यो संसारमा जीवनको अन्त्यमा

आउनुहुन्छ, परमेश्वरको पुत्र येशू तपाईको मुक्तिदाता हुनुहुन्छ भनेर जसले बिश्वास गर्दछ, तपाई सदासर्वदाको लागि स्वर्गिय घरमा रहनुहुनेछ ।

# शब्दावली

| | |
|---|---|
| विवाद | असमझदारी, झगडा |
| दण्डीत | दण्डको योग्य ठहराउनु, दण्ड दिनु |
| अलमल | कुनैकुरा बुझ्न कठिनाई हुनु |
| सताउनु | दु:ख दिनु |
| प्रतिस्थापक | सट्टाभर्ना, साटोमा |
| चिहान | लास गाडने ठाउँ |
| बलीदान | तिनीहरुको आवश्यकता पुरा गर्नको लागी कुनैकुरा चढाउनु । |
| पुनरुत्थान | फेरी जीवित हुनु, बिउतनु |
| मशिह | संसारको उद्धारकर्ता येशू |

# ८ अध्याय जाँचका उत्तरहरु

**अध्याय एक:**

१. बोलाइएको २.येशू ३. बप्तिस्मा ४. होईन ५. प्रेम गरिएको ६. मरीयम ७. तीन ८. प्रकाश ९. सिद्ध, कूश १०. पवित्रआत्मा ११. बिश्वास, परमेश्वरको पुत्र

**अध्याय दुई**

१. सत्य, परमेश्वर २. सन्तान ३. पापहरु ४. सिद्ध ५. उपहार ६. एकमात्र ७. आत्मिकी ८. अनन्त

**अध्याय तीन**

१. पहिलो २. बाह्र ३. सहायता ४. हिडनु, डर ५. येशू सहायता ६. निको पार्नु ७. शक्ति, पुत्र, परमेश्वर ८. सर्वशक्तिमान ९. येशू १०. लाजरथ ११. पुनरुत्थान, जीवन

**अध्याय चार**


१. एकमात्र, स्वर्ग २. बाइबल ३. सक्दैन ४. पवित्रआत्मा ५. सधैं ६. सत्य, मानिस ७. जीवन ८. आदर महिमा ९. सिद्ध १०. स्वर्ग

**अध्याय पाँच**

१. यहूदा स्कारयोती २. अलग जानु ३. मर्नु, परमेश्वरको पुत्र ४. पन्तियस पिलातुस ५. संसार ६. बिश्वासीहरु ७. परमेश्वरको पुत्र, निर्दोष ८. बुवाहरु, आमाहरु ९. समाप्त भयो १०. निकोदेमस

**अध्याय छ**

१.बौरी उठनुभएको २. रित्तो ३. जीवित ४. स्वर्ग ५. भन्नु, उद्धारकर्ता ६. डराउनु ७. परमेश्वर, मानिस ८. परमेश्वर ९. जीवित १०. धेरै


नक्सा
यूहन्नाको सुसमाचारमा येशूको सेवकाई
भुमध्यसागर
MILES
5 10 15 20 25 30
8 16 24 32 40 48
KILOMETERS
कर्फनहुम
५००० लाई खुवाउनु भएको
पानीमा हिडनुभएको
गालीको समन्द्र
काना
नासरथ
सुखार
सामरिया
बप्तिस्मा दिने यूहन्ना
यर्दन नदी
अरमिथिया
एप्राइम
यरुशलेम
बेथानीया
बेथलेहम
यहुदिया
N
W
E
S

## ७ अन्तिम जाँच

एकपटक अध्यायका जाँचहरुलाई हेर्नुहोस र तपाईले कुनै गल्ती गर्नुभएको छ भने सच्याउनुहोस । प्रत्येक पाठको सुरुमा ताराले संकेत गरेको लक्ष्यहरु पनि हेर्नुहोस । जब तपाई सबै पाठहरुको लक्ष्य के हो भन्ने जानीसक्नुहुन्छ । अब तपाई अन्तिम जाँचको लागि तयार हुनुहुन्छ ।

पुस्तक नहेरीकनै यो जाँचलाई पुरा गर्नुहोस । यो जाँचपुरा गरिसकेपछि तपाईलाई पुस्तक दिने व्यक्तिलाई वा यस पुस्तकको पछाडी लेखिएको ठेगानामा पठाउनुहोस । तपाइले यस अध्ययन श्रृखलाका अरु पुस्तकहरु मगाएर पढनसक्नु हुनेछ ।

| १२ | यूहन्नाको सुसमाचार<br>अन्तिम जाँच |
|---|---|

१. प्रेरित त्यो व्यक्ति हो जसलाई येशूले विशेष गरेर __________ गर्नु भएको थियो ।

२. यूहन्ना, जसले यो सुसमाचार लेखे, र बप्तिस्मा-दिने यूहन्ना एउटै/एकैजना __________ ।

३. यूहन्नाले हामीलाई बताउँदछ्न कि येशू हाम्रा मुक्तिदाता हुनुहुन्छ, जसले हाम्रो स्थान लिनुभयो, अनि __________ जीवन बाचेर अनि हाम्रो पापको निम्ति __________ मा मृत्यु वरण गरेर हामीलाई पापबाट मुक्ति दिनुभयो ।

४. यूहना चाहन्थे कि उनको सुसमाचार पढ्ने मानिसहरुले येशू ________ __________ __________ हुनुहुन्छ भनी __________ गरुन् ।

५. येशू हामीलाई बताउनु हुन्छ कि जसले उहाँमाथि विश्वास गर्दछ र उहाँलाई पछयाउँदछ, त्यो परमेश्वरको __________ हुनेछ ।

६. येशूले क्रूसमा बगाउनु भएको रगतले संसारका मानिसहरुको__________ हटाइदिन्छ ।

७. विश्वास परमेश्वरको __________ हो ।

८. येशूमाथिको विश्वास अनि उहाँले हाम्रो लागि जे गर्नु भएको छ, त्यो नै स्वर्गको __________ बाटो हो ।

९. हामी पापमा मरेका बेला हामीलाई __________ जीवन दिने येशू नै हुनुहुन्छ ।

१०. येशूले हामीलाई स्वर्गमा __________ जीवनसमेत प्रदान गर्नुहुन्छ ।

११. जब हाम्रो जीवनमा संकष्ट आई लाग्दछ, हामी __________ तर्फ फर्कनु पर्दछ अनि उहाँको __________ को लागि प्रार्थना गर्नुपर्दछ ।

१२. येशूले मार्थालाई भन्नुभयो, " __________ र __________ म नै हुँ ।"

१३. येश __________ स्वर्गको बाटो हुनुहुन्छ ।

१४. __________ मा हामी परमेश्वरको मुक्तिको योजना बारे सिक्दछौं ।

१५. येशूले हामीसँग प्रतिज्ञा गर्नुहुन्छ, "हेर म युगको अन्त्यसम्म __________ तिमीहरुका साथमा छु ।"

१६. येशू __________ परमेश्वर मात्र हुनुहुन्न, तर उहाँ साँचो __________ पनि हुनुहुन्छ ।

१७. येशू हामी उहाँसँगै __________ मा भएको चाहनु हुन्छ र हामीले स्वर्गमा उहाँको महिमा देख्न सकूँ भनेर प्रार्थना गर्नु हुन्छ ।

१८. कैयाफाको न्यायलयमा नै येशूलाई __________ दिने निर्णय भएको थियो किनकि उहाँले आफू __________ __________ हुँ भन्नुभयो ।

१९. जब पन्तियस पिलातसले येशूलाई "के तिमी राजा नै हौ त ?" भनेर सोधें, तब येशूले जवाफ दिनुभयो, "मेरो राज्य यो __________ को होइन ।"

२०. येशूको राज्य __________ ले बनेको छ ।

२१. परमेश्वर पिताले येशूलाई यस संसारमा जुन कामका लागि पठाउनु भयो त्यो काम उहाँले __________ गर्नुभयो ।

२२. एक स्वर्गदूतले स्त्रीलाई भने, "उहाँ यहाँ हुनुहुन्न । उहाँ __________ हुनुभयो ।"

२३. हामीले अरु मानिसहरुलाई __________ पर्छ कि हाम्रो __________ , येशू जीवित हुनुहुन्छ ।

२४. येशूका हातहरु र कोखा हेरिसकेपछि थोमाले भने, "मेरा प्रभु, र मेरा __________ ।"

२५. हामीले येशूलाई हाम्रो __________ उद्धारकर्ताको रुपमा देखेका छौं ।

तपाईंको नामः ..........................................................

ठेगानाः.................................................................

................................................................... ।

यस पुस्तकको बारेमा तपाईंको प्रतिक्रिया दिनुहोस ।

....................................................................

....................................................................

....................................................................

....................................................................

....................................................................

....................................................................

....................................................................

....................................................................

....................................................................

....................................................................

................................................................... ।

Multi-Language Productions
Bringing the Word to the World

**The Gospel of John-Nepali**
**Bible Teachings Series**
**MLP Catalog Number: 385115**